# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक ४८ बुधबार, २५ चैत २०८२ | SOURYA NATIONAL DAILY | Wednesday, 8 April 2026 पृष्ठ : ८ मूल्य रु. ५


मध्यपूर्व युद्धले नेपालमा तनाव

# इन्धन संकट समाधानको विकल्प खोज्दै सरकार

## पेट्रोलियमको भन्सार शुल्क र पूर्वाधार करमा आधा छुट दिने निर्णय, यातायातमा जोरबिजोरको तयारी, 'वर्क फ्रम होम'का लागि आग्रह

■ केशव भट्ट

काठमाडौँ । मध्यपूर्व युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको भारी वृद्धि र आपूर्ति प्रणालीमा आएको समस्याका कारण सर्वसाधारण मारमा पर्ने अवस्था आएपछि सरकारले विभिन्न उपाय अपनाउन थालेको छ । विश्व बजारमा कच्चा तेलको मूल्यमा उच्च वृद्धि भएपछि अर्थतन्त्रमा संकट आउनुका साथै उपभोक्ता मूल्यमा चर्को वृद्धि भएपछि सरकारले विभिन्न कदम चालेको हो । ऊर्जा संकटका कारण उद्योगधन्दा, विकास निर्माणदेखि सर्वसाधारणको भान्सासम्म प्रभावित भएको छ । एकातर्फ आपूर्ति अहसज हुँदा बजारमा इन्धनको अभाव छ भने अर्कातर्फ मूल्यवृद्धि हुँदा सबै वस्तुको भाउ अकासिएको छ ।

इरान र अमेरिका-इजरायलबीच जारी युद्धका कारण ऊर्जा संकट चुलिएपछि नेपाली आमउपभोक्ता प्रभावित नहोऊन् भनेर सरकारले विभिन्न विकल्प अघि सारेको छ । आपूर्ति शृंखला नै बिग्रिन थालेसँगै सबैभन्दा पहिले आधा सिलिन्डर ग्यास बिक्रीवितरणको व्यवस्था गरेको सरकारले क्रमशः सातामा २ दिन सार्वजनिक बिदा, विशिष्ट पदाधिकारी तथा कर्मचारीले पाउने इन्धन सुविधा कटौती, पेट्रोलियम गाडीलाई इभीमा रूपान्तरण र पेट्रोलियम पदार्थमा लाग्ने भन्सार महसुल र पूर्वाधार करमा छुट दिने निर्णय गरेको छ ।

### पेट्रोलियमको भन्सार शुल्क र पूर्वाधार करमा आधा छुट

मंगलबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले पेट्रोलियम आपूर्ति शृंखला नियमित राख्न पेट्रोलियम पदार्थमा लाग्दै आएको भन्सार शुल्कमा ५० प्रतिशत र पूर्वाधार करमा पनि ५० प्रतिशत छुट दिने निर्णय गरेको छ । नेपाल आयल निगमका अनुसार अहिले पेट्रोलमा प्रतिलिटर २५ रुपैयाँ भन्सार शुल्क लाग्छ भने १० रुपैयाँ पूर्वाधार कर लाग्दै आएको छ । मंगलबारको निर्णयपछि पेट्रोलमा प्रतिलिटर २५ रुपैयाँ भन्सार र ५ रुपैयाँमात्रै पूर्वाधार कर लाग्नेछ । यस्तै, यसअघि प्रतिलिटर १२ रुपैयाँ भन्सार शुल्क लाग्दै आएको डिजेलमा अब ६ रुपैयाँ मात्रै लाग्नेछ । त्यस्तै, पूर्वाधार कर पनि ५ रुपैयाँ कायम हुनेछ । यससँगै पेट्रोलमा पूर्वाधार कर ५ रुपैयाँ र भन्सार शुल्क १२ रुपैयाँ गरी १७ रुपैयाँ घट्नेछ भने डिजेलमा ११ रुपैयाँ कर घट्नेछ । ग्यासमा प्रतिसिलिन्डर ९० रुपैयाँबाट घटेर ४५ रुपैयाँ आयात कर कायम हुनेछ । हाल १ लिटर पेट्रोल खरिद गर्दा भन्सार शुल्क, सडक मर्मत शुल्क, प्रदूषण शुल्क, पूर्वाधार कर र मूल्य अभिवृद्धि कर गरी ६६.९८ रुपैयाँ राज्यले लिँदै आएको छ । ▸▸▸ बाँकी पृष्ठ ६



### ■ सरकारी पदाधिकारी तथा कर्मचारीको इन्धन सुविधा कटौती

अर्थ मन्त्रालयले इन्धन संकटबाट अर्थतन्त्र जोगाउन सरकारी कर्मचारी तथा पदाधिकारीले पाउँदै आएको इन्धन सुविधामा व्यापक कटौती गरेको छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यो निर्णय गरेका हुन् । मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० र २४ ले दिएको अधिकार प्रयोग गरी 'कार्यसञ्चालन निर्देशिका, २०८१' को बुँदा-४९ मा रहेका इन्धनसम्बन्धी व्यवस्थाहरू संशोधन गरेको हो । संशोधनपछि १२५ लिटर इन्धन पाउँदै आएका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीले अब ७० लिटर मात्रै पाउनेछन् । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ विकल्पमा जोरबिजोर प्रणाली, 'वर्क फ्रम होम' गर्न आग्रह

इन्धन आपूर्तिमा देखिएको समस्यालाई मध्यनजर गर्दै सरकारले सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गर्न सकिने विकल्पमा छलफल अघि बढाएको छ । बैठकका निर्णय जानकारी गराउँदै सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले इन्धन बचतका लागि सरकारले आवश्यक परेको अवस्थामा जोरबिजोर लागू गर्ने सक्ने बताइन् । उनले भनिन्, 'संकटको अवस्थामा इन्धन बचत गर्न सरकारले सबैलाई आह्वान गरेको छ । थोक बिक्री नियन्त्रण र उच्च पदस्थको इन्धन कटौती गरिसकेको छ । आवश्यक परे जोरबिजोर प्रणाली लागू गर्नेछ । जनतासँग 'वर्क फ्रम होम' र विद्युतीय साधनको प्रयोग बढाउन सरकार आह्वान गर्दछ ।'

# १७ देशमा कूटनीतिक उपस्थिति कमजोर, नयाँ नियुक्तिमा छैन सुरसार

■ विक्रम रत्न




काठमाडौँ । गत आइतबार बसेको मन्त्रिपरिषद् बैठकले ६ देशमा कार्यरत राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गऱ्यो । सरकारको यो निर्णयसँगै १७ देशमा राजदूत खाली हुने अवस्था बनेको छ । विगतकै सरकारले फिर्ता गरेका अन्य ११ देशका राजदूतहरू नियुक्त भइनसकेको अवस्थामा थप देशका राजदूत फिर्ता हुँदा अन्य देशमा नेपालको कूटनीतिक उपस्थिति फितलो बन्ने भएको छ । सरकार बदलिनासाथ राजदूत फिर्ता र नयाँ नियुक्त गर्ने परम्परागत संस्कृतिलाई नयाँ सरकारले पनि निरन्तरता दिएको छ ।

यद्यपि, विशेष परिस्थितिमा देश मध्यावधि निर्वाचनमा जानु र निर्वाचनबाट अत्यधिक मतसाथ नयाँ पार्टीले एकल सरकार बन्नुको राजनीतिक सन्देशलाई ध्यान दिन रास्वपा र ऊ नेतृत्वको सरकारले राजदूतहरूलाई आग्रह गरेका थिए । राजदूतलगायत राजनीतिक भागबन्डामा नियुक्ति लिएकाहरूलाई मार्गप्रशस्त गर्न रास्वपाले औपचारिक रूपमै आग्रह गरेको थियो । सरकारले पनि परराष्ट्र मन्त्रालयमार्फत् राजदूतहरूलाई सो सन्देश दिएको थियो । तर, विगतमा राजनीतिक संलग्नताकै आधारमा नियुक्ति पाएका राजदूतहरूले स्वःस्फूर्त पद त्याग गर्न नचाहेपछि सरकारले बाध्य भएर उनीहरूलाई फिर्ता बोलाउने निर्णय गर्नुपरेको हो । सरकारको निर्णय सोमबार नै सम्बन्धित राजदूतहरूलाई पठाइसकिएको छ ।

### कहाँ–कहाँ खाली भए राजदूत ?

सरकारको निर्णयअनुसार भारतबाट नेपाली राजदूत डा. शंकरप्रसाद शर्मा, अस्ट्रेलियाबाट राजदूत चित्रलेखा यादव, श्रीलंकाबाट डा. पूर्णबहादुर नेपाली र दक्षिण कोरियाबाट डा. शिवमाया तुम्बाहाङ्फेलाई फिर्ता बोलाइएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ कहिले होला नयाँ नियुक्ति ?

परराष्ट्र मन्त्रालयले राजदूतको अनुपस्थितिमा कर्मचारीकै तहबाट कार्यवाहकको जिम्मेवारी दिएर काम सञ्चालन गर्ने स्पष्ट पारेको छ । यद्यपि, नयाँ राजदूतहरूको नियुक्ति कहिले र कुन प्रक्रियाबाट होला भन्ने आमचासो छ । गत १३ चैतमा बनेको यो सरकारले हरेक क्षेत्रमा तीव्र गतिमा काम अगाडि बढाइरहेको सन्दर्भमा स्वाभाविक रूपमा यो महत्वपूर्ण विषयमा पनि ढिलाइ नगर्ला भन्ने आमअपेक्षा छ । सरकारी अधिकारीहरूले पनि सरकारले चाँडै नियुक्ति प्रक्रिया अगाडि बढाउने विश्वास व्यक्त गरेका छन् ।

राजदूत नियुक्तिसम्बन्धी निर्देशिका २०७५ अनुसार राजदूतको पद रिक्त हुनुभन्दा ३ महिनाअघि नै नियुक्ति प्रक्रिया अघि बढाउनुपर्ने उल्लेख छ । तर, सरकारको अस्थिरताका कारण निर्देशिकाको सो व्यवस्थाअनुसार नियुक्ति प्रक्रिया अघि बढेको छैन । राजदूत नियुक्तिका लागि मन्त्रिपरिषद्ले निर्णय गरेर राष्ट्रपतिसमक्ष सिफारिस गरिन्छ । राष्ट्रपतिले नियुक्त गर्नुपूर्व संसदीय सुनुवाइ समितिले अनुमोदन गर्नुपर्छ । संसदीय सुनुवाइपछि सम्बन्धित देशसँग सहमति माग गरेर मात्रै राष्ट्रपतिले नियुक्त गर्ने प्रचलन छ । राजदूत नियुक्तिमा समान्यतया ५० प्रतिशत परराष्ट्र सेवा र ५० प्रतिशत राजनीतिक व्यक्तिबाट नियुक्त गर्ने गरिएको छ । यसरी हेर्दा, हाल नयाँ प्रतिनिधिसभा आएसँगै संसदीय समिति बनेको छैन । ▸▸▸ बाँकी पृष्ठ ६

# निजी मिडियामा सरकारी विज्ञापन रोक्ने निर्णयमा कारण देखाऊ आदेश

## ■ अन्तरिम आदेशका लागि दुवै पक्षलाई बोलाइयो छलफलमा

■ सौर्य समाचार




काठमाडौँ । सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले कारण देखाउ आदेश दिएको छ । मंगलबार सर्वोच्चका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले प्रारम्भिक सुनुवाइपछि सरकारका नाममा बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जबाफ पेस गर्न आदेश दिँदै अन्तरिम आदेशको सम्बन्धमा छलफल गर्न दुवै पक्षलाई ३० चैतमा बोलाएको हो । नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन दायर गरेका थिए ।

मंगलबार भएको बहसमा नेपाल बार एसोसिएसनका अध्यक्ष डा. विजयप्रसाद मिश्र, महासचिव केदार कोइराला, वरिष्ठ अधिवक्ता ललितबहादुर बस्नेत तथा अधिवक्ताहरू अनन्तराज लुइँटेल, विकास भट्टराई, कीर्तिनाथ शर्मा पौडेल, प्रतिभा उप्रेती, विशाल थापा, भक्तिराम घिमिरेलगायतले सरकारको निरकुंश रबैयाउपर अन्तरिम आदेशमार्फत् रोक लगाउन आग्रह गरेका थिए । उनीहरूले स्थानीय सरकारको कार्यकारी अधिकारमाथि समेत केन्द्रीय सरकारले हस्तक्षेप गरी संघीयताविरोधी कार्य गरेकाले रोक्न माग गरेका थिए । विभिन्न राष्ट्रिय दैनिकलगायत प्रमुख सञ्चारमाध्यमका प्रकाशकहरूको छाता संस्था नेपाल मिडिया सोसाइटीले अधिवक्ता लुइँटेलमार्फत् सरकारको निर्णयलाई सर्वोच्चमा चुनौती दिएको हो । ▸▸▸ बाँकी पृष्ठ ६

# आगामी साता संसद् अधिवेशन अन्त्य गर्ने तयारी



■ सौर्य समाचार

काठमाडौँ । सरकारले संघीय संसद्को चालु अधिवेशन १ साताभित्र अन्त्य गर्ने तयारी गरेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि सरकारले बढीमा १ साताभित्रमा चालु अधिवेशन अन्त्य गर्ने तयारी गरेको हो । संसद्को पहिलो अधिवेशन १९ चैतमा सुरु भएको थियो । आगामी १५ जेठमा बजेट ल्याउनुपर्ने संवैधानिक प्रावधान छ । बजेट पेस गर्नु १५ दिनअघि बजेटका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा छलफल गर्नुपर्ने कानुनी व्यवस्था छ । चालु अधिवेशन अन्त्य गरेर बजेट अधिवेशन बोलाउनुपर्ने दबाबमा रहेको सरकारले साता दिनभित्रै अधिवेशन अन्त्यको तयारी गरेको हो । प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले आगामी नीति तथा कार्यक्रममा समेट्नुपर्ने विषयमा प्रदेशगत रूपमा सांसदहरूसँग छलफल गरिरहेका छन् भने अर्थ मन्त्रालयले पनि बजेट लेखन समिति बनाएर काम सुरु गरिसकेको छ । चालु अधिवेशन अन्त्य गर्न लागेसँगै यस अधिवेशनमा विधेयक निर्माणले प्राथमिकता नपाउने देखिएको छ ।

### धमाधम विधेयक मस्यौदा गर्दै मन्त्रालय

जनतालाई डेलिभरी दिने सन्दर्भमा संरचनागत तथा कानुनी जटिलता फुकाउन मन्त्रालयहरूले तयारी गरिरहेका छन् । प्रधानमन्त्री बालेनको निर्देशनमा मन्त्रीहरू मन्त्रालयगत विधेयकको तयारीमा जुटेका हुन् । यसका लागि उनीहरूले कर्मचारी संयन्त्रमार्फत् काम सुरु गरिसकेका छन् । पब्लिक डेलिभरीको सवालमा मन्त्रालयपिच्छे निर्णय तथा विभिन्न निर्देशनहरू दिइरहेको सन्दर्भमा कानुनी सुधारको काम भने आगामी अधिवेशनमै अघि बढ्ने अवस्था देखिएको सत्तारुढ दलका सांसदहरूले बताएका छन् । मंगलबार (हिजो) सम्ममा प्रतिनिधिसभाका ४ वटा बैठक बसेको भएपनि सरकारले महत्वका साथ प्राथमिकता दिएका विधेयकहरु नै टेबुल भएका छैनन् । मंगलबारको बैठकमा प्रतिनिधिसभाका सचिव हर्कराज राईले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना तथा सञ्चालन) विधेयक, २०८१, पर्यटन विधेयक, २०८१ र चलचित्र विधेयक, २०८१ सम्बन्धी सन्देश विधेयक टेबुल गरे । सरकारले स्वीकृत गरेको १०० कार्यसूचीमा ३० दिनभित्र राष्ट्रिय सदाचार नीति जारी गर्ने तथा सम्बन्धित कानुन तर्जुमा तथा संशोधन प्रक्रिया अघि बढाउने उल्लेख छ । त्यस्तै, सार्वजनिक खरिद ऐनलाई ३० दिनभित्र संशोधन गरी खरिद प्रक्रियालाई पूर्णतः डिजिटल, पारदर्शी तथा ट्र्याकिङयोग्य बनाउने तथा प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने, ६० दिनभित्र परियोजना सहजीकरणसम्बन्धी छाता कानुन मस्यौदा गर्ने र संघीय निजामती सेवा विधेयक ४५ दिनभित्र तर्जुमा गर्नेलगायत विषय कार्यसूचीमा छन् ।

### ■ राष्ट्रियसभा उपाध्यक्ष भण्डारीले सम्हालिन् कार्यभार



राष्ट्रियसभाकी नवनिर्वाचित उपाध्यक्ष लीला भण्डारीले कार्यभार सम्हालेकी छिन् । उनी सोमबारको राष्ट्रियसभा बैठकबाट उपाध्यक्ष सर्वसम्मत निर्वाचित भएको घोषणा भएको थियो । मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसमक्ष पद तथा गोपनीयताको शपथ लिएसँगै उनले सिंहदरबारस्थित कार्यकक्ष पुगेर कार्यभार सम्हालेकी हुन् । उनी एमालेको तर्फबाट राष्ट्रियसभामा निर्वाचित भएकी हुन् ।

#### ४ समितिले पाए सभापति

राष्ट्रियसभाका ४ समितिले सभापति पाएका छन् । मंगलबार बसेको सम्बन्धित समितिको बैठकले समिति सभापति निर्विरोध भएको घोषणा गरेका हुन् । राष्ट्रियसभा उपाध्यक्ष र ४ समिति सभापतिमा कांग्रेस, एमाले, नेकपा र जसपा नेपालबीच भागबन्डा भएको थियो । सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति सभापतिमा पूजा चौधरी, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति सभापतिमा जयन्तीदेवी राई, विकास, आर्थिक मामिला तथा सुशासन समिति सभापतिमा कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समिति सभापतिमा कृष्णबहादुर रोकाया निर्वाचित भएका छन् । ती पदहरू गत २० फागुनदेखि रिक्त थिए ।

# गभर्नर नियुक्तिमा कर्नरमा पारिएका भट्ट योजना आयोगको उपाध्यक्ष



■ सौर्य समाचार

काठमाडौँ । नेपाल राष्ट्र बैंकको १८औँ गभर्नर छान्ने प्रक्रियामा चरम राजनीतिक चलखेलको सिकार बनेका डा. गुणाकर भट्ट राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा नियुक्त भएका छन् । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले भट्टलाई आयोगको उपाध्यक्ष बनाएको हो । अब भट्टको काँधमा देशको समग्र विकासको खाका कोर्ने जिम्मेवारी आएको छ । मौद्रिक नीतिमा विज्ञता हासिल गरेका भट्टले अब वित्त नीति र विकास नीतिबीचको खाडल पुर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । राष्ट्र बैंकमा २५ वर्ष बिताएका डा. भट्ट स्वच्छ छविका मौद्रिक अर्थशास्त्रका विज्ञ हुन् । ▸▸▸ बाँकी पृष्ठ ६

### ■ राष्ट्र बैंकको डेपुटी गभर्नरमा पण्डित



सरकारले राष्ट्र बैंकको रिक्त डेपुटी गभर्नर पदमा कार्यकारी निर्देशक किरण पण्डितलाई नियुक्त गरेको छ । पण्डितलाई आगामी ५ वर्षको कार्यकालका लागि डेपुटी गभर्नर नियुक्त गरिएको हो । पण्डितले यसअघि बैंक सुपरीवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वित्तीय समावेशिता र उपभोक्ता संरक्षण डिभिजनका साथै भुक्तानी प्रणाली विभागको प्रमुखका रूपमा काम गरिसकेका छन् । कार्यकारी निर्देशक बन्नुअघि उनी लामो समय नियमन विभागकै निर्देशकका रूपमा समेत काम गरेका थिए ।

पण्डित हाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागमा कार्यकारी निर्देशक हुन् । २०६२ सालमा राष्ट्र बैंकमा सेवा प्रवेश गरेको २० वर्षमै उनी डेपुटी गभर्नर बन्न सफल भएका हुन् । पण्डित वित्तीय क्षेत्रको नियमनका लागि अब्बल मानिन्छन् । गत फागुन २४ गते तत्कालीन डेपुटी गभर्नरद्वय डा. नीलम ढुंगाना र बमबहादुर मिश्रको कार्यकाल सकिएसँगै राष्ट्र बैंकमा २ विशिष्ट पद रिक्त थियो । नेपाल राष्ट्र बैंक ऐनअनुसार गभर्नर डा. विश्वनाथ पौडेलले रिक्त २ पदका लागि ४ जना कार्यकारी निर्देशकको नाम सरकारसमक्ष सिफारिस गरेका थिए ।

मिश्रित मौसमी प्रणाली सक्रिय हुँदै

# आज धेरै ठाउँमा हावाहुरीसहित वर्षा र हिमपात हुने

■ सौर्य समाचार

काठमाडौँ । जल तथा मौसम विज्ञान विभागले आज बुधबार देशका विभिन्न ठाउँमा चट्याङ, हावाहुरी, असिनासहित वर्षा र हिमपात हुने भन्दै सावधानी अपनाउन अनुरोध गरेको छ । विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले १-२ ठाउँमा भारी वर्षा वा हिमपात हुने सम्भावना पनि रहेको जानकारी दिए । उनले हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभाव रहेको तथा बुधबारदेखि थप बढ्ने भएकाले मौसमको अवस्थाअनुसार सावधानी अपनाएर काम गर्न अनुरोध गरेका छन् ।

यसको असर पश्चिम नेपालमा बढी रहेको र ती क्षेत्रमा भने बिहानैबाट असर गर्ने उनले बताए । उनका अनुसार दिउँसो त्यसको असर काठमाडौँमा पनि आइपुग्नेछ । विभागले मंगलबार साँझ जारी गरेको बुलेटिनअनुसार बुधबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्णतया बादल लाग्ने तथा बाँकी भूभागमा साधारणतया बादल लाग्ने जनाइएको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका धेरै स्थान तथा कोसी र बाग्मती प्रदेशको पहाडी र हिमाली भागका केही स्थानमा, मधेस प्रदेशलगायत कोसी र बाग्मती प्रदेशको तराई भागका थोरै स्थानमा चट्याङ, हावाहुरी र असिनासहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।

यता गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भागको १-२ स्थानमा भारी वर्षा र हिमपातको सम्भावना रहेको पनि मौसमविद् लामिछानेले बताए । मधेस, लुम्बिनी, गण्डकी, बाग्मती र कोसी प्रदेशको पहाडी र तराई भागमा केही स्थानमा हावाहुरीको पनि सम्भावना छ । बिहीबार पनि बदली कायम रहनेछ ।



### लुम्बिनी प्रदेशसभा बैठक

# प्रहरीको गोली लागेर युवाको मृत्यु भएको घटनाबारे संघीय सरकारको ध्यानाकर्षण



**सौर्य समाचार**

दाङ। लुम्बिनी प्रदेशसभाको मंगलबारको बैठकमा प्रदेशसभा सदस्यहरूले समसामयिक राजनीतिक, कपिलवस्तु घटना, आर्थिक तथा सामाजिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन्। बैठकमा प्रदेशसभा सदस्य दिलकुमारी बुढाले रुकुमपूर्वमा धेरै विकास योजना अलपत्र परेको बताइन्। उनले सामाजिक विकास डिभिजन अन्तर्गतका विद्यालय भवन निर्माण रोकिएको र मन्त्रालयमा पटकपटक पहल गर्दा पनि बजेट विनियोजन नभएको बताउँदै कार्यशैली परिवर्तन गर्न आवश्यक रहेको धारणा राखिन्। अर्का प्रदेशसभा सदस्य भण्डारीलाल अहिरले बजेटका कमजोरी सच्याउन र काम नगर्ने कर्मचारीलाई हटाउन सरकारलाई सुझाव दिए। यस्तै सञ्जुकुमारी चौधरीले स्वास्थ्यमा पहुँच र नागरिकलाई आत्मसम्मानसहित बाँच्न पाउने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए। प्रदेशसभा सदस्य अर्जुनकुमार केसीले कानुन र विधिअनुसार काम गर्न सरकारलाई आग्रह गरे। अर्का प्रदेशसभा सदस्य तारा थापाले राप्ती-४ मा भएको कुटपिटपछि हत्या घटनामा कारबाही प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराए। साथै बाढीपहिरोबाट विस्थापितहरूको पुनःस्थापनामा सरकारले ध्यान दिनुपर्ने उनले बताए। अर्का प्रदेशसभा सदस्य अम्बिका काफ्लेले युवालाई देशमै रोजगारी सिर्जना गर्न सरकारको जिम्मेवारी रहेको बताए।

अर्का प्रदेशसभा सदस्य नवराज लामिछानेले कपिलवस्तुमा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको घटनामा संघीय सरकारको ध्यानाकर्षण गराए। महाराजगन्ज नगरपालिका-भुटहनियाका २२ वर्षीय जितेन्द्र यादवको मंगलबार चितवन मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको थियो। गत चैत ७ गते वरगदा गाउँमा २ समुदायबीच भएको झडपपछि स्थिति तनावग्रस्त बनेको थियो। सोही क्रममा भिड नियन्त्रण गर्न खटिएका सुरक्षाकर्मीले फायरिङ गरेका थिए। फायरिङका क्रममा पेटमा गोली लागेर यादव गम्भीर घाइते भएका थिए।

यस्तै प्रदेशसभा सदस्य सुशीला बादीले सृजना बुढामगर र इनिसा विकका घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँदै महिला हिंसा रोक्न प्रभावकारी पहल आवश्यक रहेको बताइन्। प्रदेशसभा सदस्य नरमाया ढकालले लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणमा सरकारले भुक्तानी बाँकी राख्न नहुने धारणा राखिन्। प्रदेशसभा सदस्य लोकाकुमारी विश्वकर्माले महिला हिंसा बढ्दै गएको भन्दै नीतिगत सुधारमार्फत घटनामा कमी ल्याउन जोड दिइन्। साथै किसानले मल र बिउ अभाव झेल्नुपरेको समस्या समाधान गर्न आग्रह गरिन्। अर्का सदस्य वसन्ती न्यौपानेले सुशासन, सामाजिक न्याय र शान्तिको सुनिश्चितताका लागि ठोस पहल गर्नुपर्ने बताए। बैठकमा प्रदेश सरकारका वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवारले 'प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक'माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरे। उक्त प्रस्तावमाथि छलफलमा भाग लिँदै सदस्य अर्जुनकुमार केसीले वन क्षेत्र रोजगारी सिर्जनाको महत्त्वपूर्ण स्रोत भएकाले यसलाई थप व्यवस्थित बनाउनुपर्ने धारणा राखे। छलफलमा उठेका प्रश्नहरूको जबाफ मन्त्री कलवारले दिएका थिए।


**मुल्य सूची**

Jyoti Trading House द्वारा विक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंम्बर | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा विक्री मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Jyoti Trading House | 603711602 | Refrigerator | TECHSTAR | TCHIND 186-PCM-R | 185 Ltr. | 22,500/- | |

**Jyoti Trading House** | Kalimati , Kathmandu , Nepal, Ph: 01-5384654


## घर खाली गरिदिने सम्बन्धी ७ दिने सूचना
## (सूचना प्रकाशित मिति २०८२।१२।२५)

**प्रस्तुत विषयमा यस बनेपा नगरपालिका वडा नं. ५ बस्ने तपाई श्री मोहन कृष्ण श्रेष्ठले श्री हिमालयन बैंक लि.बाट लिएको ऋण तोकिए बमोजिम चुक्ता नगरी उक्त बैंकले धितो पास गरी लिएको साविक बनेपा नगरपालिका वडा नं. १ हाल बनेपा नगरपालिका वडा नं.१ कि.नं. २९०७ मा तपाईंको नाममा रहेको घर/जग्गा उक्त बैंकले लिलामी गरी सोही बैंकको नाममा दा.खा. भईसक्दा पनि सो घर खाली नगरिदिएकोले खाली गराईदिनु हुन भनी पहिलो पटक मिति २०८१।०९।१५ मा यस वडा कार्यालयलाई पत्र प्राप्त भएको र यस वडा कार्यालयले पटक पटक तपाईंलाई अनुरोध गर्दा हाल सम्म पनि खाली नगरिदिनु भएकोले तपसिल बमोजिमको मिति र समयमा नेपाल प्रहरी, नगरप्रहरी, जिल्ला प्रशासन कार्यालय, स्थानीय भद्रभलाद्मीको रोहवरमा सो घर खाली गरी सम्बन्धित बैंकलाई जिम्मा लगाईने भएकोले तपाईंको सो घरमा भएका बहुमूल्य धातु, गरगहना, नगद लगायतका सम्पूर्ण जिन्सी सामानहरु यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र हटाई उक्त कार्यमा सहयोग गर्नुहुन पुनः अनुरोध गर्दछौं। उक्त घर खाली गराउँदा वा पछि सो कार्यबाट हुने कुनै पनि हानी नोक्सानी प्रति तपाई आफैं जिम्मेवार हुनुपर्ने व्यहोरा यहि सूचना मार्फत जानकारी गराउँदै पुनः अन्तिम पटक यो ७ दिने सूचना प्रकाशित गरिएको छ।**

**घर खाली गराउने मिति : २०८३ वैशाख ०३ गते**
**समय : अपरान्ह १:०० वजे**

**५ नं. वडा कार्यालय,**
**बनेपा नगरपालिका काभ्रे**

## नबिल बैंक लिमिटेड, घन्टाघर शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः : २०८२/१२/२५)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०५३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०५८-१०-२६ मा प्रा.फ.र.नं १७८९२/०५८/५९ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **नेश्नल डेभलप्मेण्ट प्रा.लि**। ठेगाना : ललितपुर जिल्ला ललितपुर मा.न.पा. वडा नं. १०।

**कम्पनीको संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. मछिन्द्र बहादुर बस्नेतको छोरी, तिलक बहादुर थापाको बुहारी, धन कुमार थापाको पत्नी, सुनसरी जिल्ला इटहरी न.पा वडा नं. ०१ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं मा.न.पा. वडा नं.३१ बस्ने, ना.प्र.न.१६९४६/१८९४६ (जारी मितिः २०५०/०२/२५ स्थान सुनसरी), भएको **राधा बस्नेत**।
२. लाल बहादुर थापाको नाती, तिलक बहादुर थापाको छोरा, ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ्ग गा.पा वडा नं. ०२ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं मा. न.पा. वडा नं.३१ बस्ने, ना.प्र.न.२७३३/३५० (जारी मितिः २०४०/११/३० स्थान ओखलढुङ्गा), भएको **धन कुमार थापा**।
३. हरि लाल श्रेष्ठको नाती, मोहत बहादुर श्रेष्ठ छोरा, ललितपुर जिल्ला ललितपुर उ.मा.न.पा वडा नं. ०५ बस्ने, ना.प्र.न.२९९२४ (जारी मितिः २०४४/०३/३० स्थान ललितपुर), भएको **बद्रि नारायण श्रेष्ठ**।

**धितोको विवरण**

१. ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ्ग गा.पा वडा नं. ०२ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं मा. न.पा. वडा नं.३१ बस्ने **धन कुमार थापा**को नाममा दर्ता भई भक्तपुर जिल्ला बालकोट न.पा वडा नं.०९ नक्सा सिट नं ९ मा अवस्थित कि.नं. १३४२ क्षेत्रफल ०-९-०-० रोपनि जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।
२. ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ्ग गा.पा वडा नं. ०२ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं मा. न.पा. वडा नं.३१ बस्ने **धन कुमार थापा**को नाममा दर्ता भई भक्तपुर जिल्ला निलबाराही न.पा वडा नं.०१ नक्सा सिट नं १क३ मा अवस्थित कि.नं. ५५ क्षेत्रफल ०-९-२-२ रोपनि जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# १५ वैशाखदेखि मात्र विद्यार्थी भर्ना गर्न सरकारको निर्देशन

## अवैध शुल्क फिर्ता गराउन स्थानीय तहलाई पत्राचार

**सौर्य समाचार**

काठमाडौं। आगामी १५ वैशाखदेखि नयाँ शैक्षिकसत्रको सञ्चालन र मापदण्ड विपरीतको भर्ना शुल्क फिर्ता गराउन संघीय सरकारले स्थानीय सरकारलाई पत्राचार गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई पत्राचार गरी निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन यही २२ चैतको शिक्षा मन्त्रालयको निर्देशन कार्यान्वयन र अनुगमनका लागि आग्रह गरेको हो। इन्धन आपूर्तिको असहजताका कारण १५ वैशाखदेखि नयाँ शैक्षिकसत्र सञ्चालन गर्न सोही दिनको नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको थियो। विद्यालय तहको सञ्चालन र अनुगमनका लागि स्थानीय तहलाई संविधानः अधिकार रहेको छ।
नयाँ शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन शिक्षा मन्त्रालयले तदारुकता देखाएको हो। सरकारले विद्यमान कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाएको हो। शिक्षा मन्त्रालयले प्रचलित कानुनअनुसार भर्ना भएपश्चात मात्र स्वीकृत गरिएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुँदाहुँदै विद्यार्थीबाट अग्रिम शुल्क असुल गरिएको, साथै स्वीकृत भएको भन्दा बढी शुल्क लिएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिएको गुनासो आएपछि कारबाही गर्न पहल गरेको हो।

यस्तै एउटै विद्यालयमा एकपटक भर्ना भएपश्चात पनि पटकपटक भर्ना शुल्क लिएकोजस्ता गुनासो आएको र सर्वोच्च अदालतबाट फैसला भएबमोजिम शैक्षिकसत्र सुरु नहुँदै भर्ना नगर्न, नियमविपरीत शुल्क नलिन, कानुनी प्रावधानभन्दा बाहिर हुनेगरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कारबाही गर्ने व्यवस्थाका लागि सम्पूर्ण स्थानीय तहलाई पत्राचार गरिएको हो। मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शैक्षिकसत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा शुल्क मापदण्ड विपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैह्रकानुनीरूपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारबाही हुन सक्नेतर्फसमेत सचेत गराइएको बताए। शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को (ग) को व्यवस्था तथा सर्वोच्च अदालतको यही २० चैतको आदेशको उल्लंघन गरी शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ।

शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र सुवेदीले शिक्षा मन्त्रालयबाट भएको निर्देशनलाई कार्यान्वयनका क्रममा शिक्षा विकास तथा समन्वय विकास एकाइद्वारा आवश्यक समन्वय र सहजीकरण गरिने बताए। उनले १५ वैशाखदेखि मात्रै विद्यार्थी भर्ना गर्न र कक्षा सञ्चालन गर्न सबै विद्यालयलाई आग्रह गरे। अधिकांश निजी विद्यालयमा भर्ना १५ वैशाख अगावै हुने स्थिति देखिन्छ। शिक्षाविद् डा. बालचन्द्र लुइँटेलले शैक्षिकसत्रको सञ्चालनमा एकरूपता ल्याउन र निजी विद्यालयको शुल्क व्यवस्थापनमा नियमको पालना गराउनु राम्रो भएको बताए। उनले भने, 'शिक्षा जस्तो सामाजिक क्षेत्रमा नियमन गर्नु अत्यावश्वक छ। विगतका सरकारले भन्दा अहिलेको सरकारले कानुनको कार्यान्वयनमा तदारुकता देखाउनु सकारात्मक हो।'
काठमाडौंको रानीदेवी माध्यमिक विद्यालयका प्रधानाध्यपक नारयणप्रसाद गौतमले १५ वैशाखदेखि शैक्षिकसत्र सुरु गर्ने सरकारको निर्णय आफूहरूले कार्यान्वयन गर्ने तर भर्ना प्रक्रिया त्यसअघि नै थाल्ने तयारी गरेको बताए।

उच्चशिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान) का महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्र आफैंमा महत्त्वपूर्ण, गरिमामय र संवेदनशील क्षेत्र भएकाले यस्ता विषयमा निर्णय गर्दा सरकारले सरोकार भएका पक्षसँग संवाद गर्नु उचित भएको बताए। उनले विगतमा शैक्षिकसत्रको १ महिना अगाडिदेखि भर्ना लिइँदै आएकामा यस वर्ष १५ वैशाखदेखि शैक्षिकसत्र सञ्चालन भनिएपछि यसको व्यावहारिक कार्यान्वयनमा अन्योल उत्पन्न भएको गुनासो गरे। विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिकसत्र सुरु नभएको तथा शिक्षा नियमावली बमोजिम लब्धांकपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस् अन्ता थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतबाट रम आदेश दिइएको थियो। यसअघि हरेक २ वैशाखदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो।

# गोली प्रहार गरी ५ जना लागुऔषध कारोबारी पक्राउ

**सौर्य समाचार**

काठमाडौं। प्रहरीले गोली प्रहार गरी ५ जना लागुऔषध कारोबारी पक्राउ परेका छन्। काठमाडौंमा २ र रूपन्देहीबाट ३ जना पक्राउ परेका हुन्। लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरको टोलीले सोमबार राति काठमाडौं महानगरपालिका-९ पिंगलास्थानबाट गोली चलाएर २ जनालाई पक्राउ गरेको छ। करिब १ किलोभन्दा बढी लागुऔषध खैरो हेरोइनसहित २ जना भारतीय नागरिकलाई पक्राउ गरिएको लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरका प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिए।

उनले भने 'विशेष सूचनाका आधारमा लागुऔषध कारोबारी पक्राउ गर्न खोज्दा हामीले गोली चलाउनुपर्‍यो, त्यस क्रममा विहार मधुवनी जिल्ला घर भएका अन्दाजी ३०/३५ का अनिलकुमार पासवान गोली लगेर घाइते भएका छन्,' पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यस्तै प्रहरीले रूपन्देहीमा पनि सोमबार राति नै लागुऔषध ओसारपसार कारोबारीलाई नियन्त्रणमा लिनेक्रममा ३ जनालाई गोली प्रहार गरेको छ। प्रहरीले लागुऔषध ओसारपसारमा सक्रिय रहेको सूचनाका आधारमा आकस्मिक 'चेकपोइन्ट' खडा गरी चेकजाँच गर्ने क्रममा कोटहवाबाट छिपागढ भारतीय नम्बर प्लेटको मोटरसाइकलमा आउँदै गरेका ३ जना युवा नियन्त्रणमा लिने क्रममा गोली चलाइएको प्रहरीले जनाएको छ।

त्यसक्रममा प्रहरीले रूपन्देहीको रोहिणी गाउँपालिका-२ खुरहुरियाका विशाल यादव, भारतको महाराजगन्ज, पर्सामलिक ग्राम बिसुनपुरुवाका १८ वर्षीय अरुण कुमार र सोही स्थानका २० वर्षीय विनय पाण्डेयलाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार रोहिणी गाउँपालिका-४ कोटहवामा लागुऔषध ओसारपसारको सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो भैरहवा र जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट खटिएको संयुक्त टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

कोटहवाबाट छिपागढतर्फ आइरहेको ३ जना सवार युपी५६एफ ९९०१ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गर्न खोज्दा भाग्ने क्रममा उनीहरू लडेका थिए। प्रहरीले लडेका युवकहरूलाई नियन्त्रणमा लिने क्रममा ती युवकले प्रहरीलाई नै ढुंगा प्रहार गर्दा प्रहरी घाइते भएपछि १ राउन्ड हवाई फायरसहित २ राउन्ड गोली प्रहार गरी उनीहरूलाई लागुऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले बताए।

बायाँ खुट्टाको पिँडुलामा गोली लागेर घाइते भएका यादवको भीम अस्पतालमा उपचार भइरहेको र घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ। पक्राउ परेकाहरूले प्रयोग गरेको मोटरसाइकल चेकजाँच गर्दा लागुऔषध फेनरागन ११०० एम्पुल, डाइजेपाम ११०० एम्पुल र ब्रुफिन ११०० एम्पुल बरामद भएको प्रहरीले जनाएको छ।

# १४ हजार बालबालिकाको जन्मजात मुटुरोग परीक्षण गरिँदै

**सौर्य समाचार**

काठमाडौं। काठमाडौं महानगरपालिकाले १४ हजार बालबालिकाको जन्मजात मुटु रोग तथा बाथ मुटुरोग परीक्षण गर्ने भएको छ। महानगर स्वास्थ्य विभागका अनुसार नसर्ने रोगबाट जनस्वास्थ्यमा पर्ने क्षति कम गराउनका लागि कामपाले जन्मजात मुटु रोग परीक्षण गर्ने तयारी गरेको हो। विभागका प्रमुख दीपक केसीका अनुसार विद्यालय उमेरका १४ हजार बालबालिकाको जन्मजात मुटु रोग तथा बाथ मुटुरोगको परीक्षण (आरएचडी/सिएचडी स्क्रिनिङ) गराउने भएको छ। ४१ वटा सामुदायिक विद्यालयमा यो कार्यक्रम सञ्चालन हुने प्रमुख केसीले जानकारी दिए। यससँगै ३२ वडाका १५ ठाउँमा महिला मुटुरोग सचेतना कार्यक्रम (गो रेड फर वुमेन) सञ्चालन गरिनेछ। महानगरको स्वास्थ्य विभागले नेपाल हृदय रोग निवारण प्रतिष्ठानसँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन गर्न लागेको पनि जानकारी दिएको छ। 'बालबालिकामा हुने यो समस्या समयमा पत्ता लगाउन सकियो भने सरल उपचार विधिबाट स्वस्थ्य जीवन बनाउन सकिन्छ। समय बितेपछि समस्या पत्ता लाग्यो भने महँगो उपचारले पारिवारिक अवस्थालाई खराब बनाउँछ।

यसकारण हामीले बालबालिकाको मुटु बाथको परीक्षण कार्यक्रम गरेका हौं,' स्वास्थ्य विभागका प्रमुख केसी भन्छन्, 'यो परीक्षणबाट प्राप्त हुने तथ्यांकका आधारमा थप कार्यक्रम तर्जुमा गर्नेछौं।' महानगरले थालेको यो कामले धेरै परिवारमा प्रत्यक्ष लाभ हुने सरोकारवालाहरूको छ। भविष्यका कर्णधारहरूको जीवन बचाउन कामपाले पुण्यको काम गरेको छ। प्रतिष्ठानका सभापति महेनमोहन श्रेष्ठको प्रतिक्रिया छ।

# ट्रेड युनियन खोल्ने अधिकार खोस्न नहुनेमा जोड

**सौर्य समाचार**

काठमाडौं। नेपाल ट्रेड युनियन कांग्रेसले नेपालको संविधानमा नै श्रमिकलाई ट्रेड युनियन खोल्ने अधिकार सुनिश्चित गरेकाले यो अधिकार खोस्न नहुनेमा जोड दिएको छ। युनियनले मंगलबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा संविधानको धारा ३४ (३) ले श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकको 'ग्यारेन्टी' गरेकाले ट्रेड युनियन खारेज गर्न नहुने स्पष्ट पारेको हो।

युनियनका अध्यक्ष योगेन्द्रकुमार कुँवरले शासकीय सुधारका दृष्टिले सरकारले ल्याएका कार्यक्रम राम्रा भए पनि बुँदा नं १२ मा ट्रेड युनियन खारेज गर्ने निर्णय श्रमिकलाई मान्य नहुने बताए। 'हामीले दलीय ट्रेड युनियन हुनुपर्छ भनेका छैनौं, तर ट्रेड युनियन खारेज गर्नुपर्छ भन्ने निर्णयमा हाम्रो आपत्ति हो,' उनले भने, 'त्यसैले हाम्रो संगठन स्वतन्त्र तथा पेसागत ट्रेड युनियन आन्दोलनको पक्षमा सधैं दृढ छ।' युनियनका महासचिव अजयकुमार राईले सरकारले ट्रेड युनियन खारेजसम्बन्धी गरेको निर्णय नेपालको संविधान र अनुमोदित अन्तर्राष्ट्रिय महासन्धिसँग पनि मेल नखाने बताए। सरकारको उक्त घोषणाले अन्तर्राष्ट्रिय ट्रेड युनियनले पनि चासो राखेको र नेपालको ट्रेड युनियन आन्दोलनप्रति ऐक्यबद्धता जनाएको पनि उनले उल्लेख गरे।

## Kharpunath Rural Municipality
## Office of Municipal Executive
### Yanchubazer Humla

## Invitation for National Competitive Bidding (NCB)

**F.Y2082/083**
**Date of publication: 2082/12/25**

1. Kharpunath Rural Municipality Office of Municipal ExecutiveYanchubazer Humal.invites National Competitive Bidding (NCB) from eligible bidders for

| S. N. | Name of Project | Contract ID | Fee of Bid Doc. NRs.) | Estimated Amount (including Vat) | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount (NRs) | Validity Period (days) |
| 1 | Procurement and Supply of Agricultural Equipment for Processing and Storage of Indigenous Crops. | NCB/KRM /GOODS /07/2082-83 | 3,000.00 | 24,50,000.00 | 90 days | 62,500.00 | 120 days |

**Note :**

| Dedline for Bid Submission | | Opening of Bid | | |
|---|---|---|---|---|
| 25 Baishak 2083 | 12:00hrs | 25 Baishak 2083 | 14:00hrs | Only e-GP. |

2. **Revenue Account Details :**

| S.N. | Office Name | Bank Name/address | Account Number | |
|---|---|---|---|---|
| 1 | Kharpunath Rural Municipality Office of Municipal ExecutiveYanchubazer Humal | PRABHU BANK HUMLA | 1570136208400032 | Office Code: 801066402<br>Revenue Heading no: 14229 |

3. **Bank detail for deposit of bid security.**

Bank Name: PRABHU BANK
Dharauti Account Number. 1570136208400042
Bank Address: HUMLA
Office Code Number: 801066402

**Note: Notice Published In PPMO Website Will be Official**

***Chief Administrative Officer***

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय
भगवतीबहाल, नक्साल, काठमाण्डौ
फोन नं ०१-४५१३७९४, ४५१३८४०

## ऋण कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति :२०८२/१२/२५ (सौर्य राष्ट्रिय दैनिक)**

यस लघुवित्त वित्तीय संस्थावाट तपसिलमा उल्लेखित ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखि/सामूहिक जमानीमा कर्जा लिनु भएकोमा ऋणीले लिएको ऋण कर्जाको सौँवा, ब्याज लगायत अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको सर्त कवुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखि यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन, कानून तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेको चलअचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**सुनौलो अवसरः**
निस्कृय कर्जा अन्तंगत रहेका कुनै पनि ऋणीले बाँकी कर्जा साँवा, ब्याज एकमुष्ठ भुक्तान गरेमा पाके को ब्याजमा कमसल बर्गलाई १५%, शंकास्पदलाई २५% र खराब बर्गलाई ५०% छुट दिने ब्यहोरा सूचित गरिन्छ।

**तपशिल :**

| क्र.सं. | शाखा कार्यालय | ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं. | ऋणीको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) | समूह जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं. | समूह जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) | व्यक्तिगत जमानिकर्ताको नाम, ठेगाना, ना.प्र.प.न | व्यक्तिगत जमानिकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) |
|---|---|---|---|---|---|---|---|
| १ | गाईखुर | शशी वि.क., तनहुँ, ४३३०१९/३६ | प्रेम बहादुर वि.क./पंचे कामी | सानु वानिया, तनहुँ, ८६५०४ | सुरेश वानिया/वावुराम वानिया | जुना वि.क., तनहुँ, ४३१०/१९/१२१२८४ | हरी बहादुर वि.क./डिल बहादुर भन्ने डिल्लीराम कामी |
| २ | गाईखुर | सानु वानिया, तनहुँ, ८६५०४ | सुरेश वानिया/वावुराम वानिया | शशी वि.क., तनहुँ, ४३३०१९/३६ | प्रेम बहादुर वि.क./पंचे कामी | सुरेश वानिया, धादिङ्ग, १०८७२ | वावुराम वानिया/थाहा नभएको |
| ३ | गाईखुर | निर्मला थापा मगर, तनहुँ, ७६४४९ | विर बहादुर थापा मगर/तोरण बहादुर थापा मगर | कमला गुरुङ, तनहुँ, ३५-०१-७१-०८१९३ | बाल कुमार नगरकोटी/वावुराम नगरकोटी | विर बहादुर थापा मगर, तनहुँ, १८६७७ | तोरण बहादुर थापा मगर/थाहा नभएको |
| ४ | गाईखुर | सुकु तामाङ, गोरखा, ४४३०२४/५७९ | प्रकाश तमाङ/डिल बहादुर तमाङ | फुलरानी गुरुङ, गोरखा, ४४३०२४/५३३ | पदम बहादुर गुरुङ/पारजंग गुरुङ | प्रकास तमाङ, गोरखा, १११६२० | डिल बहादुर तमाङ/थाहा नभएको |
| ५ | गाईखुर | सपना तामाङ, गोरखा, ७७६७५ | प्रताप बहादुर तमाङ/लाल बहादुर तमाङ | प्यारी दर्जी, गोरखा, ९२७ | धन बहादुर दर्जी/मंगले दर्जी | प्रताप बहादुर तमाङ, गोरखा, ३६८७/२७०२ | लाल बहादुर तमाङ/थाहा नभएको |
| ६ | गाईखुर | रुपा गुरुङ, तनहुँ, ४३१०२८/१३९६ | विश्व कमल गुरुङ/वुद्धी लाल गुरुङ | रसमाया कुमाल, गोरखा, ७०८४९ | मिस्टर बहादुर कुमाल/खलने कुमाल | विश्व कमल गुरुङ, तनहुँ, ६६१ | वुद्धी लाल गुरुङ/थाहा नभएको |
| ७ | गाईखुर | जमुना वि.क, गोरखा, ४४-०१-७६-०१२०३ | धन बहादुर विश्वकर्मा/दल बहादुर विश्वकर्मा | विना परीयार, गोरखा, ४४१०२८/३६१ | बिनोद परियार/जित बहादुर परियार | धन बहादुर विश्वकर्मा, गोरखा, ४४-०३-७४-००२५२ | दल बहादुर विश्वकर्मा/थाहा नभएको |
| ८ | गाईखुर | पार्बती सुयल, तनहुँ, ६०७९ | कृष्ण हरि सुयल/चेतन सुयल | ज्योती कूमाल, काठमाण्डौं, २७-०१-७३-१२०६८ | राजन गुरुङ/तेज राज गुरुङ | राजन गुरुङ, तनहुँ, ४३१०१७/६४५ | तेज राज गुरुङ/थाहा नभएको |
| ९ | गाईखुर | डिलमाया कामी, लमजुङ्ग, ४५१०३८/७७०२ | विल बहादुर कामी/मन बहादुर कामी | तारा श्रेष्ठ, तनहुँ, ४३३०१७/४१४ | होम कुमार श्रेष्ठ/पुन नारायण श्रेष्ठ | डल्ले कामी, लमजुङ, १५९२ | जखे कामी/थाहा नभएको |
| १० | गाईखुर | सुमना परीयार, तनहुँ, ६१३७२ | सरोज परीयार/खलने दमै | निर्मला परीयार, गोरखा, ४४३०२४/३८५ | किशन परीयार/बाबुलाल परीयार | मिना विश्वकर्मा, गोरखा, ४४-०१-७३/०१०८४ | सन्तोष विश्वकर्मा/पदम बहादुर कामी |
| ११ | गाईखुर | संगिता सुनार, गोरखा, ४४३०२३/४४ | भिम राज कामी/मैते कामी | मनबुजा सुनार, गोरखा, ४४३०२३/१७७ | विनु बहादुर सुनार/मंगल बहादुर सुनार | भिमराज कामी, लमजुङ, ४०२६३ | मैते कामी/दुर्गा मान कामी |
| १२ | गाईखुर | शान्ता अधिकारी, गोरखा, ४४१०२३/८०१ | बाबुराम अधिकारी/जित बहादुर अधिकारी | लक्ष्मी वि.क, गोरखा, ४४३०२३/३७८ | शिवराम विश्वकर्मा/रामलाल विश्वकर्मा | अमिसा अधिकारी, गोरखा, ४४-०१-८०-०६६९५ | बाबुराम अधिकारी/जित बहादुर अधिकारी |
| १३ | गाईखुर | कविता सुनार, गोरखा, ४४३०२३/७८ | शेर बहादुर सुनार/टेक बहादुर सुनार | ममीता सुनार, गोरखा, ४४३०२३/३५३ | विशाल सुनार/नर बहादुर सुनार | शेर बहादुर सुनार, गोरखा, १२८७७३ | टेक बहादुर सुनार/थाहा नभएको |
| १४ | गाईखुर | ममीता सुनार, गोरखा, ४४३०२३/३५३ | विशाल सुनार/नर बहादुर सुनार | पवित्रा अधिकारी, गोरखा, ४४१०२३/६६२ | निरज अधिकारी/सोवित बहादुर अधिकारी | विशाल सुनार, गोरखा, १२९०३६ | नर बहादुर सुनार/थाहा नभएको |
| १५ | गाईखुर | मिना नेपाली, तनहुँ, ४३३०२१/४०५ | कृष्ण बहादुर दवाडी/मान बहादुर नेपाली | कविता सुनार, गोरखा, ४४३०२३/७८ | शेर बहादुर सुनार/टेक बहादुर सुनार | अम्बिका नेपाली कोईराला, तनहुँ, ४३२०२१-०१ | ऋषिराम कोईराला/गोपाल नेपाली |
| १६ | गाईखुर | सहनशिला सुनार श्रेष्ठ, गोरखा, ४४१०२३/३४८ | दिपक सुनार/बुद्धी बहादुर सुनार | अन्जु मल्ल ठकुरी, गोरखा, ७४५८५ | दिनेश जंग ठकुरी/ज्ञानेन्द्र जंग मल्ल ठकुरी | दिपक सुनार, गोरखा, ७७२८३ | बुद्धी बहादुर सुनार/थाहा नभएको |
| १७ | गाईखुर | बुध माया विश्वकर्मा, गोरखा, ४४३०२३/४५४ | रत्न बहादुर वि.क./मनिलाल वि.क. | अनिता विश्वकर्मा, गोरखा, ४४१००१/६१४४ | तेज बहादुर वि.क./आईतमान वि.क. | रत्न बहादुर वि.क., गोरखा, २/१९९५/२०४५/०४६ | मनिलाल वि.क./थाहा नभएको |
| १८ | गाईखुर | सन्तोषी अधिकारी, गोरखा, ४४३०२३/९६ | राम बहादुर अधिकारी/होम बहादुर अधिकारी | ममीता सुनार, गोरखा, ४४३०२३/३५३ | विशाल सुनार/नर बहादुर सुनार | सोवित बहादुर अधिकारी, गोरखा, २७३८९ | तेज बहादुर अधिकारी/थाहा नभएको |
| १९ | गाईखुर | मुना परियार, गोरखा, ४४३०२४/७०० | अर्जुन परियार/राम बहादुर दमै | मिरा परियार, गोरखा, ४४३०२४/६११ | भरत परियार/भक्त बहादुर दमै | अर्जुन परियार, गोरखा, १०७०९२ | राम बहादुर परियार/थाहा नभएको |
| २० | गाईखुर | चन्द्रा सुनार, गोरखा, ४४३०२३/८४ | शिव सुनार/रेशम सुनार | लक्ष्मी बि.क, गोरखा, ४४३०२३/३७८ | शिवराम बिश्वकर्मा/रामलाल बिश्वकर्मा | शेर बहादुर सुनार, गोरखा, १२८७७३ | टेक बहादुर सुनार/थाहा नभएको |
| २१ | गाईखुर | विविकला पुलामी, तनहुँ, ३४१०२०/१५० | हेटमान पुलामी/थिर बहादुर पुलामी | सिता बस्ताकोटी, तनहुँ, ४३३०१७/८०७ | केशर बहादुर बस्ताकोटी/टेक बहादुर बस्ताकोटी | हेटमान पुलामी, तनहुँ ,३८४६ | थिर बहादुर पुलामी/थाहा नभएको |
| २२ | गाईखुर | रिता देवी थापा क्षेत्री, तनहुँ, ८०००७ | हरी बहादुर थापा क्षेत्री/तेज बहादुर थापा क्षेत्री | गोमा कार्की, तनहुँ, ९५६५५ | धुर्व बहादुर कार्की/हरी बहादुर कार्की | हरी बहादुर थापा क्षेत्री, तनहुँ, २३९५५ | तेज बहादुर थापा क्षेत्री/थाहा नभएको |
| २३ | गाईखुर | शिला दुवाडी, गोरखा, ४४-०१-७३-०४३१२ | दिल कुमार दुवाडी/आत्मराम दुवाडी | गायत्री धिताल पाण्डे, गोरखा, ४४३०२०/९३ | सूमन पाण्डे/श्याम काजि पाण्डे | दिल कुमार दुवाडी, मोरङ्ग, ०५३००४-१४२ | आत्मराम दुवाडी/थाहा नभएको |
| २४ | गाईखुर | फुल माया वि.क., गोरखा, ४४१०२३/२२७ | राम बहादुर विश्वकर्मा/आइमाने वि.क. | सारदा सुनार, गोरखा, ४४-०१-७२-०७६७२ | शंकर बहादुर सुनार/मिने सुनार | लक्ष्मी रानाभाट बि.क, गोरखा, ४४१०२३/४५५ | सिकन्दर बि.क/राम बहादुर विश्वकर्मा |
| २५ | गोडैता | अजमेरी खातुन, सर्लाही, १९१०१६/१७ | अखतर हुसेन/लाल सरिफ मिया | मोलिमा खातुन, सर्लाही, ७६७७०००४ | अलि अकबर मिया/सैबुल मिया | अखतर हुसेन, सर्लाही, १९३०१६/११८ | लाल सरिफ मिया/थाहा नभएको |
| २६ | गोडैता | मदिना खातुन, सर्लाही, १९-०१-७१-०४०६९ | सबिर मिया/नथुनी मिया | मोलिमा खातुन, सर्लाही, ७६७७०००४ | अलि अकबर मिया/सैबुल मिया | सबिर मिया, सर्लाही, ६२४०१९९२ | नथुनी मिया/थाहा नभएको |
| २७ | गोडैता | नुरजाहान खातुन, सर्लाही, १९-०१-७३-००८१० | गुलाब मंसुर/नेक महमद मिया | मोलिमा खातुन, सर्लाही, ७६७७०००४ | अलि अकबर मिया/सैबुल मिया | गुलाब मंसुर, सर्लाही, १९१०१६/१८५ | नेक महमद मिया/थाहा नभएको |
| २८ | गोडैता | सालिना खातुन, सर्लाही, १९-०१-७४-०५६४४ | असलम मंसुर/मुनिफ मिया | अजमेरी खातुन, सर्लाही, १९१०१६/१७ | अखतर हुसेन/लाल सरिफ मिया | असलम मंसुर, सर्लाही, १९१०१६/२४३ | मुनिफ मिया/थाहा नभएको |
| २९ | गोडैता | बची कुमारी, सर्लाही, १९-०१-७१-०२१२९ | लालबच्चा राय यादव/असर्फी राय | मोलिमा खातुन, सर्लाही, ७६७७०००४ | अलि अकबर मिया/सैबुल मिया | लालबच्चा राय यादब, सर्लाही, १९३०१६/११३ | असर्फी राय/थाहा नभएको |
| ३० | गोडैता | मोमिना खातुन, सर्लाही, १९-०१-७६-०३७५२ | अलाउदिन मंसुर/मोस्लीम मिया | मोकिमा खातुन, सर्लाही, १९३०१६/२३९ | तपसिन मंसुर/हकिम मिया | कमरुल खातुन, सर्लाही, ५७५/७६७७१९३५ | मोस्लीम मिया/थाहा नभएको |
| ३१ | गोडैता | रेहना खातुन, सर्लाही, १९३०१६/५६ | अमानत मिया/इसु मिया | मोकिमा खातुन, सर्लाही, १९३०२६/२३९ | तपसिन मंसुर/हकिम मिया | रुमैदा खातुन, सर्लाही, १९१०२२/२०७ | नजिर आलिम दर्जी/थाहा नभएको |
| ३२ | गोडैता | साहाना खातुन, सर्लाही, १९३०१६/१६ | तसीर मंसुर/ठागा मिया | मोकिमा खातुन, सर्लाही, १९३०२६/२३९ | तपसिन मंसुर/हकिम मिया | ईसराज मंसुर, सर्लाही, १९-०१-७४-१२१७९ | तेचु मिया/थाहा नभएको |
| ३३ | गोडैता | रामपरी कुमारी, सर्लाही, १९३०२५/१०९४ | नन्दीप राउत/हरदेव राउत | तेतरी देबि, सर्लाही, १९१०२५/८२ | पसिन्द्र मं खत्वे/अवध मण्डल | भुलरी देबि, सर्लाही, ८९१४०२४४ | हरदेव राउत/थाहा नभएको |
| ३४ | गोडैता | रामरती देबि बनिया, सर्लाही, १९३०२९/१३ | राम प्रबेश साह बनिया/बुधन साह बनिया | आसो देबि, सर्लाही, ८१२३०००२ | रामचन्द्र राय/रामनन्दन राय | किरण देबि साह, सर्लाही, १९३०२९/२०६ | सोहन कुमार साह बनिया/थाहा नभएको |
| ३५ | गोडैता | समतोलिया देबि, सर्लाही, १९३०२९/१३६ | रामकिशोर राय/चुलहाई राय | आसो देबि, सर्लाही, ८१२३०००२ | रामचन्द्र राय/रामनन्दन राय | रामकिशोर राय, सर्लाही, १९३०२९/४३५ | चुलहाई राय/थाहा नभएको |
| ३६ | गोडैता | फुल कुमारी देबि, सर्लाही, १९३०९९/३० | राजदेव राय/जगदेव राय | आसो देबि, सर्लाही, ८१२३०००२ | रामचन्द्र राय/रामनन्दन राय | रामकिशोर राय, सर्लाही, १९३०२९/४३५ | चुलहाई राय/थाहा नभएको |
| ३७ | गोडैता | रामराजी देबि, सर्लाही, १९३०६८/६४१ | सुरेश पासवान/असर्फी हजारी | कोशिला देबि, सर्लाही, १९-०१-७१-०७५२१ | जयकिशोर पंडित/राम स्वर्थि पंडित | सुरेश पासवान, सर्लाही, १९३०६८/४९४ | असर्फी हजारी/थाहा नभएको |
| ३८ | गोडैता | फुलमतिया देबि, सर्लाही, ८४४७१४८७ | बिलास महरा/मगर महरा | कोशिला देबि, सर्लाही, १९-०१-७१-०७५२१ | जयकिशोर पंडित/राम स्वर्थि पंडित | मनोज कुमार महरा, सर्लाही, १९-०१-७१-००५९० | बिलास महरा/मगर महरा |
| ३९ | गोडैता | लालमुन खातुन, सर्लाही, १९१०/८५७ | मो. फिरोज/इदरिस मियां अंसारी | जमिला खातुन, सर्लाही, ३५७९२३४५ | दिल मोहमद धोबी/खेलावन मियां | मों. अफरोज दर्जी, सर्लाही ,१९१०२२/२०५ | इदरिस मिया अंसारी/थाहा नभएको |
| ४० | गोडैता | किरण कुमारी, सर्लाही, ८९१४४६४८ | नागिन्द्र मण्डल/औतार मण्डल | शान्ति देबि मण्डल, सर्लाही, १९३०२५/१६४ | मुकेश कुमार मण्डल/उपेन्द्र मण्डल | नागिन्द्र मण्डल, सर्लाही, ८९१४०७२३ | औतार मण्डल/थाहा नभएको |
| ४१ | गोडैता | राज कुमारी राम, सर्लाही, ८९१४४५५६ | बिश्वनाथ महरा/बिकाउ महरा चमार | फुल कुमारी देबि, सर्लाही, १५३/१९३०२५/१५२ | गणेश महतो/रामएकवाल महतो | स्वम्भु मण्डल, सर्लाही, १९-०१-७२-०३२५१ | सितारम मण्डल/थाहा नभएको |
| ४२ | गोडैता | सियापति कुमारी, सर्लाही, १९-०१-७१-०४०९० | नागेन्द्र राम चमार/राम देव महरा | फुल कुमारी देबि, सर्लाही, १५३/१९३०२५/१५२ | गणेश महतो/रामएकवाल महतो | कोशिला देबि महरा, सर्लाही, २५०१ | राम देव महरा/थाहा नभएको |
| ४३ | गोडैता | मोमीना खातुन, सर्लाही, १९३०२२/५५७ | आलीम दर्जी/अब्दुल सतार दर्जी | लैला खातुन, सर्लाही, १९३०२२/५५५ | कैजुव अन्सारी/सलिम मिया अंसारी | आलीम दर्जी, सर्लाही, ३५७०२५३३ | अब्दुल सतार मिया/थाहा नभएको |
| ४४ | गोडैता | मकिमा खातुन, सर्लाही, १९-०१-७६-०३१५५ | इन्तीहाज दर्जी/महमुदीन मुसलमान | लैला खातुन, सर्लाही, १९३०२२/५५५ | कैजुव अंसारी/सलिम मिया अंसारी | इन्तीहाज दर्जी, सर्लाही, १९-०१-७६-०१५७४ | महमुदीन मुसलमान/थाहा नभएको |
| ४५ | गोडैता | संगीता कुमारी, सर्लाही, १९-०१-७०-०६९४९ | मनोज कुमार साह/शिव मण्डल साह | फुल कुमारी देबि, सर्लाही, १५३/१९३०२५/१५२ | गणेश महतो/रामएकवाल महतो | मनोज कुमार साह, सर्लाही, ८९१४४६६५ | शिव मण्डल साह/थाहा नभएको |
| ४६ | प्रकाशपुर | दुर्गा देवी अधिकारी, सुनसरी, १०७७४१/२०७७४१ | गणेश अधिकारी/कृष्ण बहादुर अधिकारी | गोमा खतिवडा, सुनसरी, ०६१०४२/१३२५६३ | वोध प्रसाद खतिवडा/धर्म प्रसाद खतिवडा | कल्पना पौडेल, सुनसरी, ०६३०४२/६०३ | उध्दव प्रसाद पौडेल/थाहा नभएको |
| ४७ | प्रकाशपुर | सुमित्रा देवी महतो पुर्वे, सुनसरी, ०६-०१-७५-११२८८ | राजेन्द्र प्रसाद सिंह/हरि नारायण सुडी | सम्झना तामाङ्ग, सुनसरी, ९७३७४/९८३७४ | रुपलाल तामाङ/सम्मर बहादुर तामाङ | राजेन्द्र प्रसाद सिंह, सुनसरी, ३२०८/५० | हरि नारायण सुडी/थाहा नभएको |
| ४८ | प्रकाशपुर | शान्ता देवकोटा, सुनसरी, ०६-०१-७०-०४२४५ | उमेश देवकोटा/डिल्ली प्र.देवकोटा | गोमा खतिवडा, सुनसरी, ०६१०४२/१३२५६३ | वोध प्रसाद खतिवडा/धर्म प्रसाद खतिवडा | नीशा कार्की, सुनसरी, ०६१०४२/१५२६६३ | गणेश कार्की/थाहा नभएको |
| ४९ | प्रकाशपुर | संझना तामाङ्ग, सुनसरी, ९७३७४/९८३७४ | रुपलाल तामाङ/सम्मर बहादुर तामाङ | सुमित्रा देवी महतो पुर्वे, सुनसरी, ०६-०१-७५-११२८८ | राजेन्द्र प्रसाद सिंह/हरि नारायण सुडी | रुपलाल तामाङ, सुनसरी,०६३००६/३४५ | सम्मर बहादुर तामाङ/थाहा नभएको |
| ५० | प्रकाशपुर | गोमा खतिवडा, सुनसरी, ०६१०४२/१३२५६३ | वोध प्रसाद खतिवडा/धर्म प्रसाद खतिवडा | चन्द्रकला गुरुङ, थाहा नभएको | मुना गुरुङ/थाहा नभएको | वोध प्रसाद खतिवड, सुनसरी, ५५३/२२४३ | धर्म प्रसाद खतिवडा/थाहा नभएको |
| ५१ | प्रकाशपुर | चन्द्र मायाँ तामाङ्ग, सुनसरी, २४४२ | हस्त बहादुर तामाङ्ग/भक्त बहादुर तामाङ्ग | गोमा खतिवडा, सुनसरी, ०६१०४२/१३२५६३ | वोध प्रसाद खतिवडा/धर्म प्रसाद खतिवडा | हस्त बहादुर तामाङ्ग, सुनसरी, ११५२/२१० (क) | भक्त बहादुर तामाङ्ग/थाहा नभएको |
| ५२ | प्रकाशपुर | सुर्य कुमारी विष्ट, सुनसरी, १३१६२/०५६५५७ | लाल बहादुर विष्ट/पहलमान विष्ट | गोमा खतिवडा, सुनसरी, ०६१०४२/१३२५६३ | वोध प्रसाद खतिवडा/धर्म प्रसाद खतिवडा | लाल बहादुर विष्ट, सुनसरी, ६५८/१० (क) | पहलमान विष्ट/थाहा नभएको |
| ५३ | प्रकाशपुर | मनमाया विष्ट, सुनसरी, ०६-०१-६९/०४१०८ | फलक ब. विष्ट/रत्न ब. विष्ट | गोमा खतिवडा, सुनसरी, ०६१०४२/१३२५६३ | वोध प्रसाद खतिवडा/धर्म प्रसाद खतिवडा | तारा खडका, भोजपुर, ०९-०१-७४-०३१९२ | समशेर बहादुर खड्का/थाहा नभएको |
| ५४ | जेठल | इन्द्र बहादुर श्रेष्ठ, सिन्धुपाल्चोक, २४६४७/१०९०४८ | लाल बहादुर श्रेष्ठ/जगत बहादुर श्रेष्ठ | नभएको | नभएको | मधु श्रेष्ठ, सिन्धुपाल्चोक, २४३०२०/३७ | इन्द्र बहादुर श्रेष्ठ/लाल बहादुर श्रेष्ठ |
| ५५ | जेठल | शान्ती लामा, दोलखा, ८७९५ | निम दोर्जो लामा/भरत बहादुर लामा | उमा तामाङ, दोलखा, २२-०१-७०-०२४१२ | सन्त कुमार तामाङ/सुक बहादुर तामाङ | निम दोर्जो लामा, दोलखा, १७३४४ | भरत बहादुर लामा/थाहा नभएको |
| ५६ | जेठल | प्रतिज्ञा थपलिया, काभ्रेपलान्चोक, ३००१-०६७-५६२९ | श्याम सुन्दर सिवाकोटी/रघुनाथ सिवाकोटी | हिरा प्रधान, दोलखा, २३३ | दत्तिराम श्रेष्ठ/बालकृष्ण श्रेष्ठ | श्याम सुन्दर सिवाकोटी, दोलखा, २२१०३०/१९९ | रघुनाथ सिवाकोटी/कृष्ण प्रसाद सिवाकोटी |
| ५७ | सुरुङ्गा | मनिषा राई, मोरङ, ०५३०४८/२३८ | शरण कुमार आङबो/प्रेम प्रसाद आङबो | बिना एकतेन, झापा, ४०४१/४७३६ | देउप्रकाश लिम्बू/धनबहादुर लिम्बू | रञ्जिला योङ्या, झापा, ०४-३-३२/३८० | प्रनिल योङ्या/श्रीप्रसाद योङ्या |
| ५८ | सुरुङ्गा | बिना एकतेन, झापा, ४०४१/४७३६ | देउ प्रकाश लिम्बू/धन बहादुर लिम्बू | मनिषा राई, मोरङ, ०५३०४८/२३८ | शरणकुमार आङबो/प्रेम प्रसाद आङबो | रञ्जिला योङ्या, झापा, ०४-३-३२/३८० | प्रनिल योङ्या/श्रीप्रसाद योङ्या |
| ५९ | सुरुङ्गा | श्रीमाया परियार, झापा, ०४/४२६ | उध्दवराज परियार/सनमान परियार | रेजिना त्रिखत्री दमाई, उदयपुर, १४-०१-७०-००६८९ | रमेश दमाई/साने दमाई | सजना परियार, झापा, ०४-०१-७५-११३३४ | उध्दवराज परियार/सनमान परियार |
| ६० | सुरुङ्गा | यमवती खवास, झापा, ०४३०३२/१९३ | पन्नलाल खवास/अखरु खवास | राममाया दर्जी, झापा, ८५२४१५२०८ | छत्र बहादुर दमाई/हर्क बहादुर दमाई | पवन लाल खवास, झापा, ०४३०३२/२३५ | अखरु खवास/थाहा नभएको |
| ६१ | सुरुङ्गा | डम्बर कुमारी रिमाल, झापा, ८५२४८९२३ | त्रिलोचन रिमाल/बेदनिधि रिमाल | तुलसीमाया रिमाल, झापा, ८५२४१५०३७ | खडानन्द तिवारी/विष्णू प्रसाद तिवारी | त्रिलोचन रिमाल, झापा, ८५२४१५०३५ | बेदनिधि रिमाल/थाहा नभएको |
| ६२ | सुरुङ्गा | सबि कुमारी तामाङ, झापा, ८५२४१४९४९ | प्रेम कुमार चौहान/दुधराज चौहान | जमुना उप्रेती, तेह्रथुम, ११७१६-४/२०६४ | ओमनाथ बुढाथोकी/नर बहादुर बुढाथोकी | प्रेम कुमार चौहान, झापा, ३२३५२८४६ | दुधराज चौहान/थाहा नभएको |
| ६३ | सुरुङ्गा | हरिमाया राई, झापा, ०४३०३१/७१९ | मौला बहादुर खुम्बु राई/नन्दे खुम्बु | गोमा ढकाल, झापा, ०४३०३१/२३९३ | पून्य प्रसाद ढकाल/होमनाथ ढकाल | आँचल निरौला भेटवाल, झापा, ०४-०१-६९-०२४७८ | दिनेश प्रसाद भेटवाल/लक्ष्मी प्रसाद भेटवाल |
| ६४ | सुरुङ्गा | जमुना उप्रेती, तेह्रथुम, ११७१६-४/२०६४ | ओमनाथ बुढाथोकी/नर बहादुर बुढाथोकी | टीका विश्वकर्मा, झापा, ८५२४१२४० | विश्व बहादुर विश्वकर्मा/तेज बहादुर विश्वकर्मा | आरश बुढाथोकी, झापा, ०४-०२-७८-०१४९४ | ओमनाथ बुढाथोकी/नरबहादुर बुढाथोकी |
| ६५ | सुरुङ्गा | सर्मिला चौधरी, झापा, ८५२४२४७९ | राम कुमार चौधरी/मिठुलाल चौधरी | नैनकला चौधरी, झापा, ८५२४३४१८ | सूर्यनारायण चौधरी/मणिलाल चौधरी | रोशनी चौधरी, झापा, ०४-०२-७७-०२७६० | रामकुमार चौधरी/मिठुलाल चौधरी |
| ६६ | सुरुङ्गा | जुनिता घले, झापा, २२२६३ | वीर बहादुर दर्नाल/बल बहादुर दर्जी | संगिता सापकोटा, झापा, ६९७११६६२ | हेमराज पनेरु/खगेन्द्र प्रसाद पनेरु | वीर बहादुर दर्नाल, झापा, ८२११९६२२ | बलबहादुर दर्जी/गजे दर्नाल |
| ६७ | सुरुङ्गा | सिर्जु श्रेष्ठ, झापा, ०४१०१३/१८४२ | सैलेन्द्र कुमार श्रेष्ठ/शेर बहादुर श्रेष्ठ | निर्जला श्रेष्ठ, झापा, ३५७४४६९२ | खडक श्रेष्ठ/अहिमान श्रेष्ठ | सुमन श्रेष्ठ, झापा, ०४१०१३/१८४३ | सैलेन्द्रकुमार श्रेष्ठ/शेरबहादुर श्रेष्ठ |
| ६८ | सुरुङ्गा | गंगादेवी कार्की, झापा, १९५२२६३४ | उमेश कार्की/अम्बर बहादुर कार्की | तुलसादेवी भट्टराई, झापा, ७६१५८८८० | भक्तिनाथ नेपाल/सुदानन्द नेपाल | रीया कार्की, झापा, ०४-०१-७९-०१५४३ | उमेश कार्की/अम्बरबहादुर कार्की |
| ६९ | सुरुङ्गा | प्रतीमा कुमारी गणेश, झापा, ०४-०१-६९-१४६५० | एकलेश कुमार गणेश/देवनारायण गणेश | रमा कार्की, झापा, ०४३०३५/५३७ | धन बहादुर कार्की/हर्क बहादुर कार्की | देवनारायण गणेश, झापा, १५२३/९३६२३ | उमनलाल गणेश/रत्नलाल गणेश |
| ७० | औरही, महोत्तरी | सुनिता कुमारी, महोत्तरी, १८-०३-०५७/३७६ | सहदेव महरा/लखन चमार | सोहगिया कुमारी, महोत्तरी, १८२६२९८८ | रामबिलास महतो/कूशेश्वर महतो | बिजय महरा, महोत्तरी, १८-०३-०५७/२८७ | श्याम लखन चमारे/थाहा नभएको |
| ७१ | औरही, महोत्तरी | सिता माया बिश्वकर्मा, महोत्तरी, १८४०५/१००८०६ | मेघनाथ कामी/कृष्णे कामी | सर्किनि बिश्वकर्मा, महोत्तरी, १८२६३८१६ | शिब नाथ कामी/कृष्णे कामी | समिर बिश्वकर्मा, महोत्तरी, १८-१-०६०/१७६ | मेघनाथ कामी/कृष्णे कामी |
| ७२ | औरही, महोत्तरी | पवित्री देवी, महोत्तरी, १८३०४/४४ | राजदेब महतो कोइरी/राम लखन महतो | गिता देवी, महोत्तरी, १८३०४३/३०७ | बिचरी मूखिया/राम औतर मूखिया | राजदेब महतो कोइरी, महोत्तरी, १८३०४३/३२ | राम लखन महतो/थाहा नभएको |
| ७३ | औरही, महोत्तरी | इन्दू देबी, महोत्तरी, १८३०६१/४९५ | जोगिन्दर सदा/गडया सदा | चंदा देबी बांतर, महोत्तरी, १२७२५४०२ | बिल्टू माझी बांतर/जिल्बी बांतर | जोगिन्दर सदा, महोत्तरी, १८-०१-०६१/६४७ | गडया सदा/थाहा नभएको |
| ७४ | औरही, महोत्तरी | गिता देबी, महेत्तरी, १८३०४३/०७ | बिचारी मुखिया/राम औतार | साबित्री देबी, महोत्तरी, १८३०४३/१३४१ | राम बिलास मण्डल/बलदेब मण्डल | बिचारी मुखिया बिन, महोत्तरी, २०८६४९८६ | राम औतार मुखिया/थाहा नभएको |
| ७५ | औरही, महोत्तरी | जयकला देबी, महोत्तरी, १८३०४३/१९३ | नथुनी मुखिया/राम औतार मुखिया | कौशिल्या देबी, महोत्तरी, ८०६७२४३८ | दुखा दाहा/राम आशिस दाहा | कुश्मी देबी, महोत्तरी, १८३०४३/१७७ | जानकी देवी मूखिया/थाहा नभएको |
| ७६ | औरही, महोत्तरी | कौशिला देवी, महोत्तरी, १४२६२७४० | राम कृपाल मुखिया/हरिनन्दन मुखिया | बबिता देवी, महोत्तरी, १८३०५५/३१८ | जिवछी चौधरी/किरण चौधरी | रामकृपाल मुखिया, महोत्तरी, १४२४२१३० | हरिनन्दन मुखिया/थाहा नभएको |
| ७७ | औरही, महोत्तरी | जानकी देवी, महोत्तरी, १८३०५५/६२० | राम पृत महतो/किशुन देव महतो | बबिता देवी, महोत्तरी, १८३०५५/३१८ | जिवछी चौधरी/किरण चौधरी | राम पृत महतो, महोत्तरी, १४२४२४११ | किसुन देव महतो/थाहा नभएको |
| ७८ | औरही, महोत्तरी | रेखा देवी, महोत्तरी, १८३०५५/७०१ | चन्दशेखर ठाकुर/बोएलाल ठाकुर | बबिता देवी, महोत्तरी, १८३०५५/३१८ | जिवछी चौधरी/किरण चौधरी | चन्द्रशेखर ठाकुर, महोत्तरी, १८३०५५/२८७ | वोएलाल ठाकुर/थाहा नभएको |
| ७९ | औरही, महोत्तरी | फुलीया देवी महरा, महोत्तरी, १८३०६३/५७८ | उतिम लाल महरा/राजगिर महरा | जनार्सी देवी, महोत्तरी, १८३०६३/२४१ | अमिर लाल महरा/छविलाल महरा | उतिमलाल महरा, महोत्तरी, १८३०६३/२९३ | राजगिर महरा/थाहा नभएको |
| ८० | औरही, महोत्तरी | राज कुमारी देवी, महोत्तरी, ८६२६४१६५ | गगन देव राय/जैसीलाल राय | फेकनी देवी महतो, महोत्तरी, १८३०६४/४९ | मेथुर ठाकुर/अनुप ठाकुर | गगन देव राय,महोत्तरी, ८६२६३२४४ | जैसीलाल राय/थाहा नभएको |
| ८१ | औरही, महोत्तरी | दुखनी कुमारी देवी, महोत्तरी, १८३०५५/१३३५ | विजय महतो/विल्टु महतो | ललिता देवी, महोत्तरी, १४२४३५०५ | तिलक महतो/राम वृक्ष महतो | विजय महतो, महोत्तरी, १८३०५५/४१६ | बिल्टु महतो/थाहा नभएको |
| ८२ | औरही, महोत्तरी | ककुलती कुमारी देवी, महोत्तरी, १८३०६२/२८६ | राम चन्द्र महतो/राम आशिस महतो | दिपिया देवी कोईरीन, महोत्तरी, १५२६५०१० | राम आशिष महतो/लालसी महतो | लव कुमार सिंह, महोत्तरी, १८-२-०६२/१३७ | राम चन्द्र महतो/थाहा नभएको |
| ८३ | औरही, महोत्तरी | वेचनी देवी, महोत्तरी, १८३०६२/२३७ | भिषम महतो/हजारी महतो | तेतरी देवी कोईरी, महोत्तरी, १८३०६२/७९२ | पन्चलाल महतो/सुकन महतो | सन्तोष कुमार महतो, महोत्तरी, १७३०४६/७३ | राम आशिष महतो/थाहा नभएको |
| ८४ | औरही, महोत्तरी | डिलिया देवी चौधरी, महोत्तरी, १८-३-०५७/४५७ | जोखन चौधरी/किसुन चौधरी | शान्ती देवी थारु,महोत्तरी, १८३०५७/४९८ | श्याम खा थारु/राम थारु | शैलेन्द्र चौधरी, महोत्तरी, १८-०१-७०/२६७१ | जोखन चौधरी/थाहा नभएको |
| ८५ | राजापुर | देवनी थरुनी, बर्दिया, ९२१२ | चन्द्रीका थारु/भरथरी थारु | पार्वती थारु, बर्दिया, ६५३०२२/७४९ | मिन कुमार थारु/दिल बहादुर थारु | चन्द्रीका थारु, बर्दिया, ८०७० | भरथरी थारु/थाहा नभएको |
| ८६ | राजापुर | पार्वती थारु, बर्दिया, ६५३०२२/७४९ | मिन कुमार थारु/दिल बहादुर थारु | देवनी थरुनी, बर्दिया, ९२१५ | चन्द्रीका थारु/भरथरी थारु | मिन कुमार थारु, बर्दिया, ३३३६ | दिल बहादुर थारु/थाहा नभएको |
| ८७ | राजापुर | इश्वरी गौतम अधिकारी, बर्दिया, ६५३२४/१४३५ | प्रकास गौतम/पदम बहादुर गौतम | शुशिला चौधरी, बर्दिया, १५६२२ | बाधु थारु/बासु देब थारु | उत्तम अधिकारी, बर्दिया, ६५२०२४-३२१ | जनाईत प्रसाद अधिकारी/थाहा नभएको |
| ८८ | राजापुर | सलमा बानो रहमानी, बर्दिया, ६५२०२२/४७ | नुर मोहम्मद रहमानी/अब्दुल हमिद रहमानी | नभएको | नभएको | चादं मोहम्मद रहमानी, बर्दिया, ६५२०२२-०००६१ | नुर मोहम्मद रहमानी/अब्दुल हमिद रहमानी |
| ८९ | राजापुर | निर्मला थारु, बर्दिया, ६५३०२९/७६ | मेघराज थारु/गर्भु थारु | नभएको | नभएको | मेघराज थार, बर्दिया, ८९८९ | गर्भु थारु/थाहा नभएको |
| ९० | राजापुर | मनिषा दमाई, बर्दिया, ६५२०२९-८१४ | लिला राम दमाई/तिर्थ बहादुर दमाई | शाान्ती दमाई, बर्दिया, ६५-७१-०२६४४ | बिनोद परियार/बिजुले परियार | धनसरा दमेनी, थाहा नभएको | थाहा नभएको |
| ९१ | राजापुर | अच्छि अन्सारी, बर्दिया, ६५२०२२-२७ | अब्दुल कसिम अन्सारी/कसिम अन्सारी | सलमा बानो रहमानी, बर्दिया, ६५२०२२/४७ | नुर मोहम्मद रहमानी/अब्दुल हमिद रहमानी | जमाल अंसारी, बर्दिया, ६५-०२-७६-००१०२ | अब्दुल कसिम अन्सारी/कसिम अन्सारी |
| ९२ | राजापुर | निर्मला कार्की, बर्दिया, ६५-१३-७५-००२३२ | सूर्य बहादुर कार्की/चन्द्र बहादुर कार्की | निर्मला चन्द, बर्दिया, ६५२०३०-१२२२ | नर बहादुर चन्द/बल बहादुर चन्द | सूर्ज बहादुर कार्की, बर्दिया, ७-११०५ | चन्द्र कहादुर कार्की/थाहा नभएको |
| ९३ | राजापुर | कौशल्या देबी चौधरी, बर्दिया, १७३६० | नामवसी चौधरी/खुशीराम चौधरी | करिश्मा चौधरी, बर्दिया, ६५-०२-७२-०८९६ | इमानुयल सोनाहा/नरसि सोनाहा | नामवसी चौधरी, बर्दिया, ३८४१ | खुशीराम चौधरी/थाहा नभएको |
| ९४ | म्याङलुङ | सम्झना माझी, तेह्रथुम, ०८-०१-७३-०२००४ | राजेन्द्र माझी/काजीमान माझी | ज्ञान कुमारी विश्वकर्मा, तेह्रथुम, ०८३०१८ ।९ | तेज बहादुर विश्वकर्मा/लक्ष्मी सुनार | शन्तोषी लिम्बु, तेह्रथुम, ०८-०१-७५-००४७८ | त्रीपा सिं लिम्बु/थाहा नभएको |
| ९५ | म्याङलुङ | डिक प्रसाद रसाईली, तेह्रथुम, ३०७२७/२९५ | डम्बर बहादुर रसाईली/जङ्गवीर रसाईली | बिनोद कार्की, तेह्रथुम, ०८-०१-७०-००७५५ | थाहा नभएको | मिना कुमारी बि.क., तेह्रथुम, ०८३००५-१६२ | डिक प्रसाद रसाईली/डम्वा बहादुर रसाईली |
| ९६ | फुलवारी | रिता चौधरी, कैलाली, ६७१०२२/१५५१५ | विरेन्द्र चौधरी/आशाराम चौधरी | शुदेशनि देवी चौधरी, कैलाली, ७२८९८ | गंगा राम चौधरी/आशाराम चौधरी | बिरेन्द्र चौधरी., कैलाली, ६७१०२२/५५९७ | आशाराम चौधरी/थाहा नभएको |
| ९७ | फुलवारी | चन्द्रा कुमारी शाह,कैलाली, ६७३००६/३७ | निरेन्द्र बहादुर सिंह/डबल बहादुर सिंह | बसन्ती कठायत छेडाल, कैलाली, ६७-०१-७१-००१६८ | योगेन्द्र छेडाल/गोरख बहादुर छेडाल | निरेन्द्र बहादुर सिंह, कैलाली, ६७-०१-७१-०२२१२ | डबल बहादुर सिंह/थाहा नभएको |
| ९८ | फुलवारी | सृजना चौधरी, कैलाली, ६७१०२०/६७४७ | राज कुमार चौधरी/बुद्धिराम चौधरी | लक्ष्मी देवी चौधरी, कैलाली, ६७-०१-६९-०९३८२ | सिताराम चौधरी/लक्ष्मण चौधरी | राज कुमार चौधरी, कैलाली, ६७१०२१/४६५१ | बुद्धिराम चौधरी/थाहा नभएको |
| ९९ | फुलवारी | सुमन थापा क्षेत्री, कैलाली, ६७-०१-७०-०२५८१ | कुमार थापा क्षेत्री/बिष्णु बहादुर थापा क्षेत्री | दिलु सुर्यवंशी, कैलाली, ६७-०१-६९-०८७१९ | खडक बहादुर सुर्यवंशी/सन्त बहादुर सुर्यवंशी | कुमार थापा क्षेत्री, कैलाली, ५४०३७ | बिष्णु बहादुर थापा क्षेत्री/थाहा नभएको |
| १०० | फुलवारी | शशि रिजाल (थापा), कैलाली, ६७-०१-७०-०४४२६ | मोहन बहादुर थापा/बिष्णु बहादुर थापा | डम्मरा कुमारी चन्द, कैलाली, ६७३०२१/४५२ | प्रकाश बम/नरेन्द्र बहादुर बम | मोहन बहादुर थापा, कैलाली, ६१७३७ | बिष्णु बहादुर थापा/थाहा नभएको |
| १०१ | मुर्कुची | लक्ष्मी कुमारी गदाल, उदयपुर, १४३०१६/५८३ | खड्ग वहादुर गदाल/मान वहादुर गदाल (विस्वकर्मा) | पोषिका गजमेर, उदयपुर, ७११२१ | राजन कुमार विस्वकर्मा/निर बहादुर कामि | खड्ग वहादुर गदाल, उदयपुर, २३८८ | मान वहादुर गदाल(विस्वकर्मा)/थाहा नभएको |
| १०२ | मुर्कुची | कल्पना राई( मगर), उदयपुर, १४-०१-७०-०१२०७ | भत्त बहादुर मगर/तेज बहादुर मगर | कल्पना पौडेल, झापा, ४९८५१२७/१३१६८ | होम बहादुर मगर/राम बहादुर मगर | भत्तबहादुर मगर, उदयपुर, १४१०४५/९२७६४ | तेज बहादुर मगर/थाहा नभएको |
| १०३ | मुर्कुची | सर्मिला तामाङ्ग, उदयपुर, १४१०४५/११८२३४ | सुरेश कुमार तामाङ्ग/दल बहादुर तामाङ्ग | कल्पना पौडेल, झापा, ४९८५१२७/१३१६८ | होम बहादुर मगर/राम बहादुर मगर | सुरेश कुमार तामाङ्ग, उदयपुर, ३४०० | दल बहादुर तामाङ्ग/थाहा नभएको |
| १०४ | मुर्कुची | मिना कुमारी मगर, उदयपुर, १३१०५०/३६६ | निर बहादुर मगर/डिल्ली व.मगर | कल्पना पौडेल, उदयपुर, ४९८५११७/१३१६८ | होम बहादुर मगर/राम बहादुर मगर | निर बहादुर मगर, उदयपुर, ५७८७७/७३७४ | डिल्ली व. मगर/थाहा नभएको |
| १०५ | मुर्कुची | गंगा कुमारी मगर, उदयपुर, ४९७ | मान बहादुर मगर/तेज बहादुर मगर | कल्पना पौडेल, उदयपुर, ४९८५११७/१३१६८ | होम बहादुर मगर/राम बहादुर मगर | मान बहादुर मगर, उदयपुर, ५/२०५० | तेज बहादुर मगर/थाहा नभएको |
| १०६ | मुर्कुची | दुर्गा वस्नेत, उदयपुर, ४०३ | टेक बहादुर राउत/भिम बहादुर राउत | द्रोपदी बस्नेत, उदयपुर, २८०४६/५४०७ | बिष्णु बहादुर बस्नेत/तिलक बहादुर बस्नेत | टेक बहादुर राउत, उदयपुर, १५२४४/७४०९ | भिम बहादुर राउत/दिप बहादुर राउत |
| १०७ | मुर्कुची | अम्बिका कुमारी स्वर्णकार, सप्तरी, १३६११/२१७२ | रंजन कुमार शाह सोनार/लक्ष्मण प्र.साह सोनार | तारा बजगाई, उदयपुर, १४-०१-७१-०२३९८ | भरत कुमार बजगाई/मकनध्वज बजगाई | अनुराधा देवि स्वर्णकार, सप्तरी, १७७९ | लक्ष्मण प्र.साह सोनार/महन्थी साह |
| १०८ | मुर्कुची | इन्द्र बहादुर ग्रङजा, उदयपुर, १०२ | रंजन पहलमान ग्रङजा/कमान ध्वज | नभएको | नभएको | शेर कुमारी (सिदाली आले), उदयपुर, १४३०१६/६०६ | भिम व.आले/थाहा नभएको |
| १०९ | मुर्कुची | चेत कुमारी खड्का, उदयपुर, १४३०१८/२३७ | राम बहादुर खडका/शेर बहादुर खडका | सन्त कुमारी कार्की, उदयपुर, ३६६/२४६८ | मिन बहादुर कार्की/रन बहादुर कार्की | राम बहादुर खड्का, उदयपुर, ५९५२८ | शेर बहादुर खड्का/विर बहादुर खड्का |
| ११० | मुर्कुची | वुद्धी माया माझी, उदयपुर, २२६४/९२८ | पुर्ण बहादुर माझी/तिल बहादुर माझी | पुजना राई, उदयपुर, १८४५०/१९१ | अरुन राई/बिश्वराज राई | युवराज माझी, उदयपुर, १४१०४५/१०८५४२ | पुर्ण बहादुर माझी/तिल बहादुर माझी |
| १११ | मुर्कुची | मन्जु माझी, उदयपुर, १४-०१-७२-०३१४७ | लोक वहादुर माझी/सोम बहादुर माझी | भावना माझी, उदयपुर, १४-०२-७४-०२५५६ | लाल बहादुर माझी/डिग बहादुर माझी | सोम बहादुर माझी, उदयपुर, २५८९/९२६ | वुद्धी वल माझी/थाहा नभएको |
| ११२ | कठौना | गिता कुमारी चौधरी, सिरहा, १५३००६/६९४ | विद्यानन्द चौधरी/छोटे लाल चौधरी | ललिता कुमारी चौधरी, सप्तरी, १७७६४/४५१ | भगवती प्रसाद चौधरी/वासुदवे चौधरी | छोटेलाल चौधरी, सप्तरी, ७७६२०५२३ | मनिराम चौधरी/थाहा नभएको |
| ११३ | कठौना | शिव कुमार चौधरी, सप्तरी, ४३५६ | दुनालाल चौधरी/भोनी चौधरी | खखरी देवी, सप्तरी, ७७६२०५२८ | राज कुमार चोधरी/गेनालाल चौधरी | कृष्ण चौधरी, सप्तरी, १६-०१-७५-०२८२७ | दुनालाल चौधरी/भोनी चौधरी |
| ११४ | कठौना | आशा चौधरी, सप्तरी, १६३०८३/१५५ | सितल चौधरी/हरि नारायण चौधरी | ललिता कुमारी चौधरी, सप्तरी, १७७६४/४५१ | भगवती प्रसाद चौधरी/वासुदवे चौधरी | सितल चौधरी, सप्तरी,४०४३ | हरि नायारण चौधरी/थाहा नभएको |
| ११५ | कठौना | उर्मिला कुमारी, सप्तरी, ०५६६ | राम वावु भण्डारी माली/हहुरी भण्डारी माली | ललिता कुमारी चौधरी, सप्तरी, १७७६४/४५१ | भगवती प्रसाद चौधरी/वासुदवे चौधरी | राम वावु भण्डारी माली, सप्तरी, ६०७८०५६५ | हहुरी भण्डारी माली/थाहा नभएको |
| ११६ | कठौना | शुशिला देवी, सप्तरी,१६-०१-७८-१६५४६ | सिताराम साह/तुफन साहु तेली | सविता कुमारी साह, सप्तरी, १६-०१-७८-१६४५० | आनन्द कुमार साह/सिताराम साह | सिताराम साह, सप्तरी, ५९२७३६७४ | तुफन साहु तेली/थाहा नभएको |
| ११७ | कठौना | उषा कुमारी भगत, सप्तरी, ४३२४ | देवेन्द्र कुमार दास/सत्य नारायण दास | राज कुमारी चौधरी, सप्तरी, १६१०८३/३०१ | मंगल प्रसाद चौधरी/विन्ती लाल चौधरी | देवेन्द्र कुमार दास, सप्तरी, १६२१४१११३ | सत्य नारायण दास/थाहा नभएको |
| ११८ | कठौना | मिना देवी सदा, सप्तरी, १६३०६१/११८ | गंगाई सदा/ढलाई सदा | किरण कुमारी यादव, सप्तरी, ७४६५ | अरुण कुमार यादव/सर्व नारायण यादव | परमेश्वर सदा, सप्तरी, ४३८२ | सोनै सदा/थाहा नभएको |
| ११९ | कठौना | उर्मिला देवी यादव, सप्तरी, ४३५१ | देव राम यादव/प्रमेश्वर यादव | किरण कुमारी यादव, सप्तरी, ७४६५ | अरुण कुमार यादव/सर्व नारायण यादव | देव राम यादव, सप्तरी, ३०९३ | प्रमेश्वर यादव/थाहा नभएको |
| १२० | कठौना | जानकी कुमारी राम, सप्तरी, १६१०६०/१९३ | जगर नाथ राम/लुचाई राम | किरण कुमारी यादव, सप्तरी, ७४६५ | अरुण कुमार यादव/सर्व नारायण यादव | जगर नाथ राम, सप्तरी, १६३०६१/२९२ | लुचाई राम/थाहा नभएको |
| १२१ | कठौना | संगिता देवी विश्वकर्मा, सप्तरी, १७३ | रमेश्वर रसाईली/पलट विश्वकर्मा | सुनिता कुमारी चौधरी, सप्तरी, ६२६८४६४९ | सुरेश कुमार चौधरी/लक्ष्मीलाल चौधरी थारु | पुनम कुमारी रसाईली, सप्तरी, १६१०७९/२७२ | रमेश्वर रसाइली/पलट विश्वकर्मा |
| १२२ | कठौना | पुनम कुमारी रसाइली, सप्तरी, १६१०७९/२७२ | प्रकाश विश्वकर्मा/दूर्गो कामी | सुनिता कुमारी चौधरी, सप्तरी, ६२६८४६४९ | सुरेश कुमार चौधरी/लक्ष्मीलाल चौधरी थारु | संगिता देवी विश्वकर्मा, सप्तरी, १७३ | रामेश्वर रसाइली/थाहा नभएको |
| १२३ | कठौना | शान्ती देवी राम, सप्तरी, ४५८३ | हरि मोची/सवुरी मोची | किरण कुमारी यादव, सप्तरी, ७४६५ | अरुण कुमार यादव/सर्व नारायण यादव | हरि मोची, सप्तरी, १६-०१-७०-०७४३६ | सवुरी मोची/थाहा नभएको |
| १२४ | कठौना | मूर्ति देवी सदा, सप्तरी, ४४२७ | सिताराम सदा/बन्हू सदा | किरण कुमारी यादव, सप्तरी, ७४६५ | अरुण कुमार यादव/सर्व नारायण यादव | सिताराम सदा, सप्तरी, १३२२ | बन्हु सदा/थाहा नभएको |
| १२५ | कठौना | सोनिता देवी यादव, सप्तरी, १६-०१-७१-०१४०६ | कारी यादव/स्व. दूखी यादव | किरण कुमारी यादव, सप्तरी, ७४६५ | अरुण कुमार यादव/सर्व नारायण यादव | कारी यादव, सप्तरी, १६१०६१/१३७ | स्व.दूखी यादव/थाहा नभएको |
| १२६ | कठौना | मुनचुन सदा, सप्तरी, ४४२८ | उपेन्द्र सदा/भोला सदा | किरण कुमारी यादव, सप्तरी, ७४६५ | अरुण कुमार यादव/सर्व नारायण यादव | उपेन्द्र सदा, सप्तरी, ४३९४ | भोला सदा/थाहा नभएको |
| १२७ | कठौना | मनोज कुमार चौधरी, सप्तरी, ४७५५ | कुशेश्वर प्रसाद/गर्ज नारायण चौधरी | असरा कुमारी चौधरी, सप्तरी, ७१५९ | राज कुमार चोधरी/शिव नन्द चौधरी | शान्ती देवी चौधरी, सप्तरी, १६३०२६/६९ | मनोज कमार चौधरी/कूशेश्वर प्रसाद |

## सम्पादकीय


# संसदीय मर्यादा र दलभित्रको द्वन्द्व

प्रतिनिधिसभाको जारी बैठकमा नवनिर्वाचित सभामुख डिपी अर्यालालाई शुभकामना दिने क्रममा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले दिएको सुझावलाई उच्चकोटिको मान्न सकिन्छ। सभामुख बन्नुअघि रास्वपाको उपसभापति मात्र होइन, परिस्थिति अनुकूल हुँदा प्रधानमन्त्रीसमेत बन्न सक्ने चर्चा पाएका नेता अर्यालले सभामुख पदको गरिमालाई के-कसरी न्याय गर्छन् भन्ने विषय अहिले प्रतीक्षाको घडीमा छ। यद्यपि, उनलाई शुभकामना दिने रास्वपाका प्रायः सबै सांसदहरूले निष्पक्ष र तटस्थ भूमिका निर्वाह गर्न सुझाव दिनु आफैँमा एउटा सकारात्मक पक्ष हो। हुन पनि सभामुखको पदीय भूमिका निर्वाह गर्ने कार्य बाहिरबाट झट्ट हेर्दा जति सहज देखिन्छ, यथार्थमा यो उत्तिकै जटिल र पेचिलो हुन्छ। संसदीय दल र पार्टीबीचको सम्बन्ध सरल रेखामा अघि बढिरहेको सन्दर्भमा सभामुखको वास्तविक योग्यता र खुबीबारे खासै चासो हुँदैन। तर, जब सत्ता पक्ष र प्रतिपक्षबीचको सम्बन्ध वक्र रेखामा अघि बढ्न थाल्छ र एउटै पार्टीभित्र पनि केन्द्रीय समिति र संसदीय दलको सम्बन्धमा दरार उत्पन्न हुन्छ, तब मुलुकको राजनीतिले सभामुखको उच्च स्तरको योग्यता र खुबी खोज्छ। यस्ता संवेदनशील मामलामा यदि सभामुखको खुबी पुगेन भने मुलुकको राजनीति गम्भीर दुर्घटनामा फस्न सक्छ, जुन कुरा विगतका धेरै अनुभव तथा नजिरहरूद्वारा पुष्टि भइसकेको छ। २०४८ सालको प्रतिनिधिसभाका सभामुख दमननाथ ढुंगानालाई अहिलेसम्मकै काबिल मानिन्छ। तर, तत्कालीन समयमा उनले सत्तारूढ नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी नेकपा (एमाले) बीचको द्वन्द्वलाई व्यवस्थापन गर्ने खुबी प्रदर्शन गर्न सके पनि केही सीमाहरू देखिए। सदनमा लामो समयसम्म बैठक अवरुद्ध भइरहने शृंखला नै चल्यो। दोस्रो चरणमा सत्तारूढ नेपाली कांग्रेसभित्रै केन्द्रीय समिति (सभापति) र संसदीय दल (प्रधानमन्त्री) बीच तीव्र द्वन्द्व भयो। अन्ततः त्यही द्वन्द्वले गर्दा प्रतिनिधिसभाको अकालमै मृत्यु हुन पुग्यो। दुर्भाग्यवश, त्यो गलत नजिर नेपाली राजनीतिमा धेरैपटक दोहोरिइसकेको छ।

संसद् लोकतन्त्रको ऐना हो, जहाँ सत्ता पक्ष र प्रतिपक्षबीचको द्वन्द्वलाई स्वाभाविक मानिन्छ। हाम्रो संविधानले पनि यस्तो द्वन्द्वलाई संसदीय व्यवस्थाको एक सामान्य र जीवन्त प्रक्रियाकै रूपमा स्वीकारेको छ। तर, जब एउटै पार्टीभित्रको संसदीय दल र केन्द्रीय समितिबीच शक्ति र स्वार्थको टकराव सुरु हुन्छ, तब त्यो केवल अस्वाभाविक मात्र नभई मुलुकका लागि अभिशाप नै बन्न पुग्छ। दुर्भाग्यवश, नेपालको राजनीतिक इतिहासमा यस्तै आन्तरिक कलह र अभिशाप पटक-पटक दोहोरिएका कारण राजनीतिक अस्थिरता संस्थागत हुँदै गएको छ। एउटै दलभित्र संसदीय दल र केन्द्रीय समितिबीच द्वन्द्व उत्पन्न हुनुका विविध कारणहरूमध्ये मुख्य कडी भनेको 'स्वार्थको टकराव' नै हो। विगतको अनुभवलाई हेर्दा, संसदीय दलको नेता र पार्टी सभापति (अध्यक्ष) अलग-अलग व्यक्ति भएको अवस्थामा यस्तो टकराव अझ बढी उत्कर्षमा पुग्ने गरेको देखिन्छ। २०५१ सालमा मात्र होइन, २०५९ सालमा समेत नेपाली कांग्रेसको स्पष्ट बहुमत रहेको प्रतिनिधिसभा विघटन हुनुको मुख्य कारण तत्कालीन पार्टी सभापति र संसदीय दलका नेताबीचको व्यक्तिगत र पदीय स्वार्थको टकराव नै थियो। त्यस्तै, २०७७ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २-२ पटक प्रतिनिधिसभा विघटनको सिफारिस गर्नुको पृष्ठभूमिमा पनि पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँगको शक्ति संघर्ष नै कारक थियो। यी ऐतिहासिक नजिरहरूले के पुष्टि गर्छन् भने, जब केन्द्रीय नेतृत्व र संसदीय नेतृत्वबीच सामञ्जस्यता टुट्छ, तब मुलुक नै राजनीतिक दुर्घटनाको खाडलमा जाकिन्छ।

विडम्बनाको कुरा, वर्तमान संसद्को संरचनामा पनि यस्तै जोखिमका संकेतहरू देखिन्छन्। सत्तारूढ रास्वपा मात्र होइन, संसद्को तेस्रो ठुलो दल नेकपा र चौथो ठुलो दल श्रम संस्कृतिबाहेक प्रायः सबै प्रमुख दलहरूमा केन्द्रीय समितिको अध्यक्ष र संसदीय दलको नेता फरक-फरक व्यक्ति छन्। संसदीय दल र केन्द्रीय समिति दुई अलग-अलग निकाय भएकाले अलग-अलग व्यक्तिले नेतृत्व गर्नु आफैँमा अस्वाभाविक त होइन, तर यी दुई नेतृत्वबीच आपसी समन्वय र सुझबुझ हुन्जेल मात्र मुलुकका लागि हितकर हुन्छ। जब यी दुई केन्द्रबीच स्वार्थ बाझिन थाल्छ, तब अस्थिरताको सम्भावना बलियो भएर आउँछ। संसदीय दल र केन्द्रीय समितिबीच हुने द्वन्द्व झट्ट हेर्दा व्यक्तिगत देखिए पनि वास्तवमा यो पद्धतिगत समस्या हो। २०४७ सालको संविधानले राज्यको आधिकारिक अंगका रूपमा संसदीय दललाई मात्र चिन्ने र केन्द्रीय समितिलाई खासै नचिन्ने व्यवस्था गरेकाले राजनीतिक अस्थिरता उत्पन्न भएको निष्कर्ष २०७२ सालको संविधान निर्माताहरूको थियो। त्यही निष्कर्षका आधारमा वर्तमान संविधान र राजनीतिक दलसम्बन्धी ऐनमा संसदीय दललाई केन्द्रीय समितिको छायाजस्तो बनाइएको छ। उदाहरणका लागि, यदि संसदीय दलले पार्टीको निर्देशन मानेन भने केन्द्रीय समितिले 'राजनीतिक दलसम्बन्धी ऐन' प्रयोग गरी सांसदको पद नै खारेज गरिदिन सक्छ। यद्यपि, सांसदहरूको पद खारेज गर्ने अन्तिम निर्णयाधिकार भने सभामुखमा निहित हुन्छ। संसदीय व्यवस्था भन्ने तर राज्यको आधिकारिक अंग मानिएको संसदीय दललाई पार्टीले सिधै लगाम लगाउन सक्ने संवैधानिक तथा कानुनी व्यवस्था आफैँमा विरोधाभासपूर्ण छ। संसदीय दलका सदस्यहरू जनता र संसद्प्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुन्छन् भने पार्टीका पदाधिकारीहरू केवल आफ्ना कार्यकर्ता र महाधिवेशनप्रति मात्र जबाफदेही हुन्छन्। यस्तो विरोधाभासपूर्ण प्रावधान रहिरहेको वर्तमान अवस्थामा संसदीय व्यवस्थाको मर्म जोगाउने र सदनलाई दुर्घटनाबाट बचाउने मामलामा सभामुखको भूमिका अत्यन्त गहन र निर्णायक देखिन्छ। नयाँ सभामुखले यस पेचिलो परिस्थितिलाई कसरी सन्तुलनमा राख्छन्, त्यो नै उनको सफलताको कडी हुनेछ।

# आधुनिक युगको डिजिटल ब्रह्मास्त्र



अञ्जु कार्की

> सामाजिक सञ्जाल आधुनिक युगको 'डिजिटल ब्रह्मास्त्र' हो, जसले सूचनाको लोकतान्त्रीकरण त गर्‍यो, तर प्रयोगकर्ताको विवेक र धैर्यतालाई साँघुरो बनाउँदै लगेको छ । प्रविधिलाई निषेध गरेर होइन, बरु अश्वत्थामाको जस्तो अदूरदर्शी आवेग त्यागेर नागरिक चेतना र नैतिक उत्तरदायित्वसहितको प्रयोगले मात्र हामी यस डिजिटल चक्रव्यूहबाट जोगिन र लाभ लिन सक्छौँ

२१औँ शताब्दीको मानव सभ्यतालाई सबैभन्दा बढी उथलपुथल पार्ने कुनै प्रविधि छ भने त्यो 'सामाजिक सञ्जाल' नै हो। इन्टरनेटको माध्यमबाट विचार, सूचना र मानवीय संवेदना साटासाट गर्ने एक सामान्य डिजिटल मञ्चका रूपमा सुरु भएको यो प्रविधि आज विश्व राजनीतिको दिशा बदल्ने, सामाजिक सम्बन्धको स्वरूप फेर्ने र व्यक्तिको निजी मनोविज्ञानलाई समेत नियन्त्रण गर्ने शक्तिशाली औजार बनेको छ। तर, यसको तीव्र विस्तारसँगै हुर्किएको अनियन्त्रित र असावधानीपूर्ण प्रयोगले एउटा गम्भीर दार्शनिक प्रश्न उब्जाएको छ, के हामी प्रविधिलाई चलाइरहेका छौँ कि प्रविधिले हामीलाई चलाइरहेको छ ?

तथ्यांक विशेषज्ञ एडवर्ड तुफ्तेले सामाजिक सञ्जालको लतलाई व्यंग्य गर्दै भनेका छन्, 'संसारमा केवल दुईवटा उद्योग मात्र छन् जसले आफ्ना ग्राहकलाई 'प्रयोगकर्ता' भन्छन्, एउटा अवैध लागुपदार्थको व्यापार र अर्को सफ्टवेयर।' यो भनाइले सामाजिक सञ्जालले सिर्जना गरेको अदृश्य लत र यसको गहिराइलाई प्रष्ट पार्छ। जसरी लागुपदार्थले मानिसको विवेकलाई सुस्त बनाउँछ, त्यसरी नै सामाजिक सञ्जालको 'एल्गोरिदम'ले मानिसलाई आफ्नै संसारमा कैद गरिदिन्छ।

सञ्चार आदान-प्रदानका लागि वरदान सावित भएको यस प्रविधिलाई प्रसिद्ध स्तम्भकार सिके लालले आफ्ना लेखहरूमा सधैँ '(अ)सामाजिक सञ्जाल' भनेर उल्लेख गर्ने गर्छन्। हुन पनि, 'चिन्नेलाई श्रीखण्ड, नचिन्नेलाई खुर्पाको बिँड' भने जस्तै भएको छ नेपालमा सामाजिक सञ्जालको प्रयोग। सूचनाको लोकतान्त्रीकरण गर्ने बहानामा यो कतिपय अवस्थामा भिडतन्त्र र व्यक्तिगत चरित्रहत्याको थलोसमेत बन्न पुगेको छ। सायद यही वस्तुतथ्यलाई उजागर गर्न उनले यसको सामाजिकतामाथि प्रश्न उठाएका होलान्।

पूर्वीय सभ्यताको प्रसिद्ध ग्रन्थ महाभारतका सन्दर्भमा भनिएको छ, 'यदिहास्ति तदन्यत्र, यन्नेहास्ति न तत्क्वचित्'। अर्थात्, जे यहाँ छ, त्यो अन्त पनि छ; जे यहाँ छैन, त्यो कतै पनि छैन। त्यसैले महाभारतलाई 'पञ्चम वेद' पनि भनिन्छ। जीवनका भोगाइ, मानवीय स्वभाव र द्वन्द्वको कुनै पनि पाटोलाई यसले अधुरो छोडेको छैन। सामाजिक सञ्जालको शक्ति, सूचनाको प्रवाह र प्रयोगकर्ताको नियतलाई कसीमा राखेर हेर्दा महाभारतले हजारौँ वर्षअघि नै यस्तो प्रवृत्तिको व्याख्या गरिसकेको भान हुन्छ। भनिन्छ, 'महाभारत पढ्नु भनेको संसारलाई ऐनामा हेर्नु जस्तै हो।' यसमा नभएको मानवीय अनुभव र मनोदशा सायदै संसारमा कतै अस्तित्वमा होला।

सामाजिक सञ्जालको दुरुपयोग र यसले निम्त्याएको संकटका सन्दर्भमा महाभारतका महत्त्वपूर्ण पात्र अश्वत्थामाले चलाएको 'ब्रह्मास्त्र'को प्रसंग सबैभन्दा सान्दर्भिक देखिन्छ। यसले कसरी एउटा शक्तिशाली प्रविधिलाई 'चलाउन त जान्ने तर फर्काउन नजान्ने' अदूरदर्शी मानिसले प्रयोग गर्दा समग्र विनाश निम्त्याउँछ भन्ने उदाहरण दिन्छ।

कथाअनुसार, महाभारतको युद्ध अन्त्यतिर पुग्दा आफ्ना पिता द्रोणाचार्य र मित्र दुर्योधनको मृत्युबाट विक्षिप्त भएका अश्वत्थामाले पाण्डवहरूको विनाश गर्ने अठोट गरे। उनले प्रतिशोधको झोंकमा पाण्डवहरूको वंश नै सखाप पार्न 'ब्रह्मास्त्र' प्रहार गरे। जब उनलाई श्रीकृष्ण र अर्जुनले रोक्न खोजे, तब उनले त्यो अस्त्र फिर्ता लिन सकेनन्। बरु, उनले त्यसलाई झन् घातक बनाउँदै उत्तराको गर्भ (भविष्यको पुस्ता) तिर सोझ्याइदिए। अश्वत्थामासँग ब्रह्मास्त्र चलाउने 'प्रविधि' त थियो, तर त्यसलाई कसरी नियन्त्रण गर्ने वा फिर्ता लिने भन्ने 'संयम र ज्ञान' थिएन।

यतिबेला हाम्रो परिवेशमा सामाजिक सञ्जालको प्रयोग पनि ठ्याक्कै त्यही 'अश्वत्थामा शैली'मा भइरहेको देखिन्छ। एउटा 'क्लिक'का भरमा सूचनालाई ब्रह्माण्डभर फैलाउने प्राविधिक शक्ति त हामीसँग छ, तर त्यसले फैलाउने नकारात्मकता र समाजमा पार्ने दीर्घकालीन चोटलाई कसरी रोक्ने भन्ने विवेक धेरैमा हराएको छ। जसरी अश्वत्थामाले त्यो अस्त्र रक्षाका लागि होइन, बदला र घृणाका लागि प्रयोग गरे, त्यसरी नै आज सामाजिक सञ्जालमा प्रवाहित हुने कतिपय सामग्रीहरू समाजमा डँढेलो जसरी फैलिएर आपसी सद्भाव खरानी बनाइरहेका छन्।

अश्वत्थामाको त्यो अदूरदर्शी निर्णयले निर्दोषको ज्यान जोखिममा मात्र पारेन, उनले स्वयं पनि हजारौँ वर्षसम्म भड्किनुपर्ने श्राप पाए। त्यसैगरी, सामाजिक सञ्जालमा विनासोचविचार फैलाइने 'भ्रामक सूचना' वा 'घृणा' ले समाजको भविष्य त कुरूप बनाउँछ नै, प्रयोगकर्ता स्वयंको व्यक्तित्व र नैतिकतालाई पनि स्खलित गरिरहेको हुन्छ।

खुकुरीले तरकारी पनि काटिन्छ र घाँटी पनि, यो त प्रयोगकर्ताको हात र नियतमा भर पर्ने कुरा हो। त्यस्तै, सामाजिक सञ्जालले संसारलाई जोड्न पनि सक्छ र एउटा झुटो पोस्टले दंगा भड्काउन पनि सक्छ। अश्वत्थामाको कथाले हामीलाई एउटै शाश्वत सत्य सिकाउँछ - 'कुनै पनि शक्तिशाली साधन प्रयोग गर्नुअघि त्यसलाई नियन्त्रण गर्ने र त्यसको परिणाम भोग्ने सामर्थ्य हुनुपर्छ।' यदि नियत खराब भयो भने वरदान पनि अभिशाप बन्न बेर लाग्दैन।

### मार्सल मक्लुहानको त्यो दूरदर्शिता

२०औँ शताब्दीका सबैभन्दा प्रभावशाली सञ्चार सिद्धान्तकार तथा मिडिया दार्शनिक मानिन्छन्, मार्सल मक्लुहान। उनले इन्टरनेट र सामाजिक सञ्जालको प्राविधिक उदय हुनुभन्दा दशकौँ पहिले नै आजको 'डिजिटल अराजकता' र यसको प्रभावको सटीक भविष्यवाणी गरेका थिए। उनको प्रसिद्ध सूत्र छ - 'द मिडियम इज द म्यासेज' अर्थात् माध्यम नै सन्देश हो।

यसको गहिरो अर्थ हो - 'कुनै माध्यम (जस्तै सामाजिक सञ्जाल)बाट के कुरा प्रवाह भइरहेको छ भन्ने मात्र महत्त्वपूर्ण होइन, त्यो माध्यमको आफ्नै बनोट कस्तो छ र त्यसले मानव समाजको चेतनालाई कसरी पुनर्गठित गर्दै छ भन्ने कुरा झन् बढी अर्थपूर्ण हुन्छ।' उदाहरणका लागि, खुकुरीले के काटियो भन्ने एउटा पक्ष भयो, तर खुकुरीको आविष्कारले मानिसको 'काट्ने क्षमता' र 'हिंस्रक वा सुरक्षात्मक सोच्ने तरिका' मा जुन आमूल परिवर्तन ल्यायो, त्यो नै त्यस माध्यमको वास्तविक प्रभाव हो।

आजको सन्दर्भमा, हामी फेसबुक वा टिकटकमा के पोस्ट गर्‍यौँ भन्ने कुरा गौण बन्दै गएको छ। बरु, सामाजिक सञ्जालको बनोटले मानिसलाई जुन 'हतार गर्ने', 'सतही बन्ने' र 'बिनाविवेक प्रतिक्रिया दिने' एउटा यान्त्रिक स्वभावमा ढालिदिएको छ, त्यो नै मक्लुहानले भनेको वास्तविक 'सन्देश' वा असर हो। यसले हाम्रो धैर्यतालाई नष्ट गरेर हामीलाई तत्कालै उत्तेजित हुने भिडमा रूपान्तरण गरिदिएको छ।

मक्लुहानले सन् १९६० कै दशकमा परिकल्पना गरेका थिए कि विद्युतीय प्रविधिले संसारलाई एउटा 'विश्व ग्राम' बनाइदिनेछ, जहाँ संसारको एउटा कुनामा भएको घटनाको प्रतिध्वनि तुरुन्तै अर्को कुनामा सुनिनेछ। तर, उनले यो पनि चेतावनी दिएका थिए कि जब मानिसहरू यसरी अभूतपूर्व रूपमा नजिकिन्छन्, त्यहाँ केवल 'भ्रातृत्व र शान्ति' मात्र हुँदैन, बरु एकअर्काको निजी मामिलामा बढ्दो चासो र सांस्कृतिक घर्षण पनि उत्तिकै पैदा हुनेछ। आज सामाजिक सञ्जालमा एउटा सानो भ्रामक पोस्टले संसारभरि डढेलो लगाउनु र मानिसहरू विचारका आधारमा विभाजित हुनु यही 'ग्लोबल भिलेज' को एउटा अँध्यारो र कुरूप पक्ष हो।

मक्लुहानका अनुसार पांग्रा खुट्टाको विस्तार हो भने पुस्तक आँखाको विस्तार। त्यसैगरी, विद्युतीय सञ्चार हाम्रो केन्द्रीय स्नायु प्रणाली र मस्तिष्कको विस्तार हो। जब हामीले आफ्नो मस्तिष्कलाई नै इन्टरनेट र सामाजिक सञ्जालको माध्यमबाट बाहिर विस्तार गर्छौँ, तब हाम्रो 'विवेक' र 'सोच्ने शक्ति' पनि बिस्तारै त्यही माध्यमको नियन्त्रण र 'एल्गोरिदम' को पञ्जामा पुग्छ। यदि हामी सचेत भएनौँ भने हाम्रो आफ्नै यो 'विस्तारित अंग' ले हामीलाई नै आत्मघाती क्षति पुर्‍याउन सक्छ। सामाजिक सञ्जालले हाम्रो आवाजलाई त विस्तार गरिदियो, तर विडम्बना, हाम्रो सुन्ने र मनन गर्ने विवेकलाई भने साँघुरो बनाउँदै लगेको छ।

हामीले गर्वका साथ निर्माण गरेको यो 'डिजिटल खुकुरी' ले आज हामी आफैँलाई र हाम्रा सामाजिक मूल्यहरूलाई काटिरहेको छ। मक्लुहानले उतिबेलै भनेका थिए - 'जसरी माछालाई आफू पौडिरहेको पानीको बारेमा थाहा हुँदैन, त्यसै गरी मानिसलाई प्रविधिले पारेको प्रभावको बारेमा पत्तो हुँदैन, जबसम्म त्यसले अपूरणीय क्षति पुर्‍याउँदैन।' हामी पहिले हाम्रा औजार र प्रविधि बनाउँछौँ, तर पछि तिनै औजारहरूले हाम्रो बानी, व्यवहार र समग्र संस्कृतिलाई बनाउन (वा बिगार्न) थाल्छन्। यदि हामीले सामाजिक सञ्जाललाई घृणा फैलाउने अस्त्र बनायौँ भने, ढिलोचाँडो हाम्रो सिंगो समाज नै घृणित र हिंस्रक बन्न पुग्छ।

अर्का प्रसिद्ध सञ्चार समाजशास्त्री नेल पोस्टम्यानले आफ्नो पुस्तक 'टेक्नोपोली' मा प्रविधिलाई एउटा यस्तो सम्झौताका रूपमा व्याख्या गरेका छन्, जसले केही दिन्छ र बदलामा केही खोसेर लैजान्छ। उनले यसलाई 'वरदान र अभिशाप' को सन्तुलन भनेका छन्। सामाजिक सञ्जालले हामीलाई 'असीमित सूचना' र 'अभिव्यक्ति स्वतन्त्रता' को वरदान त दियो, तर विनिमयमा हाम्रो 'गहन चिन्तन', 'धैर्यता' र 'सामाजिक सद्भाव' खोसेर लगिरहेको छ।

मक्लुहानको तर्कलाई आधार मान्ने हो भने सामाजिक सञ्जाल आफैँमा तटस्थ औजार हो, तर यसले मानिसको भित्री नियतलाई कैयौँ गुणा 'एम्प्लिफाई' (विस्तार) गरिदिन्छ। खराब र अस्थिर मानिसको हातमा पुग्दा यो एउटा 'विध्वंसक अस्त्र' बन्न पुग्छ। पोस्टम्यानको चेतावनी अझ गम्भीर छ, यदि हामीले प्रविधि चलाउने न्यूनतम संस्कार र नैतिक धरातल बिर्सियौँ भने, प्रविधिले हाम्रो संस्कृति र मानवीय संवेदनालाई त्यसरी नै भस्म गरिदिनेछ, जसरी पौराणिक कथामा भस्मासुरले आफ्नै विनाश निम्त्याएको थियो। त्यसैले, डिजिटल युगको यो ब्रह्मास्त्र चलाउनुअघि हामीले यसलाई फर्काउने वा नियन्त्रण गर्ने विवेकको विकास गर्नु अनिवार्य छ।

### डिजिटल साक्षरता र नागरिक दायित्व

नेपाली समाजको पछिल्लो कालखण्डलाई नियाल्दा २०८२ भदौ २३ र २४ गतेको घटना एउटा ऐतिहासिक मोडका रूपमा अंकित भएको छ। नेपालले जुन जेनजी अर्थात् नयाँ पुस्ताको अभूतपूर्व डिजिटल क्रान्ति देख्यो, त्यसको मुख्य झिल्को सरकारले सामाजिक सञ्जालमाथि लगाएको अंकुश नै थियो। आजको पुस्ताका लागि सामाजिक सञ्जाल केवल सञ्चारको माध्यम मात्र होइन, यो त उनीहरूको पहिचान, अभिव्यक्ति र अस्तित्वसँग जोडिएको 'डिजिटल अक्सिजन' जस्तै बनिसकेको छ भन्ने हेक्का सरकारले नराख्दाको परिणाम थियो त्यो।

जब सरकारले सुरक्षा र मर्यादाको नाममा २६ वटा डिजिटल साइटहरूमा एकमुष्ठ प्रतिबन्ध लगाउने आत्मघाती निर्णय गर्‍यो, तब सडकमा युवाहरूको यस्तो लहर उर्लियो जसले अन्ततः सत्ता मात्रै परिवर्तन भएन देश नै खरानी बन्यो। यस घटनाले स्पष्ट पारेको छ कि प्रविधिलाई निषेध गरेर होइन, यसलाई आत्मसात् र व्यवस्थित गरेर मात्र आधुनिक राज्य सञ्चालन सम्भव छ। यद्यपि, यो परिवर्तनपछि 'अब देश कता जाँदै छ ?' भन्ने प्रश्नको उत्तर अझै पनि गम्भीर र अनिश्चित बनेको छ।

२१औँ शताब्दी सूचना र प्रविधिको उत्कर्षको युग हो। इन्टरनेटको तीव्र विकाससँगै सामाजिक सञ्जालले मानव जीवनको हरेक पत्रलाई गहिरो गरी प्रभावित पारेको छ। फेसबुक, टिकटक, इन्स्टाग्राम र एक्स (ट्विटर) जस्ता प्लेटफर्महरू आजको पुस्ताको दैनिकीका अभिन्न हिस्सा हुन्। सामाजिक सञ्जालको पहुँच जसरी भुसको आगोजस्तै फैलिरहेको छ, यसले हाम्रो सामाजिक संरचना, परम्परागत संस्कृति, अर्थतन्त्र र व्यक्तिको अन्तर्मनको मनोविज्ञानमा समेत व्यापक फेरबदल ल्याइदिएको छ।

आज सामाजिक सञ्जाल केवल मनोरञ्जनको थलो मात्र रहेन; यो त शिक्षा, विश्वव्यापी व्यापार, वैकल्पिक राजनीति र नागरिक आन्दोलनको सबैभन्दा शक्तिशाली मञ्चका रूपमा स्थापित भएको छ। यसले सूचनाको प्रवाहलाई यति सहज र लोकतान्त्रिक बनाइदिएको छ कि विश्वको कुनै पनि कुनामा घटेको सानो घटनाको तरंग क्षणभरमै स्थानीय तहसम्म पुग्छ। विद्यार्थीहरूका लागि यो ज्ञानको महासागर बनेको छ, जहाँ अनलाइन कक्षादेखि जटिल अनुसन्धानका सामग्रीहरू एक 'क्लिक'मा उपलब्ध छन्।

भौगोलिक दुरीलाई यसले निकै साँघुरो बनाइदिएको छ। पहिले ७ समुद्रपारि रहेका आफन्तसँग आवाज सुन्न पनि हप्तौँ कुर्नुपर्ने अवस्था थियो, तर अहिले भिडियो कल र तत्काल सन्देशमार्फत पारिवारिक स्नेह जीवन्त रहन सकेको छ। आर्थिक दृष्टिकोणले हेर्दा डिजिटल मार्केटिङ र ई-कमर्सका लागि यो वरदान सावित भएको छ। ठुला कर्पोरेट हाउसदेखि घरमै बसेर सानो व्यवसाय गर्ने उद्यमीसम्मका लागि आफ्नो उत्पादन विश्व बजारमा पुर्‍याउने यो सबैभन्दा सस्तो र प्रभावकारी माध्यम हो।


यति मात्र होइन, सामाजिक सञ्जालले दबेका आवाजहरूलाई मुखरित गर्ने काम पनि गरेको छ। महिला अधिकार, जलवायु परिवर्तन, भ्रष्टाचार विरुद्धको अभियान र मानवअधिकारका मुद्दाहरूमा जनचेतना फैलाउन यसले पुर्‍याएको योगदान अतुलनीय छ। युवा पुस्ताले आफ्नो लुकेको कला, संगीत, लेखन र अभिनयलाई यही मञ्चमार्फत प्रस्फुटन गराएर नयाँ अवसर र पहिचान प्राप्त गरिरहेका छन्।

तर, सिक्काको अर्को पाटो अझै चुनौतीपूर्ण छ। हाम्रो जस्तो विकासोन्मुख देशमा, जहाँ 'डिजिटल साक्षरता'को निकै कमी छ, त्यहाँ सामाजिक सञ्जालको दुरुपयोग भयावह रूपमा प्रकट भइरहेको छ। अभिव्यक्ति स्वतन्त्रताको आडमा फैलाइने घृणास्पद अभिव्यक्ति, निर्वाचनका समयमा हुने नियोजित सूचनाको हेरफेर र टिकटक जस्ता माध्यमबाट भइरहेको सांस्कृतिक विचलनले राज्य र नागरिक समाज दुवैलाई गम्भीर बनाएको छ। भ्रामक समाचारले समाजमा साम्प्रदायिक सद्भाव बिथोल्ने जोखिम सधैँ कायमै रहन्छ।

अन्ततः, सामाजिक सञ्जाललाई केवल एउटा रमाइलो गर्ने साधन मात्र ठान्नु ठुलो भूल हुनेछ। यो त एउटा यस्तो शक्तिशाली 'डिजिटल ऐना' हो, जसले हाम्रो समाजको असली चरित्रलाई छर्लंग देखाउँछ। यसले समाज बनाउन पनि सक्छ र भत्काउन पनि। अबको आवश्यकता यसमाथि पूर्ण प्रतिबन्ध लगाउने अनुदारवादी सोच होइन, बरु सचेत, मर्यादित र उत्तरदायी प्रयोग हो।

राज्यले समयसापेक्ष र न्यायपूर्ण डिजिटल कानुन बनाउनुपर्छ भने नागरिकले उच्चस्तरको 'डिजिटल विवेक' र नैतिकता प्रदर्शन गर्नुपर्छ। यदि हामीले प्रविधिलाई आफ्नो विवेकको लगामले नियन्त्रण गर्न सकेनौँ भने, हामी ती विशाल सफ्टवेयर कम्पनीका निर्जीव 'प्रयोगकर्ता' मात्र बनिरहनेछौँ, जसको मूल्य हाम्रो निजी स्वतन्त्रता र सामाजिक मूल्य-मान्यताले चुकाउनुपर्नेछ। प्रविधिको दास होइन, मालिक बनेर मात्र हामी यो डिजिटल चक्रव्यूहबाट पार पाउन सक्छौँ।

# संविधानको पुनर्मूल्यांकन र सुशासनको कार्यसूची



सरोज दिलु विश्वकर्मा

राष्ट्रिय स्वतन्त्र पार्टीले अनपेक्षित चुनावी परिणाम प्राप्त गरेपछि चैत १३ गते पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार निर्माण भइसकेको छ। सम्भवतः नेपालको इतिहासमै कम उमेरको कार्यकारी प्रमुख र हाल विश्वभर बहाल रहेका प्रधानमन्त्रीहरूमध्ये कम उमेरका प्रधानमन्त्री हुनुहुन्छ, शाह। अझ मधेसी मूलबाट देशको कार्यकारी तहमा पुग्नु तथा समाजको पिँधमा रहेको बादी जातिबाट क्याबिनेट मन्त्री बन्नु पुरानो मानवशास्त्रीय भाष्यको रूपान्तरणसमेत हो।

यो सरकारमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुनु, मधेसी र जनजातिले महत्त्वपूर्ण भूमिका प्राप्त गर्नु अनि अति सीमान्तकृत दलित जातिबाट महिलालाई समावेश गरिनुले संविधानको समावेशी मर्म र भावनालाई पूर्ण रूपमा सम्बोधन गरेको देखिन्छ। यो सरकारले आफू जेनजीको पृष्ठभूमिबाट निर्माण भएको मात्र नभई, हाम्रो लोकतन्त्रको पहरेदारसमेत रहेको स्पष्ट संकेत देखाएको छ। नेपाली राजनीतिमा सत्ता प्राप्तिलाई नाफा-घाटा वा उमंग र उत्सवका रूपमा लिने गरिएको इतिहासलाई परिवर्तन गर्दै चुनौतीको सामना गर्ने अवसर स्थापित भएको छ। त्यसैले, यो परिवर्तन युगान्तकारी मात्र नभई लोकतन्त्रको निर्णायक मोड पनि हो।

करिब दुई-तिहाइको जनादेश प्राप्त सरकारबाट नेपाली जनताले सोही अनुपातकै आशा गरेका छन्। अन्य पार्टीहरूले आजसम्म गर्न नसकेका र नभ्याएका विकास र निकासका कार्यहरू यो सरकारले गर्नु छ भने पुरानाहरूले बिगारेका कार्यहरूलाई सुधारेर ट्र्याकमा ल्याउनु छ। त्यसका लागि प्रधानमन्त्री शाहलाई काठमाडौँ महानगरको सफल अनुभव भएकाले उहाँसँग नेपाली जनताले निकै आशा र भरोसा गरेका छन्।

नयाँ सरकारले १०० बुँदे कार्यसूची सार्वजनिक गरिसकेको छ। ती कार्यसूचीभित्र रहेका र त्यसबाहेक पनि सरकारले गर्नुपर्ने केही गहन कार्यहरू छन्। पहिलो त, यो सरकारको प्रमुख चुनौती भनेको मुखियावादी राजनीतिक संस्कारलाई तोड्नु हो। चुनाव जित्नका लागि ठुला र साना 'मुखिया' हरूले टिकट पाउने, तिनैले शक्ति, पैसा र बल प्रयोग गरेर जित्ने, अनि पहुँचविहीन वर्ग र समुदायका लागि छुट्याइएको समानुपातिक कोटामा समेत तिनकै नातागोता र आफन्तहरूले कब्जा गर्ने राजनीतिक कुसंस्कारलाई भत्काउनु पर्छ। सामान्य नियुक्तिदेखि राजदूत, जिएम वा प्रहरी प्रमुखहरूको नियुक्ति, सरुवा र बढुवा गर्दा सुटकेस बुझाउनुपर्ने र नियुक्ति भएपछि सोहीअनुसार अनियमितता गर्नुपर्ने बेथितिलाई अन्त्य गर्नु आजको आवश्यकता हो।

यसैगरी, दलित र उपेक्षित समुदायमाथि भएको तिरस्कार, अपमान तथा विभेदलाई स्वीकार गर्दै राज्यको तर्फबाट माफी माग्ने कार्यक्रम सरकारको एउटा ऐतिहासिक र क्रान्तिकारी कदम हो। तथापि, माफी मागेर मात्रै समस्याको समाधान हुने छैन। माफी मागिसकेपछि सोहीअनुसार दलित र उत्पीडितहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि समावेशी कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ। विभेदलाई निर्मूल पार्न राज्यका संयन्त्रहरूलाई चलायमान बनाउन सक्नुपर्दछ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा २४ र धारा ४० लाई कार्यान्वयन गर्नका लागि एकीकृत ऐन निर्माण गरी लागू गर्न आवश्यक छ भने 'जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन' को कार्यान्वयन पक्षलाई सार्थक बनाउनुपर्ने हुन्छ। सरकारले जातीय विभेदको उजुरी कुरेर बस्नुभन्दा पनि त्यस्ता विभेद कहाँ छन्, खोजेर न्याय दिनुपर्दछ।

तेस्रो विषय भनेको यो सरकार जेनजी आन्दोलनको पृष्ठभूमिबाट निर्माण भएको हो। त्यसैले, पहिलो अधिवेशनमै संसद्ले जेनजीका मुद्दाहरूमा संकल्प प्रस्ताव पारित गर्नुपर्नेछ। यो मुलुकमा भ्रष्टाचार एउटा संस्कृति बनिसकेको छ। भ्रष्टाचार ठुला नेता वा पदाधिकारीमा मात्र सीमित रहेन, तहअनुसार सिंहदरबारदेखि तरकारी पसलसम्मै सरिसकेको छ। यसतर्फ यसलाई जरैदेखि उखेल्ने खालका दण्ड-सजाय र जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ।

जुनसुकै र जतिसुकै राम्रो अनि प्रगतिशील सरकार आए तापनि मुलुकले फड्को नमार्नुको एउटा मुख्य कारण हाम्रो अस्पष्ट र अपूर्ण संविधान हो, र त्यो संविधान अन्तर्गतको शासकीय व्यवस्था हो। अब 'वेस्टमिन्स्टर' जस्तो शासकीय प्रणाली नेपालमा उपयुक्त हुँदैन भन्ने तथ्य यो १८ वर्षको उदाहरणले स्पष्ट पारेको छ। नेपालमा जर्मन मोडल वा अमेरिकी मोडलको शासकीय प्रणाली उपयुक्त हुने देखिन्छ। विशेष गरी कार्यकारी राष्ट्रपतीय पद्धति नै बढी सान्दर्भिक देखिन्छ, जुन सिधै जनताप्रति उत्तरदायी हुन्छ। यसबाहेक हाम्रो निर्वाचन प्रणाली र संघीय शासन व्यवस्था अति नै भद्दा र खर्चिलो छ। तिनलाई जनताको चाहनाअनुसार परिमार्जन गरी सर्वसाधारणले निर्वाचनमा सहजै भाग लिन सक्ने प्रणाली बसाल्नुपर्ने हुन्छ भने संघीयताको विषयमा संसद्मा पुनः व्यापक छलफल हुनै पर्दछ।

यसैगरी, संविधानले न्यायालयलाई अनियन्त्रित राखिदिनाले कहिलेकाहीँ कार्यपालिकाभन्दा माथि चढेर न्यायपालिकाले शासन चलाउने गरेको देखिन्छ। न्यायालयमै पदको भागबन्डा र 'सेटिङ' हुने सामाचार आउने गरेको तथ्य पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको तीतो अनुभवले समेत पुष्टि गर्दछ। अतः न्यायालयलाई 'फास्ट ट्र्याक' प्रणालीको एक संसदीय संयन्त्रभित्र राखेर आवश्यक पर्दा नियन्त्रण र सन्तुलन कायम गरिनुपर्दछ।

अझ न्यायाधीशहरूको गलत र अवैज्ञानिक न्याय सम्पादनका कारण धेरै नागरिक अन्यायमा पर्दै आएका छन्। यसले जनताको धन, समय र मानसिक स्वास्थ्यमा खेलबाड गरेको छ। तसर्थ, गलत न्याय सम्पादन गर्ने न्यायाधीशहरूलाई समेत सजाय हुने व्यवस्था यो संविधानले गर्नुपर्दछ। सरकारले सम्पत्ति शुद्धीकरणका फाइलहरू त खोलेको छ, तर अकूत सम्पत्ति कमाउने कुनै पनि न्यायाधीशलाई आजसम्म सम्पत्ति शुद्धीकरणले छोएको छैन। अतः न्यायाधीशहरूलाई समेत छानबिनको घेराभित्र ल्याएर शुद्धीकरण गरिनुपर्दछ। यसका लागि वर्तमान सरकारले ठोस पहल गरोस्।

अर्को मुख्य विषय, हाम्रो पुरानो एकात्मक कर्मचारीतन्त्र र त्यसले बनाएका नीति-नियमका कारण सेवाग्राही जनताले निकै दुःख पाउने गरेका छन्। यही कर्मचारीतन्त्रकै ढिलासुस्तीका कारण राज्यले विनियोजन गरेको बजेट ४० प्रतिशत पनि खर्च हुन नसक्ने अवस्था छ। १४ महिना अगाडि पारित भएको बजेट आर्थिक वर्ष सकिन लाग्दा बल्ल काम सुरु हुने र काम नसकिँदै फर्स्योट गरिसक्नुपर्ने विडम्बनापूर्ण प्रणाली विद्यमान छ। जसका कारण योजनाहरू न समयमा आरम्भ हुन्छन्, न त सम्पन्न नै। कर्मचारी, ठेकेदार र भेन्डरको मिलेमतोमा केवल कागजी काम मात्र हुँदै आएको छ।

यो प्रणालीलाई चिर्नका लागि कर्मचारीलाई ग्राहक (जनता) को सेवाको मानअनुसार मात्र तलब भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ। अर्थात्, दिन वा महिनामा जनताको यति काम सम्पन्न गर्नैपर्ने गरी 'स्ट्यान्डर्ड' तोकिनुपर्छ। निर्धारित परिणामको काम सम्पन्न गरेपछि मात्र तलब पाउने व्यवस्था हुनुपर्छ। अझ कर्मचारीलाई ३० वर्षे सेवाको ग्यारेन्टीभन्दा पनि हरेक ५-५ वर्षमा नवीकरण र नसिहतको व्यवस्था हुनुपर्छ भने प्रत्येक कर्मचारीको वार्षिक लेखापरीक्षण हुनुपर्छ, जुन प्रणाली युरोप, अमेरिका तथा बेलायतमा प्रचलित छ। यसो भएमा मात्र सरकारको सुशासनको कार्यसूचीले सार्थकता पाउनेछ।

प्राकृतिक स्रोत व्यवस्थापनको सवालमा राज्य थोरै उदार हुनैपर्छ। हामीसँग प्रशस्त प्राकृतिक स्रोत, साधन र सम्भावनाहरू छन् र विदेशमा यसको बजार पनि छ। अतः 'मेरो देशको माटो, ढुंगा, जंगल र हावापानी नै मेरो देशको राष्ट्रियता हो' भनेर पोको पारेर राख्नुभन्दा तिनको बजार खोजी गरी प्राप्त लाभबाट देशको आर्थिक विकास गर्नु उपयुक्त हुन्छ। त्यसैले, प्रकृतिले दिएको वरदानलाई आर्जनमा लगाउने कार्यक्रम समेत यो सरकारले ल्याओस्।

यी सबै व्यवस्था गर्नका लागि प्रथमतः संविधान संशोधन आवश्यक छ। संशोधनका लागि जनताको घरदैलोमा जाने, स्थानीय समस्याको पहिचान गर्ने र विज्ञहरूको परामर्श लिने कार्यलाई सरकारले तत्काल अघि बढाउनुपर्छ। अझ यो वर्ष त चालु संविधानको पुनर्मूल्यांकन गर्ने वर्ष पनि हो। त्यसैले पनि संविधानका धेरै कुराहरू फेरबदल गर्ने कार्यलाई सरकारले पहिलो कार्यसूचीमा राखोस्। बालेन सरकारलाई यही शुभकामना।

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | परेशानी। | मिथुन | कार्य सिद्धि। | सिंह | कार्यमा अवरोध। | तुला | पूर्णता। | धनु | आनन्द। | कुम्भ | ब्यापार वृद्धि। |
| वृष | छटपटी। | कर्कट | विजय प्राप्त। | कन्या | गृह सुख। | वृश्चिक | कुटुम्ब धोखा। | मकर | भय। | मीन | अधुरो कार्य सिद्धि। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# लोकप्रिय बन्दै अकुपन्चर उपचार पद्धति

**शरीरका विशेष विन्दुहरू 'अकुप्वाइन्ट्स' मा सुईहरू घोचेर रोगहरूको उपचार गरिन्छ । यो पद्धति शरीरको ऊर्जा प्रवाहलाई सन्तुलनमा राख्ने विश्वासमा आधारित मानिन्छ । चिनियाँ दर्शन अनुसार, जब ऊर्जाको प्रवाह अवरुद्ध हुन्छ, तब रोगहरू उत्पन्न हुन्छन् । अकुपन्चरले यी अवरोधहरू हटाएर स्वास्थ्य सुधार गर्छ ।**

■ चमिना भट्टराई

मान्छेले जीवनकालमा अनेक रोगको सामना मात्रै गर्दैन, सम्भव भएसम्म जाने, बुझे र सुने अनुसारको उपचारको पद्धति पनि अपनाउँछ। त्यसैले रोग मात्रै होइन, उपचारका पद्धति पनि अनेक भित्रँदै छन्। झारफुक, आयुर्वेदिक हुँदै आधुनिक चिकित्सामा विश्वास गर्ने नेपाली समाज पछिल्ला दिनमा अकुपन्चर चिकित्सा पद्धतितिर पनि ढल्केको पाइन्छ। आधुनिक चिकित्सा पद्धतिमा रोगको निदानका लागि प्रयोगशाला परीक्षण र वैज्ञानिक औषधिमा आधारित उपचार गरिन्छ। यद्यपि अहिले पनि हाम्रो समाज माथि उल्लेख भएका सबै पद्धतिमा जोडिएकै पाइन्छ। नेपाली समाजमा स्वास्थ्य उपचारमा पछिल्लो समय अकुपन्चर विधि पनि बाक्लै प्रयोगमा आएको भेटिन्छ।

### अकुपन्चर के हो ?

अकुपन्चर चिनियाँ चिकित्सा पद्धतिअन्तर्गतको चिकित्सा विधि हो। अकु अर्थात सियो र पञ्चर अर्थात् घोचाइ। यस अर्थमा स-साना सियोको माध्यमबाट छालाका विभिन्न विन्दुहरूमा गरिने घोचाइ नै सामान्य अर्थमा अकुपन्चर चिकित्सा हो। यो विधिमा शरीरका विशेष विन्दुहरू 'अकुप्वाइन्ट्स' मा सुईहरू घोचेर रोगहरूको उपचार गरिन्छ। यो पद्धति शरीरको ऊर्जा प्रवाहलाई सन्तुलनमा राख्ने विश्वासमा आधारित मानिन्छ। चिनियाँ दर्शनअनुसार, जब ऊर्जाको प्रवाह अवरुद्ध हुन्छ, तब रोगहरू उत्पन्न हुन्छन्। अकुपन्चरले यी अवरोधहरू हटाएर स्वास्थ्य सुधार गर्छ।

यो पद्धति चीनमा करिब ५ हजार वर्ष पुरानो मानिन्छ। नेपालमा सुश्रुत संहितामा 'सूचीभेद' वा भेदन चिकित्साको रूपमा उल्लेख छ, जुन अकुपन्चरसँग मिल्दोजुल्दो छ। आयुर्वेदको मर्म चिकित्सासँग पनि यसले समानता राख्ने बताइन्छ। नेपालमा अकुपन्चरको अभ्यास



बिस्तारै लोकप्रिय हुँदै छ। काठमाडौँ र अन्य ठुला सहरमा अकुपन्चर क्लिनिकहरू सञ्चालित छन्। यहाँका प्रशिक्षित चिकित्सकहरूले परम्परागत र आधुनिक विधिहरूको संयोजनबाट यो उपचार विधि अगाडि बढाउँछन्। नेपालमा यो विशेष गरी पीडा व्यवस्थापन र तनाव कम गर्न प्रयोग हुने गरेको पाइन्छ।

### अकुपन्चरको प्रयोग ?

विश्व स्वास्थ्य संगठनको सन् २००२ को क्लिनिकल ट्रायलअनुसार अक्कुपञ्चर १०० भन्दा बढी रोगमा प्रभावकारी हुन्छ। विशेषगरी न्युरो र हाडजोर्नी, माइग्रेन, ढाड दुःखाइ, 'न्युरोजेनिक ब्लाडर', नशाका कारण पिसाबसम्बन्धी समस्या, प्यारालाइसिस, अनिद्रा आदिमा यो उपचार पद्धति प्रयोग हुन्छ। महिलाका समस्या महिनावारीको दुःखाइ र कारण पत्ता नलागेको बाँझोपनमा पनि यो उपयोगी हुने विज्ञ बताउँछन्। ज्वरो निको पर्ने, घाउ छिटो निको पार्ने, हातखुट्टा पोल्ने/झमझमाउने समस्या निको पार्न पनि यो उपचार पद्धति प्रयोग हुन्छ।

प्राचीन कालमा मानिस युद्ध लड्दा ढुंगाको हतियार प्रयोग गर्थे। युद्धमा लड्दा ढुंगाको हतियारले मानिसका विभिन्न ठाउँमा प्रहार गर्थे। यसरी ढुंगाको हतियार शरीरका विभिन्न भागमा रोपिँदा त्यो रोपिएको भागमा घाउ त लाग्दथ्यो तर प्रहार गरेको ठाउँमा घाउ भएता पनि शरीरको अर्को कुनै भागको दुःखाइ कम भएको महसुस गर्न थाले, र लामो समयदेखिको रोग निको भएको पाए। त्यसले यो एकप्रकारको उपचार विधि बन्दै आयो। त्यसैबाट अक्कुपञ्चर पद्धतिको परिकल्पना भएको पाइन्छ।

अकुपन्चर चिकित्सकीय उपचार सुरुआत ५ हजार वर्ष पहिले भएको मानिन्छ। आधुनिक चिकित्साभन्दा लामो इतिहास बोकेको अकुपन्चर केही दशकअघि गुमनाम जस्तै थियो। तर समय क्रममा विज्ञहरूले यस उपचारबारे गहन अध्ययन, अनुसन्धान गरी उपयोगिता पत्ता लगाए। पत्ता मात्र लगाएनन् थप यसलाई कसरी उपयोग गर्न सकिन्छ भनेर हर सम्भव प्रयास गरे। फलस्वरूप यो पद्धति पुनः चर्चामा छ। तर अझै पनि जनमानसमा यो पद्धतिका बारेमा अनेक जिज्ञासा छ।

### जिज्ञासा

अकुपन्चर उपचार पद्धति विज्ञान प्रमाणित भएको विज्ञ बताउँछन्। यसको प्रभावकारिता आधुनिक अनुसन्धानले पनि प्रमाणित गरिसकेको छ। विभिन्न अध्ययनले अकुपन्चरले पीडा व्यवस्थापन, तनाव र अन्य स्वास्थ्य समस्यामा सहयोग पुऱ्याउन सक्छ भनेर देखाएका छन्।

अकुपन्चर गर्दा दुःखाइ हुन्छ कि हुँदैन भन्ने जिज्ञासा पनि छ। विज्ञ भन्छन् - यो विधिबाट उपचार गराउँदा दुःखाइ हुँदैन। धेरैजसो व्यक्तिलाई अकुपन्चरको बेला सुई घोच्दा हल्का पीडा वा सुईको स्पर्श मात्र महसुस हुन्छ। सुईहरू धेरै पातलो हुन्छन्, जसले गर्दा सुई घोच्दा हुने दुःखाइ न्यून हुन्छ। सही तालिमप्राप्त चिकित्सकले गर्दा पीडा महसुस हुँदैन भन्ने दाबी छ।

यसले दुःखाइ हुनेभन्दा पनि दुःखाइको व्यवस्थापनमा मात्र प्रयोग गरिन्छ। अकुपन्चरले दुःखाइ व्यवस्थापन मात्र नभएर अनिद्रा, पाचन समस्या, महिला स्वास्थ्यका समस्या, मानसिक स्वास्थ्य र प्रतिरक्षा प्रणाली सुधार गर्न पनि मद्दत गर्छ। त्यसैले यो एक बहुआयामिक उपचार पद्धति मानिन्छ।

यसैगरी अकुपन्चरले औषधिलाई पूर्णरूपमा प्रतिस्थापन गर्दैन। तर यो अन्य चिकित्सा विधिहरूसँग मिलेर काम गर्न सक्ने बताइएको छ। जसले गर्दा बिरामीलाई छिटो राहत मिल्छ। यसले कतिपय अवस्थामा बिरामीलाई औषधिको मात्रा कम गर्न सहयोग पुऱ्याउँछ।

उपचारका क्रममा अकुपन्चर थोरै तर प्रभावकारी सिद्धान्त अनुसरण गरिन्छ। धेरै बिन्दुहरूमा सुई लगाउँदा शरीरको ऊर्जा नोक्सान भई कमजोरी उत्पन्न हुनसक्छ, जसले राम्रो उपचार परिणाम दिन सक्दैन। यो विधिमा उपचार ७ देखि १० दिनसम्म गरेर २ दिनको विश्राम उपयुक्त मानिन्छ। निरन्तर अकुपन्चर गर्दा सुधार रोकिन सक्ने र थकावट देखा पर्न सक्ने बताइन्छ।

अकुपन्चरपछि शरीरका बिन्दुहरू खुला हुने हुँदा बाह्य चिसो हावाको जोखिम रहन्छ। यसका साथै, शरीरमा पहिले नै आर्द्रता बढी भएका बिरामीहरूमा अवस्था बिग्रिन सक्छ। यस्तो अवस्थामा टिडिपी ल्याम्प, मोक्सिबुसन वा तातो अकुपन्चरले नकारात्मक प्रभाव घटाउन सहयोग पुऱ्याउने बताइन्छ। भित्री ताप भएका बिरामीहरूमा वर्षायाममा अकुपन्चर लाभदायक मानिन्छ। अनिद्राका बिरामीलाई पनि वर्षायामअघि अकुपन्चर गर्दा लाभ मिल्छ। किनकि अनिद्राको कारण याङ ऊर्जा यिनमा प्रवेश नगर्नु हो। वर्षायाममा यी ऊर्जा बढी हुने भएकाले अनिद्राका बिरामीलाई निदाउन मद्दत पुऱ्याउँछ।

अकुपन्चरले विभिन्न तीव्र र दीर्घकालीन रोगहरू, जस्तै आन्तरिक रोग, बाह्य रोग, स्त्रीरोग, बाल रोग र पञ्च इन्द्रियसँग सम्बन्धित रोगहरूको उपचार गरिन्छ। विशेषगरी महिलाको महिनावारीको पीडा, पेट दुःखाइ, मांसपेशी र जोर्नी पीडा, टाउको दुःखाइ जस्ता समस्याहरूमा अकुपन्चरले छिटो र प्रभावकारी रूपमा पीडा कम गर्न मद्दत गर्छ।

अकुपन्चर धेरै प्रचलित र सुरक्षित उपचार विधि मानिन्छ। जसले साधारणतया कुनै गम्भीर नकारात्मक प्रभाव गर्दैन। यद्यपि, अकुपन्चर गर्दा केवल स्नायु वा रक्तनलीहरूमा कुनै हानि नगरी मांसपेशी र त्यससँग जोडिएको तहको बीचमा सुई प्रवेश सावधानीपूर्वक गर्नुपर्ने हुँदा यो उपचार व्यावसायिक चिकित्सकबाट मात्र गरिनुपर्छ। अहिले प्रयोगमा आइरहेका अकुपन्चर सुईहरू एकपटक मात्र प्रयोग गरिने हुन्छन्। सुईको प्वाल पनि निकै सानो हुने भएकाले संक्रमणको जोखिम नरहने विज्ञ बताउँछन्।

यो उपचार पद्धतिका लागि गर्भवती महिलाहरूले अकुपन्चर चिकित्सकको सल्लाहमा सुरक्षित रूपमा गराउन सक्ने बताइन्छ। यो विधि गर्भावस्थाका लक्षणहरू मुर्छा, पीठ दुःखाइ र तनाव व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्छ।

करिब ५ हजार वर्षभन्दा पनि पहिलेदेखि चीनबाट सुरु भएको अकुपन्चर चिकित्सा १६औँ शताब्दी पछि युरोप र अमेरिका हुँदै संसारभरी नै लोकप्रिय बन्दै गइरहेको छ। हाल विश्वका झन्डै १९६ राष्ट्रहरूमा अकुपन्चर सेवा विस्तार भएको पाइन्छ।

सन् २०१७ मा प्रकाशित न्युरोपञ्चर भन्ने पुस्तकका अनुसार अकुपन्चरले विभिन्न तरिकाले आफ्नो काम गर्छ। जसमा स्थानीय मेकानिजम, स्पाइनल कर्ड मेकानिजम, इन्डोजेनस ओपोइड सर्किट मेकानिज्म, स्नायु प्रणाली मेकानिज्म र स्नायुमांशपेसीगत मेकानिजम पर्छ। अकुपन्चर चिकित्सा अन्य विभिन्न स्वास्थ्य समस्याहरूमा उपयोगी भएता पनि बिशेष रुपले दुःखाई कम गर्नका लागि प्रख्यात छ।

अकुपन्चर भनेको परापूर्व कालदेखि नै प्रचलित उपचार विधि हो। यो विधिमा मसिनो सियोले शरिरमा रहेको अकुप्वाइन्ट भन्ने हुन्छ। त्यो प्वाइन्टमा सियोले दबाब दिएर थिचेर गरिने उपचार पद्धतिलाई नै अकुपन्चर भन्छ। शरीरको छाला छेडेर गरिने उपचार पद्धतिलाई नै अकुपन्चर भनिन्छ।

नेपालमा यसको सुरुआत २०२७-२८ सालमा कोदारी राजमार्ग निर्माणमा आएका चिनियाँ प्राविधिकले यहाँका गाउँले नेपालीलाई अकुपन्चर विधिबाट उपचार गरेपछि यसको सुरुआत भएको हो। त्यो भन्दा पहिला नेपालमा यो विधि थिएन। सयम क्रममा यसको संस्थागत विकास भएको हो। संस्थागत रूपमा भने २०४९ सालमा नेपाल रेडक्रस सोसाइटी काठमाडौँ शाखामा जापान सरकारको सहयोगमा यो कार्यक्रम सुरु भयो। ०५४ सालदेखि भने नेपाल सरकारले सिटिभिटीअन्तर्गत एचए लेबलको ३ वर्षे कोर्सको शिक्षण सामग्री विकास गरेर अध्ययन भइरहेको छ।

नेपालमा पछिल्लो सयम यसको महत्त्व बढ्दै र आकर्षण पनि बढेको छ। यो विधिअन्तर्गत उपचार गर्नेमा दीर्घ रोगी, नशा च्यापिएका, बाथ, प्यारालाइसिसलगायत पुराना रोगका बिरामी उपचार गर्न आउँछन्। यो विधिमा २०० भन्दा बढी रोगको उपचार हुन्छ। खासगरी, प्यारालाइसिस, मुखबांगो हुने, हड्डी खिइएर, नशा च्यापिएर हुने दुःखाइका बिरामीको उपचार हुन्छ। यसले खासमा दुःखाइको व्यवस्थापन गर्ने हो।

चीनमा जति व्यवस्थित उपचार गर्ने क्षमता नेपालमा छैन। यद्यपि नेपालमा पनि अकुपन्चर विधिबाट उपचार भइरहेको छ।

### अकुपन्चरको महत्व र आकर्षण बढ्दै छ

अकुपञ्चर उपचार विधिमा नकारात्मक असर नपर्ने, रोगप्रतिरोधात्मक क्षमता पनि बढाउने भएकाले सबै पुस्ताको मान्छेमा आकर्षण बढ्दो छ ।

**सुवास ढकाल,** *अकुपञ्चरिस्ट*




कतिलाई भ्रम छ। अकुपन्चर विधिबाट उपचार गराउँदा दुःखाइ हुन्छ कि भन्ने। हेर्दा त्यस्तो लाग्न पनि सक्छ, धेरै सियो जस्ता पिनले एकैपटक शरीरका विभिन्न भागमा घोच्दा। तर, डराउनु पर्दैन। अकुपन्चर गर्दा घ्यू कमिलाले टोकेको जस्तो मात्रै हुन्छ।

यो विधिमा शरीरका विशेष विन्दुहरू 'अकुप्वाइन्ट्स' मा सुईहरू रोपेर रोगहरूको उपचार गरिन्छ। यो पद्धति शरीरको ऊर्जा प्रवाहलाई सन्तुलनमा राख्ने विश्वासमा आधारित मानिन्छ। चिनियाँ दर्शनअनुसार, जब ऊर्जाको प्रवाह अवरुद्ध हुन्छ, तब रोगहरू उत्पन्न हुन्छन्। अकुपन्चरले यी अवरोधहरू हटाएर स्वास्थ्य सुधार गर्छ। नेपालमा अक्कुपञ्चर उपचार नरदेवी आयुर्वेदिक अस्पताल र महानगरपालिकाको स्वास्थ्य विभागले चलाएको छ। केही समय कोरियन चिकित्सकहरूले पनि नेपालमा सेवा दिएका थिए अहिले भने नेपालीले नै सेवा दिइरहेका छन्। निजी अस्पताल र नर्सिङहोमहरूमा पनि यो सेवा पाइन्छ। यो विधिबाट उपचार गराउँदा सामान्यतः १० दिनको कोर्स हुन्छ। रोग र अवस्था हेरेर महिनौँ दिन पनि लाग्न सक्छ। यो उपचार विधिमा नकारात्मक असर नपर्ने, रोगप्रतिरोधात्मक क्षमता पनि बढाउने भएकाले सबै पुस्ताको मान्छेमा आकर्षण बढ्दो छ।

**मुद्दा नं: ०८०-CP-०५६३ र ०८०-CP-०५६४, मुद्दा फाँट:-२**

श्री बर्दिया जिल्ला अदालतबाट जारी भएको तपसिल बमोजिमका प्रतिवादीहरुका नाउँको २१ (एक्काइस) दिने इतलायनामा/म्याद..............।

वादी नरमाया थापा क्षेत्री समेत जिल्ला बर्दिया मधुवन नगरपालिका वडा नं.७ ले तपसिलमा उल्लेखित तपाईंलाई विपक्षी बनाई मिति २०८०।१२।०६ गते मुद्दा नं.०८०-CP-०५६४ को राजिनामा लिखत तथा दा.खा. दर्ता बदर र ०८०-CP-०५६३ को राजिनामा लिखत तथा दा.खा. दर्ता बदर हक कायम मुद्दाको फिरादपत्र यस अदालतमा दिएको हुनाले यस अदालतको आदेशानुसार तपाईंहरुको नाउँमा यो २१ (एक्काइस) दिने इतलायनामा/म्याद जारी गरिएको छ। यो म्याद सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक एक्काईस दिन भित्रमा प्रतिउत्तर पत्र र कानून बमोजिमको आफ्नो लिखतको प्रमाण समेत लिई हाजिर हुन आफै आउनु वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनु हुन सुचित गरिएको छ।

म्यादभित्र प्रतिउत्तर पत्र लिई तपाई आफै वा वारिस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने सो मुद्दामा कानून बमोजिम फैसला हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंलाई कुनै उजुर लाग्ने छैन।

**तपसिलः**

१. हर्क बहादुर शाहीको नातिनी, तिलक ध्वज शाहीको छोरी जिल्ला बाँके कोहलपुर न.पा. वडा नं १२ वस्ने अं.वर्ष ३७ की सुनिता कुमारी शाही (ना.प्र.नं. ६४८७६/१०१२ जारी २०६०/०८/१८) बाँके (मुद्दा नंः ०८०-CP-०५६३ र ०८०-CP-०५६४)

२. अर्जुन बहादुर खड्काको छोरा जिल्ला बाँके नेपालगंज उ.म.न.पा वडा नं.७ बस्ने वर्ष ४० गणेश बहादुर खड्का (मुद्दा नंः ०८०-CP-०५६३)

ईति सम्बत् २०८२ साल चैत्र महिना २३ गते रोज २ शुभम्............

**ने.सं.११४६ चिल्लागा ४ सोमवार।**

**बिगो नं. ८९/ ४२३**

**बर्दिया जिल्ला अदालतबाट जारी भएको जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. २२ पटिहानी पकौड़ी पदमपोखरी बस्ने लिलानाथ घिमिरेको नाती, टिकाराम घिमिरेको छोरा वर्ष ५६ का रामहरि घिमिरेको नाउँका १५ दिने सूचना म्याद.................१**

उप्रान्त वादी जिल्ला बर्दिया ठाकुरबाबा न.पा. वडा नं. १ बस्ने चन्द्र शेखर अधिकारीको छोरी, श्याम प्रसाद खतिवडाको पत्नी रमा कुमारी अधिकारी प्रतिवादी तपाई भएको चेक अनादर (मु.नं.०८०-c४-०१५२) मुद्दामा बर्दिया जिल्ला अदालतबाट मिति २०८१/०८/१६ मा भएको फैसला बमोजिम वादीले तपाई प्रतिवादीबाट भराई पाउने ठहरेको चेकमा उल्लेखित रकम रु.१५,००,०००|- (पन्ध्र लाख रुपैयाँ), सोको कानून बमोजिमको ब्याज तपाईले नगदै वादीलाई नबुझाएको र भरी भराउका लागी तपाईको नाउँमा कुनै स्वतन्त्र जेथा सम्पति नभएकोले उक्त विगो बापतमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम तपाईलाई कैदमा राखि पाउँ भनी वादीले यस अदालतमा दरखास्त निवेदन दिएकोले तपाईका नाउँमा गो म्याद जारी गरी पठाईएको छ। तपाईले यो म्याद बुझि पाए वा रित पूर्वक तामेल भएका मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र उक्त साँवा, ब्याज बुझाउन यस अदालतमा आउनुहोला। अन्यथा कानून बमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल माघ महिना २० गते रोज ३ शुभम्

**हकदावी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७०७२५ मा दर्ता भएको प्रा.लि नं.७७४५१ को **तानसेन प्लाजा प्रा.लि** नाम को कम्पनी दर्ता खारेजी गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ लिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तो किएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना**

(सूचना प्रकाशित मिति: २०८२/१२/२५)

जैधने कामीको नाति, नानु कामीको छोरा, प्रते कामीको पत्नी, दैलेख जिल्ला महाबु गा.पा, वडा नं ०६ बस्ने नन्दा कुमारी बि.क. को मिति २०८२/०६/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको महाबु शाखामा रहेको बचत खातामा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पति नाता पर्ने व्यक्तिले यस बैंकको महाबु शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर उल्लेखित दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय महाबु वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रितपुर्वक हकदावी नपरेमा सोउपर कुनै कारवाही नहुने वा तोकिएको अवधिभित्र हकदावी सम्बन्धी विवाद सृजना भएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय, महाबु-०६, दैलेख।
फोन नं.९८४७९९२९७६

**काठ लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८२।१२।२५**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्धारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात खोटे सल्लो ३२ थानको ४२७।२१ क्युफी ,साल १७२ थानको १६४५।६८ क्युफी र असना ५ थानको ३४।६८ क्युफि काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ।

**अध्यक्ष**
**श्री भगवती ए सामुदायिक वन उपभोक्ता समुह**
**चुरे गा.पा.०१ कैलाली**

**सुन्दरहरैँचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृती आशयको सूचना**

**(सूचना प्रकाशन मिति: २०८२/१२/२५)**

प्रस्तुत बिषयमा यस कार्यालयको मिति २०८२/०८/२३ मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२/११/१८ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आब्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रदाताका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरीने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.न. | बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट गरिएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पि.एस.समेत) |
|---|---|---|---|
| १ | SHM/NCB/G/02/2082/083 Procurement of Supply and Delivery of Sanitary Pads as Per Specification attached in Bid Document. (8 pieces per packet) | जस्मिन हाईजिन प्रोडक्ट प्रा.लि., बिराटनगर मोरङ | रु.२४०८८१२/८६ (रु चौबीस लाख आठ हजार आठ सय बाह्र रुपैया छयासी पैसा मात्र) |
| २ | SHM/NCB/W/24/2082/083, Construction of Blacktopped Road Baggulal Khawas ko Ghar Dekhi Pipal chowk-khadam tole Mandal shrestha ko Ghar Samma Road and Sangeet Chowk to Tulashi Thapa Home Road, Sundarharaicha-01 | श्री भिमाशंकर कन्स्ट्रक्सन, गढी-०२, सुनसरी | रु.१५९६१८४२/०६ (रु एक करोड उनान्साठ्ठी लाख एकसठ्ठी हजार आठ सय बयालिस रुपैया छ पैसा मात्र) |
| ३ | SHM/NCB/W/25/2082/083, Blacktopped Road Construction of Jholunge Pool Purba Uttar Road, Sundarharaicha-03 | श्री स्टोन ब्रिज न्स्ट्रक्सन प्रा.लि, तार्केश्वर-११, काठमाण्डौं | रु.१४७२२२२२/२२ (रु एक करोड सतचालिस लाख बाईस हजार दुई सय बाईस रुपैया बाईस पैसा मात्र) |
| ४ | SHM/NCB/W/26/2082/083, Blacktopped Road Construction of Basbari Amarjyoti Chowk Dekhi Baliya Jodne Sadak Tatha Gurung toll Dekhi Namuna Toll Hudai Hasina Samma Road, Sundarharaicha-05 | श्री रिश्ता कन्स्ट्रक्सन, गढी-०२, सुनसरी | रु.१६१२७७५१/२३ (रु एक करोड एकसठ्ठी लाख सत्ताईस हजार सात सय एकाउन्न रुपैया तेईस पैसा मात्र) |
| ५ | SHM/NCB/W/27/2082/083, Blacktopped Road Construction of Gurung Tole Dekhi Dhankute Tole Hudai Jungle Tatha Julebi Chowk Dekhi BisoBidhyalaya Jane RoadSundarharaicha-06 | श्री स्टोन ब्रिज न्स्ट्रक्सन प्रा.लि, तार्केश्वर-११, काठमाण्डौं | रु.१५०९९९९/९८ (रु एक करोड पचास लाख उनान्सय हजार नौ सय उनान्सय रुपैया अन्ठानब्बे पैसा मात्र) |

# बंगलादेशका पूर्वसभामुख पक्राउ

■ एजेन्सी



ढाका। ढाका मेट्रोपोलिटन पुलिसको डिटेक्टिभ शाखाले (डिबी) बंगलादेश राष्ट्रिय संसद्की पूर्वसभामुख शिरिन शर्मिन चौधरीलाई सोमबार राति ढाकाको धानमन्डीस्थित निवासबाट पक्राउ गरेको अधिकारीहरूले मंगलबार पुष्टि गरेका छन्।

डिबीका अतिरिक्त आयुक्त शफीकुल इस्लामले फोनमा एएनआईलाई भने, 'हामीले पूर्वसभामुख शिरिन शर्मिन चौधरीलाई पक्राउ गरेका छौँ।' तर अपरेसनको विस्तृत विवरण अहिलेसम्म सार्वजनिक गरिएको छैन।

अधिकारीहरूले चौधरीमाथि अहिलेसम्म कुनै विशेष आरोप वा मुद्दा औपचारिक रूपमा सार्वजनिक गरेका छैनन्, जसले उनको गिरफ्तारीको परिस्थितिमा अनिश्चितता थपेको छ।

चौधरी अवामी लिगसँग सम्बन्धित वरिष्ठ नेता हुन् र पूर्वप्रधानमन्त्री शेख हसिनाको नेतृत्वमा रहेको सरकारले पतन भएपछि सेप्टेम्बर २, २०२४ मा सभामुखको पदबाट राजीनामा दिएकी थिइन्। सन् २००८ को आमनिर्वाचनपछि अवामी लिगले सरकार गठन गरेपछि उनको राजनीतिक करियर उल्लेखनीय ढंगले बढेको थियो। सुरुमा अब्दुल हमिद संसद्को सभामुख थिए, तर उनी राष्ट्रपतिको पदमा बढेपछि चौधरी ३० अप्रिल २०१३ मा सभामुख नियुक्त भएकी थिइन्। उनी लगातार कार्यकाल सम्हाल्दै देशको संसदीय इतिहासमा सबैभन्दा लामो समयसम्म सभामुख भएकी थिइन्।

उपलब्ध जानकारीअनुसार, जुलाई २०२४ मा भएको सामूहिक विद्रोहका क्रममा रंगपुरमा मुस्लिम मजदुर उद्दीनको घातक गोली हानाहानसँग सम्बन्धित कानुनी कारबाहीका सिलसिलामा उनी अनुसन्धानको दायरामा परेकी हुन्। उक्त घटनामा पूर्ववाणिज्यमन्त्री टिपु मुन्सीसहित १७ जनाविरुद्ध २७ अगस्ट २०२४ मा हत्या उजुरी दर्ता भएको थियो।

टिपु मुन्सी यस मामिलामा पहिल्यै पक्राउ परेर न्यायिक हिरासतमा छन्। चौधरीको गिरफ्तारी सोही मुद्दासँग प्रत्यक्ष सम्बन्धित छ वा अन्य अनुसन्धानसँग जोडिएको छ भन्ने कुरा अधिकारीहरूले अझै स्पष्ट पारेका छैनन्।

### इन्धन संकट...

त्यस्तै, डिजेलमा विभिन्न शीर्षकमा गरी ४९.२८ रुपैयाँ कर लाग्दै आएको छ। यो निर्णयसँगै डिजेलमा प्रतिलिटर १२० रुपैयाँ र पेट्रोलमा ३४ रुपैयाँ घाटा बेहोरिरहेको आयल निगमलाई केही राहत हुनेछ। कर घटे पनि तत्कालै उपभोक्ताका लागि मूल्य घट्ने सम्भावना भने कम छ। कर कटौतीपछि पनि निगमलाई पेट्रोलमा प्रतिलिटर १७ रुपैयाँ र डिजेलमा प्रतिलिटर १०९ रुपैयाँ घाटा नै हुन्छ। यस्तै, ग्यासमा हाल प्रतिसिलिन्डर ४१६ रुपैयाँ घाटा रहेकाले कर घटे पनि उपभोक्ता मूल्य घट्ने सम्भावना छैन। कर कटौतीले निगमको घाटा कम भई आपूर्ति शृंखला नियमित गर्न भने मद्दत पुग्नेछ। निगमका अनुसार हाल देशभर दैनिक २५ लाख लिटर पेट्रोल र ५० लाख लिटर डिजेल खपत हुने गरेको छ।

### सातामा २ दिन सार्वजनिक बिदा...

ऊर्जा संकट बढ्दै गएपछि सरकारले गत आइतबार नै साताको २ दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा गर्ने निर्णय गरिसकेको छ। साथै, सरकारी कार्यालयको कार्यालय समय पनि ९ देखि ५ बजे कायम गरेको छ। आयल निगमले शनिबार र आइतबार सरकारी कार्यालय बन्द गर्दा करिब ८ देखि १० प्रतिशतसम्म इन्धन बचत हुने बताएको छ।

### इथानोल मिश्रण र इभीलाई प्रोत्साहन

वर्षौंदेखि चर्चामा आएको, तर व्यवहारमा लागू हुन नसकेको गाडीको इन्धन रूपान्तरणको कानुनी व्यवस्था अघि बढाइएको छ। मन्त्री रावलका अनुसार सरकारले पेट्रोलियमबाट चल्ने गाडीलाई दीर्घकालीन रूपमा विद्युतीयमा रूपान्तरणको कानुनी व्यवस्थापन अघि बढाएको हो। पेट्रोलमा इथानोल मिश्रण गर्नेसम्बन्धी नीतिको पनि तयारी भइरहेको उनले बताइन्। इभी पूर्वाधार विकास र विस्तारका लागि पनि सरकार प्रतिबद्ध रहेको उनले उल्लेख गरिन्।

### सरकारी पदाधिकारी

१०० लिटर इन्धन पाउँदै आएका सहसचिव स्तरका पदाधिकारीले अब ५० लिटर मात्रै पाउनेछन्। मन्त्री तथा संवैधानिक पदाधिकारीको भने इन्धन सुविधा यथावत् रहनेछ।

त्यस्तै, केन्द्रीय स्तरका कार्यालयका पुल सवारीसाधनका लागि ३० जनासम्म कर्मचारी भएका कार्यालयले ७५ लिटर पेट्रोल र १०० लिटर डिजेल पाउँदै आएकामा अब ३५ लिटर पेट्रोल र ५० लिटर डिजेल पाउनेछन्। थप ५० जना कर्मचारीका भएका कार्यालयले यसअघि ७५ लिटर पेट्रोल र १०० लिटर डिजेल पाउँदै आएकामा कटौती गरी ३५ लिटर पेट्रोल र ५० लिटर डिजेल उपलब्ध गराइनेछ। त्यसपछिका थप प्रति १०० कर्मचारीका लागि ३५ लिटर पेट्रोल र ५० लिटर डिजेल उपलब्ध हुनेछ। यसअघि थप १०० कर्मचारीका लागि ७५ लिटर पेट्रोल र १०० लिटर डिजेल दिइँदै आएको थियो। त्यस्तै, २ पांग्रे सवारीले यसअघि प्रतिमहिना १२ लिटर पेट्रोल पाउँदै आएकामा अब ८ लिटर मात्र पाउनेछन्।

### १७ देशमा ...

त्यस्तै डेनमार्कबाट सुम्निमा तुलाधर र दक्षिण अफ्रिकाबाट कपिल श्रेष्ठलाई पनि फिर्ता बोलाइएको छ। उनीहरू कांग्रेस र एमालेको भागबन्डामा १४ साउन, २०८१ मा राजदूत सिफारिस भएका थिए। सुशीला कार्की नेतृत्वको तत्कालीन सरकारले गत ३० असोजमा ११ जना राजदूत फिर्ता गरेको थियो। त्यसबेला अमेरिका, चीन, जापान, बेलायत, रुस, जर्मनी, स्पेन, साउदी अरेबिया, इजरायल, कतार र मलेसियाका लागि नेपाली राजदूतलाई फिर्ता बोलाइएको थियो। ती ठाउँमा नयाँ राजदूतको नियुक्ति भइसकेको छैन। विभिन्न देशमा नेपालका ३४ राजदूतावास र १० महावाणिज्य दूतावास छन्। ३४ मध्ये १७ राजदूतावास नेतृत्वविहीन हुनुले नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा असहजता निम्तिन सक्ने विश्लेषण हुने गरेको छ। परराष्ट्र मन्त्रालयका अनुसार फिर्ता बोलाइएका राजदूतहरू १ महिनाभित्रमा फर्किनेछन्। मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले राजदूतहरूको अनुपस्थितिमा त्यहीँ कार्यरत सिनियर कर्मचारीले कार्यवाहकका रूपमा काम गर्ने जानकारी दिए। '३ वटा देशमा सहसचिव स्तरका र १४ देशमा उपसचिव स्तरका साथीहरूले कार्यवाहक भई काम चलाउनुहुन्छ। हामीले मन्त्रालयबाट उहाँहरूलाई आवश्यक निर्देशन दिन्छौँ,' उनले भने।

### रविले संसद्बाटै गरेका थिए पद छाड्न आग्रह

सञ्चारकर्ममा रहँदादेखि नै रास्वपा सभापति रवि लामिछाने वैदेशिक रोजगारीमा रहेका नेपालीहरूसँग विशेष रूपमा जोडिएका थिए। वैदेशिक रोजगारीमा समस्यामा परेका व्यक्तिहरूको समस्या समाधान तथा उद्धार गरेर नै उनी सञ्चारकर्ममा चर्चित बनेका थिए। त्यसयता उनको कदममा वैदेशिक रोजगारीमा रहेका नेपालीले निरन्तर साथ दिँदै आएका छन्। २०७९ सालको चुनावमा २१ सिट जित्दा होस् अथवा गत चुनावमा १८२ सिट जित्दा, सभापति लामिछाने र रास्वपाले उनीहरूको योगदानलाई नजरअन्दाज गरेको छैन। रास्वपाले राजदूतावासमार्फत् विदेशमा रहेका नेपालीको समस्या समाधानलाई पहिलो प्राथमिकतामा राखेकै कारण सरकार बन्नासाथ सोही क्षेत्रमा हात हालेको छ। गत १९ चैतको प्रतिनिधिसभा बैठकमा सभापति लामिछानेले विगतमा राजनीतिक नियुक्ति लिएकाहरूलाई स्वेच्छिक रूपमा राजीनामा दिन आग्रह गरेका थिए। 'हिजो संविधान र कानुनको आवरणमा नेता र पार्टीको सिफारिसबाट नियुक्ति लिएकाहरूले स्वेच्छिक राजीनामा दिँदै विधिको पालना गर्नमा सहयोग गरिदिन अपिल गर्दछु,' उनले भनेका थिए।

सार्वजनिक सेवा र निकायका पदाधिकारीहरूलाई पनि स्वेच्छाले मार्गप्रशस्त गर्न उनले आग्रह गरेका थिए। त्यसबखत उनले विदेशी राष्ट्रहरूसँग मित्रवत्, सहकार्यपूर्ण र पारदर्शी परराष्ट्र नीति तय गर्ने पनि बताएका थिए। 'प्रतिपक्षलाई समेत साथमा लिएर मित्रवत्, सहकार्यपूर्ण र पारदर्शी परराष्ट्र नीति तय गर्नेछौँ। त्यो रणनीतिक र दीर्घकालीन सोचमा आधारित हुनेछ,' उनको भनाइ थियो, 'व्यापार, लगानी, शिक्षा, पर्यटन र प्रविधिमैत्री हुनेछ। त्यसले पहिला राष्ट्रहित र अन्तर्राष्ट्रिय सम्बन्धमा विश्वास र स्थायित्व सुनिश्चित गर्नेछ।'

### कहिले होला ...

संसदीय समिति नै नबनेको अवस्थामा राजदूतहरूको संसदीय सुनुवाइ हुने अवस्था तत्कालै देखिँदैन। महत्वपूर्ण कुरा त के छ भने रास्वपाले राजनीतिक नियुक्तिलाई दलगत आबद्धताका आधारमा होइन, खुला प्रतिस्पर्धा र मेरिटको आधारमा गर्ने नीति लिएको छ। त्यसो हुँदा सरकारले राजदूत नियुक्तिका लागि खुला प्रतिस्पर्धाको आह्वान गर्ने देखिन्छ। त्यसका लागि मापदण्डसहितको आवश्यक तयारी गर्न पनि समय लाग्ने देखिन्छ। सरकारी स्रोतका अनुसार नयाँ राजदूत नियुक्तिका लागि केही समय लाग्नेछ।

### 'नयाँ सरकारले पनि पुरानै संस्कार दोहोऱ्यायो'

राजदूत फिर्ता गरेर सरकारले विगतका सरकारकै संस्कारलाई निरन्तरता दिएको विपक्षी दलका नेताहरूले टिप्पणी गरेका छन्। राजदूत फिर्ताको सन्दर्भमा नयाँ सरकारले पनि कुनै थिति बसाल्न नसकेको उनीहरूको आरोप छ। परराष्ट्र मामिलाका जानकारसमेत रहेका नेकपा नेता युवराज चौलागाईँले सरकारसँग वैकल्पिक नीति नदेखिएको टिप्पणी गरे। 'देशको प्रतिनिधित्व गर्ने मान्छेलाई कति समयसम्म काम गर्न दिने, उनीहरूको कामका आधारमा मूल्यांकन गरी फिर्ता बोलाउने जस्ता नयाँ कुराको थिति बसाल्नुपर्थ्यो होला, त्यो गर्न सकेको देखिएन,' उनले भने, 'यसरी फिर्ता बोलाउने कुराले उहाँहरूसँग परराष्ट्र मामिलामा कुनै नयाँ कुरा छैन कि भन्ने देखिन्छ। विगतका सरकारले गर्दै आएको कुराकै निरन्तरता हो।' परराष्ट्र सम्बन्धको सन्दर्भमा सरकारले गर्न खोजेको के हो भन्नेमा कुनै श्वेतपत्र अथवा रणनीति सार्वजनिक नभईकन केवल राजदूत फिर्ता मात्रै गर्नुले २ देशबीचको सम्बन्धको संवेदनशीलतालाई सम्बोधन नगर्ने उनको भनाइ छ। '२ देशबीचको सम्बन्धमा कुनै तात्विक अन्तर आउने हो भने फिर्ता ल्याउँदा पनि हुन्छ। राजदूत फिर्ता गरिएका देशमा दुईपक्षीय सम्बन्धमा कुनै तात्विक अन्तर नपर्ने अवस्थामा राजदूत फिर्ता गर्ने कुराले देशलाई राम्रो गर्दैन,' उनले भने।

### निजी मिडियामा ...

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सोअन्तर्गतका निकाय तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायले सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गर्दै सर्कुलर गरेको थियो। सोविरुद्ध सोसाइटी अदालत गएको हो। रिटमा चौथो अंगको विरोध सार्वजनिक भइसकेको र चौथो अंग आतंकित भएको उल्लेख गरिएको छ। सरकारको सो निर्णय विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को दफा १० देखि १५ र २६, २७, ३२ तथा विज्ञापन नियमावली, २०७७ तथा संविधानले समेत सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता हक नै निस्तेज बनाउने कार्य भएको उल्लेख छ।

रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्नू/नगराउनू भनी प्रतिषेधमिश्रित परमादेश माग गरिएको थियो। मुद्दाको टुंगो लाग्न समय लाग्ने भएकाले त्यतिन्जेल सो निर्णय नरोकिए जनताको अभिव्यक्ति स्वतन्त्रतामा प्रतिकूल असर परी मुलुकको चौथो अंग नै धराशायी भई अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकमा समेत गम्भीर असर पर्ने भएकाले अन्तरिम आदेशसमेत माग गरिएको थियो।

### गभर्नर नियुक्तिमा...

सुदूरपश्चिम डोटीको शिखर नगरपालिकाका स्थायी बासिन्दा उनले त्रिभुवन विश्वविद्यालयबाट स्वर्ण पदकसहित मास्टर्स गरेका छन् भने अमेरिकाको विलियम कलेजबाट मास्टर्स र वयन स्टेट युनिभर्सिटीबाट अर्थशास्त्रमा पिएचडी गरेका छन्। नेपालको आर्थिक क्षेत्रमा चर्चित उनले राष्ट्र बैंकमा रहँदा पटक-पटक प्रवक्ताको जिम्मेवारी पाएका थिए। त्यस्तै, बैंक नियमन, सुपरीवेक्षण, भुक्तानी प्रणाली र राष्ट्र ऋण व्यवस्थापनजस्ता महत्वपूर्ण विभागको नेतृत्व गरेका थिए।

तत्कालीन सरकारमा रहेका एमाले र कांग्रेसबीच भागबन्डा हुँदा गभर्नर पद कांग्रेसको भागमा परेको थियो। गभर्नर नियुक्ति प्रक्रियामा चरम राजनीति हुँदा गभर्नर सिफारिस समिति नै भंग गर्नुपर्ने अवस्था आएको थियो। भट्टलाई कांग्रेस सभापति शेरबहादुर देउवाले गभर्नर बनाउन सिफारिस गरे पनि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नस्विकार्दा भट्ट आउट भएका थिए। त्यसपछि कांग्रेसले प्रा.डा. विश्वनाथ पौडेललाई गभर्नर सिफारिस गरेको थियो।


## प्रगतिशील बहुउद्देश्यीय सहकारी संस्था लि.

पाँचखाल-४, काभ्रेपलाञ्चोक

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/२५ (April 8, 2026)**

यस संस्थाको मिति २०८२/१२/०७ को संचालक समितिको बैठकको निर्णय बमोजिम निम्नानुसारको निर्माण कार्य राष्ट्रियस्तरको बोलपत्रद्वारा गर्नुपर्ने भएकोले योग्य, मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण व्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३०औं दिनसम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद वा यस कार्यालयको नाममा रहेको लक्ष्मी सनराइज बैंक, पाँचखाल शाखामा रहेको खाता नं. ०६४११००११५४ मा रकम जम्मा गरेको भौचर, आ.व. २०८२/८३ को लागि नविकरण भएको व्यवसाय इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र, आ.व २०८१/८२ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक निर्माण व्यावसायीले तेकिएको समयभित्र रितपुर्वक बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. खरिद भएको बोलपत्रको प्रत्येक आइटम प्रस्टसंग भरी निर्माण व्यवसायीले सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्म हार्ड कपीको माध्यमद्धारा पेश गर्न सकिनेछ र सोहि दिन १२:३० बजे ठेक्का खोलिने छ।
३. बोलपत्र फारामसाथ धरौटी वापत तल उल्लेखित जमानत रकम यस कार्यालयको कृषि विकास बैंक, पाँचखाल शाखामा रहेको धरौटी खाता नं. ०२१२७०१४०६९०४०४९ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्यता प्राप्त बैंकबाट जारी बैंक ग्यारेन्टी (विड वण्ड) शर्तरहित पेश गर्नु पर्नेछ।
४. संस्थाले तोकेको मापदण्ड पुगेका शेयर सदस्य वा नीजको एकाघरको सदस्यले संचालन गरेको फर्महरुको कबोल अंक अन्य बोलपत्रदताको कबोल अंकभन्दा ३% सम्म बढी भएता पनि नीज सदस्यहरुको कबोल अंकलाई प्राथमिकता दिइनेछ।
५. संस्थाको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस संस्थामा सुरक्षित रहने छ।
६. बोलपत्रमा आवश्यक कुनै संशोधन गर्नु परेमा यस संस्थाको सूचनापाटीमा सूचित गरिनेछ।
७. बोलपत्र खोल्ने दिन विदा परेमा सो पछि संस्थाको कार्यालय खोलेको दिन माथि उल्लेख भएको समयमा बोलपत्र खोलिनेछ।
८. यसमा लेखिएको हकमा यसै अनुसार र यस सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

**कामको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई रकम रु. (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | PROMCAL/NCB/W-01/2082/83 | प्रगतिशील कार्यालय भवन निर्माण | १,२४,८५,७२१।३३ | ३,५०,०००.०० | ३०००।०० |

**अध्यक्ष**



## श्री बाबा बलभु बचत तथा ऋण सहकारी संस्था लि.

कविलासी न.पा. १ पिपरिया, सर्लाही

**धितो लिलाम हुने सम्बन्धी ३५ दिने सूचना**

(सूचना प्रकाशित मिति : २०८२/१२/२५)

उपरोक्त सम्बन्धमा यस संस्थाले बसेको संचालक समितिको बैठक मिति २०८२/१२/१९ गतेको निर्णय अनुसार यस संस्थाबाट तपसिल उल्लेखित सदस्यहरुले बिभिन्न उदेश्यमा लिनुभएको ऋणको समय समयमा बुझाउनुपर्ने साँवा र ब्याज नबुझाएको हुँदा सो बुझाउन पटक पटक लिखित तथा मौखिक ताकेता र अन्तिम पटक ३५ दिने म्याद पुर्जी समेत जारी गर्दा पनि सो ऋण र ब्याज नबुझाई लिखित बमोजिमको सर्त उलुन गरेको कारण निज ऋणीहरुले ऋण लिँदा बखतमा संस्थालाई लेखिदिनुभएको धितो लिलाम हुने दिन सम्मको ब्याज हर्जना तथा लिलाम गर्दा लाग्ने सम्पूर्ण खर्च समेतमा निम्न स्थान र मितिमा दिनको १२ बजे देखि बेलुका ४ बजे सम्म नियमानुसार लिलाम वडावड हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। सबैभन्दा बढी डाक बोल्नेको नाउँमा सकारको निर्णय भएमा नियम बमोजिमको रकम सोहि दिन दाखिल गर्नु पर्नेछ र बाँकी रकम ७ दिन भित्र संस्थामा बुझाउनुपर्नेछ। अन्यथा धरौटी बापत राखेको रकम जफत हुनेछ। अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको कार्यालय कबिलासी न.पा. १ पिपरिया, सर्लाहीमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध छ।

**लिलाम हुने स्थान** : श्री बाबा बलभु बचत तथा ऋण सहकारी संस्था लि.

**लिलाम हुने मिति** : वि.सं. २०८३ साल बैशाख ३० गते (लिलामी हुने दिनमा सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ।)

**श्री बाबा बलभु बचत तथा ऋण सहकारी संस्था लि. (मिति वि.सं. २०८२/१२/२३ सम्मको साँवा, ब्याज र हर्जना)**

| क्र. सं | फाइल नं. | ऋणीको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकि साँवा | बाँकी ब्याज हर्जना | जग्गाको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ५४८ | सुनैना कुमारी | कबिलासी न.पा. १, पिपरिया | रामप्रगास राय | इश्वरी राय | २०८०/११/२७ | १५,२६,८१५/- | ५,६५,३०३/- | सुनैना कुमारी को नाममा जिल्ला मालपोत मलंगवा सर्लाहीमा दर्ता कायम रहेको जग्गाको ठेगाना पिपरिया गा.वि.स. वडा नं. ४ क कि.ने. १२८७ क्षेत्रफल ०-३-४ |
| २. | ४९६ | मो. नजिर हुसेन | कबिलासी न.पा.२, पिपरिया | अहमद अली | अब्दुल हकिम शेष | २०७८/०९/०९ | १७,५६,९००/- | २,५०,७५५/- | मो. नजिर हुसेन को नाममा जिल्ला मालपोत मलंगवा सर्लाहीमा दर्ता कायम रहेको जग्गा ठेगाना पिपरिया गा.वि.स. वडा नं. ४ क कि. ने. १२१७, १५७९ क्षेत्रफल ०-०-१९३/४, ०-६-० ऐ. ऐ. वा. ने. २ क कि. ने. ७२ क्षेत्रफल ०-१३-१०, ऐ. ऐ. वा. ने. ५ क कि. ने. ९२ क्षेत्रफल ०-९-१५ |
| ३. | ५७९ | तेतरी देवी राय | साविक मुसैली-०५, हाल बरहथवा न.पा. १६, गंगापुर | महेन्द्र राय यादव | रामस्वरूप राय | २०८०/०७/२२ | ८,८५,०००/- | ३,९४,४५७/- | तेतरी देवी राय को नाममा जिल्ला सर्लाही बरहथवा मालपोतमा दर्ता कायम रहेको जग्गाको ठेगाना गंगापुर, सितापुर वा. ने. १ क कि. ने. ८९१ क्षेत्रफल ०-६-९ |

**नोटः सम्पर्क फोन नं ९८४४२०१६०६**

१. लिलाम हुने दिन ऋणीको प्रतिनिधी उपस्थित हुन ऋणीहरुलाई पत्र पठाइने छ। पत्र प्राप्त नभएमा यसै सूचना प्राप्त भएको मानिनेछ।
२. धितो लिलाम बिक्रीबाट सम्पूर्ण रकम असुल उपर नभएमा अन्य जायेजाबाट समेत असुल उपर गरिनेछ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०८१/०३/२६ मा दर्ता भएको **दर्ता नं. ३४०५५९।०८०।०८१ को मोडेल मल्टिमिडिया कम्पनी प्रा.ली.** को मिति २०८२/१२/२० मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: सुनिल रजौरे, इजाजतपत्र नं. ३८९,**
**ठेगाना : काठमाडौं-२९, फोन नं. ९८५१३०१६५५**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८२/१२/२५

यस कम्पनीको मिति २०८२।११।०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **सर्टिफाईड पब्लिक एकाउन्टिङ्ग फर्म अफ राज विराज रिजाल प्रा.लि. (दर्ता नं. १४२७६६)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१२।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ट्याक्सराजा ग्लोबल कन्सल्टिङ्ग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।



**मोटरसाईकल हरायो**

मिति २०८२/१२/०२ गते टोखा-५ बसुन्धाराको टोखा प्रवेश मार्गबाट च्यासिस नं. ME15EG45AM0134553 इञ्जिन नं. E3ZSE0418486 बागमती प्रदेश ०२-०३२-प-४८२७ नम्बरको कालो रङ्गको (YAMAHA RAYZR) स्कुटर हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला।

नाम : जानुका खडका
ठेगाना : टोखा-५, काठमाडौं
सम्पर्क : ९८४१९३६८०३



## नेपग्रिड इन्फ्रास्ट्रक्चर लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)

का.म.न.पा. वडा नं.-३०, काठमाण्डौ

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस नेपग्रिड इन्फ्रास्ट्रक्चर लिमिटेडको मिति २०८२/१२/२४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८३/०१/१० गते
**समय :** बिहान ११:०० बजे
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.३०, काठमाण्डौ।

**विशेष साधारण सभाका प्रस्तावहरु :**

१. कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन सहित प्रबन्धपत्र तथा नियमावलिमा संशोधन गर्ने।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधनको स्वीकृति तथा अभिलेखका सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल/परिवर्तन वा परिमार्जन गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन र अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।
३. विशेष साधारण सभाको निर्णय विवरणमा हस्ताक्षर गर्ने प्रतिनिधि नियुक्त गर्ने।
४. विविध।

**सञ्चालक समितिको आज्ञाले,**
........................
**सञ्चालक/अध्यक्ष**



**Malaysia मा रोजगार** Chuan Sin Sdn. Bhd.

पुर्व स्वीकृती मितिः २०८२/१२/२३ चलानी नं. ६०२५३८७० LT No.: 340441

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | कामम्मा दक्ष | 1700 | ६२,६९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

Wj Palace Sdn. Bhd. पुर्व स्वीकृती मितिः २०८२/१२/२३ चलानी नं. ६०२५३८७१ LT No.: 340442

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant (Kitchen Helper) | 8 | 0 | कामम्मा दक्ष | 1700 | ६२,६९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८३ बैशाख २ गते (15 April, 2026) यस प्रा. लि. को कार्यालय सामाखुशी, काठमाडौंमा हुनेछ।

WIN RECRUITMENT PVT. LTD. Gov. Lic. No. 1383/074/75
Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112250, 9801112262, 9801112267



**Free Visa, Free Ticket सहित Jordon मा रोजगारको अवसर**

Ark Garment Manufacturing Company LLC, Jordon

पुनः विज्ञापन, पूर्व स्वीकृत मितिः २०८२/६/८ चलानी नं.: ६०२४५३१३ LT No.: 331464

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 29 | 60 | साधारण | 230 | ४८,२३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

अन्तरवार्ता २०८३ बैशाख २ गते (15 April, 2026) यस प्रा. लि. कार्यालय सामाखुसी काठमाडौमा हुनेछ

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

Rose Employment Service Pvt. Ltd. Gov. Lic. No.: 844/066/067
Samakhusi -26, Townplanning, Kathmandu, Tel.: 01-4970401, 4970402

नेपाल टेलिकमको सेवामा सुधार

# अब डाटा सकिँदा स्वत: पैसा नकाटिने




■ सौर्य समाचार

काठमाडौँ । नेपालको दूरसञ्चार क्षेत्रमा सेवा गुणस्तरबारे लामो समयदेखि उठ्दै आएका गुनासाहरूका बीच नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) मा सुधारका प्रयास थालिएका छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा.विक्रम तिमिल्सिनाको निर्देशनपछि कम्पनीले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठोस कदम अघि बढाएको हो । विशेष गरी ग्राहक सेवा, मोबाइल डेटा व्यवस्थापन, डिजिटल सेवा विस्तार र प्रशासनिक प्रक्रियामा सुधार ल्याउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया अघि बढाइएको छ ।

सञ्चार मन्त्रालयले 'नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली' लागू गर्ने उद्देश्यसहित १० बुँदे सुधारात्मक कार्ययोजना ल्याएको छ । यस योजनामा नेपाल टेलिकमको सेवा सुधारलाई पनि प्राथमिकतामा राखिएको छ । यसअन्तर्गत ग्राहक सेवालाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ । विगतमा सेवा अवरोध, ढिलो प्रतिक्रिया, अनावश्यक प्रक्रियागत झन्झट र ग्राहकको गुनासो समाधानमा ढिलाइजस्ता समस्या बारम्बार उठ्दै आएका थिए । यिनै समस्यालाई सम्बोधन गर्न अहिले मन्त्रालय र कम्पनी दुवैले समन्वयात्मक ढंगले काम गरिरहेका छन् ।

नेपाल टेलिकमका प्रयोगकर्ताहरूले लामो समयदेखि डाटा प्याकेज सकिएपछि स्वतः मुख्य ब्यालेन्सबाट रकम काटिने समस्याबारे गुनासो गर्दै आएका थिए । अब यो प्रणाली अन्त्य गरिएको छ । यसको सट्टा ग्राहकले थप पारदर्शी र आफैँ छान्न सक्ने विकल्पसहितको सेवा पाउने छन् । अब ग्राहकले लिएको डाटा प्याकेजको ९० प्रतिशत खपत भएपछि पूर्वसूचना दिइने छ ।

जसले बाँकी डाटा कति छ भन्ने जानकारी समयमै दिन्छ । यससँगै 'पे-एज-यू-गो' (पिएवाइजी) अर्थात् डाटा प्याकेजबिनै इन्टरनेट चलाउने र रकम काट्ने विकल्प उपलब्ध गराइएको छ । जसले ग्राहकलाई प्याकेजबिना पनि आवश्यकताअनुसार इन्टरनेट प्रयोग गर्नसक्ने सुविधा दिन्छ । साथै, ग्राहकले नयाँ प्याकेज लिने वा सिधै पिएवाइजी मोडमा जाने भन्ने निर्णय आफैँ गर्न सक्नेछन् ।

नेपाल टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार यो प्रणाली हाल परीक्षण चरणमा रहेको र केही दिनभित्रै पूर्ण रूपमा लागू हुनेछ । उनका अनुसार 'युएसएसडि'मार्फत खरिद गरिने डाटा प्याकमा यो सुविधा ३ देखि ५ दिनभित्र लागू हुने छ भने नेपाल टेलिकमको मोबाइल एप प्रयोग गर्ने ग्राहकका लागि ७ देखि १० दिनभित्र कार्यान्वयनमा आउनेछ । यसले डिजिटल माध्यममार्फत सेवा प्रयोग गर्ने ग्राहकहरूलाई अझ सहज अनुभव दिने विश्वास लिइएको छ ।

नेपाल टेलिकमका ग्राहक सेवा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन 'वन टाइम केवाइसी' प्रणाली लागू गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिएका छन् । यसबाट ग्राहकले एकपटक मात्र आफ्नो विवरण बुझाएपछि भविष्यमा फेरि त्यही विवरण पेस गर्नुपर्ने झन्झट अन्त्य हुने जनाइएको छ । अहिले सिम कार्ड लिन, नवीकरण गर्न वा अन्य सेवा लिन जाँदा बारम्बार कागजात पेस गर्नुपर्ने समस्या थियो । जसले ग्राहकलाई हैरानी दिँदै आएको थियो । नयाँ प्रणाली लागू भएपछि सेवा प्राप्ति प्रक्रिया छिटो, सरल र झन्झटरहित हुने अपेक्षा गरिएको छ । यो प्रणाली आगामी ३० दिनभित्र कार्यान्वयनमा ल्याइसक्ने लक्ष्य राखिएको छ ।

डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राख्दै नेपाल टेलिकमले आफ्ना विभिन्न सेवाहरू पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी पनि तीव्र बनाएको छ । ई-सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुनःप्राप्ति तथा सिम स्वामित्व हस्तान्तरणजस्ता सेवाहरू अब घरमै बसेर अनलाइन माध्यमबाट लिन सकिने छ । यसले विशेषगरी दुर्गम क्षेत्रका ग्राहकलाई ठुलो राहत दिने अपेक्षा गरिएको छ । साथै कार्यालयमा हुने भीड घटाउने र सेवा वितरणलाई थप व्यवस्थित बनाउने ठानिएको छ । ग्राहक सेवा सुधारकै अर्को महत्त्वपूर्ण पक्षका रूपमा 'एकल विन्दु सेवा' सहायता कक्ष स्थापना गर्ने योजना अघि सारिएको छ ।

मन्त्रालयको कार्ययोजनाअनुसार नेपाल टेलिकमका सबै कार्यालयमा यस्तो सहायता कक्ष स्थापना गरिने छ र ग्राहकले एकै ठाउँबाट आफ्ना सबै समस्याको समाधान पाउने छन् । यसले विभिन्न काउन्टर धाउनुपर्ने बाध्यता अन्त्य गर्ने र सेवा प्राप्तिको समय घटाउने अपेक्षा गरिएको छ । यससँगै फोरजी मोबाइल नेटवर्क सेवाको गुणस्तर सुधार गर्ने काम पनि भइरहेको छ । हाल देशका विभिन्न स्थानमा फोरजी सेवा कमजोर रहेको गुनासो व्यापक रूपमा उठ्दै आएको छ । यस समस्यालाई समाधान गर्न नीतिगत व्यवस्था परिमार्जन गर्ने र थप फ्रिक्वेन्सी उपलब्ध गराउने तयारी भइरहेको मन्त्रालयले जनाएको छ । आगामी ३० दिनभित्र आवश्यक नीतिगत सुधार सम्पन्न गरी सेवा गुणस्तरमा सुधार ल्याउने लक्ष्य राखिएको छ ।

# किम्बुका बिरुवाको माग बढ्दो

■ सौर्य समाचार

चितवन । रेशम किरापालनका लागि परम्परागत रूपमा प्रयोग हुँदै आएको किम्बु पछिल्लो समय रेशमखेती घट्दै जाँदा वैकल्पिक उपयोगका कारण फेरि चर्चामा आउन थालेको छ । हाल किम्बुका बुटाको वैकल्पिक प्रयोग बढ्न थालेको छ । अहिले किम्बुका बुटा व्यावसायिक होटल, रेस्टुराँ र पर्यटन क्षेत्रमा सजावटी बिरुवाका रूपमा प्रयोग हुन थालेका छन् भने पशुपालन गर्ने किसानहरूले यसलाई घाँसका रूपमा समेत उपयोग गर्न थालेपछि यसको माग बढ्दो छ ।

चितवनको भण्डारास्थित व्यावसायिक किट विकास फार्ममा उत्पादित किम्बुका बिरुवा देशका विभिन्न जिल्लामा यिनै प्रयोजनका लागि पठाइने गरिएको छ । कार्यालय (फार्म) प्रमुख सुरुची त्रिपाठीका अनुसार चालु आर्थिक वर्षमा कार्यालयले १ लाख ८० हजारभन्दा बढी किम्बुका बिरुवा उत्पादन गरेको छ । ती बिरुवा किसानलाई प्रतिविरुवा ५ रुपैयाँका दरले बिक्री गर्रिंदै आएको उनले जानकारी दिइन् । यस वर्ष मधेस तथा पहाडी जिल्लाबाट समेत किम्बु बिरुवाको माग आएको उनले बताइन् । पछिल्लो समय रेशम किरापालनका लागि समेत बिरुवाको माग पुनः बढ्न थालेको छ । ओखलढुंगा, सिन्धुलीलगायतका जिल्लाबाट किम्बु बिरुवाको माग आएको उनले जानकारी दिइन् ।त्यसैगरी, पर्यटन क्षेत्रबाट पनि किम्बु बिरुवाको माग बढ्दो रहेको छ । होटल तथा रिसोर्टहरूले छिटो हुर्कने, राम्रो छहारी दिने र फल लाग्दा चराचुरुंगी आकर्षित हुने भएकाले वातावरणीय सौन्दर्यका लागि किम्बु रोप्ने चलन बढेको उनले बताइन् । उनले भनिन्, 'होटल तथा रिसोर्टहरूबाट यसको माग बढेको छ, किनभने यो बिरुवा छिटो हुर्कन्छ । फल लाग्ने समयमा चराचुरुंगी आकर्षित हुने भएकाले रेस्टुराँ परिसरमा रोप्दा राम्रो छहारीका साथै आउने पाहुनाहरूले चराहरू अवलोकन गर्न सक्ने वातावरण सिर्जना हुन्छ । यसै कारण किम्बु रोप्ने प्रचलन बढ्दै गएको छ ।'

किम्बुको फलको पनि बजारमा उत्तिकै माग रहेको छ । यसको फलमा औषधीय गुण पाइने र वाइन, जाम तथा जुस बनाउन प्रयोग गर्न सकिने भएकाले केही उद्योगहरूले समेत फलको माग गर्ने गरेका छन् । उनका अनुसार किम्बु फलले रगतमा हेमोग्लोबिनको मात्रा बढाउन सहयोग गर्ने भएकाले स्वास्थ्यका हिसाबले समेत उपयोगी मानिन्छ ।

'स्वास्थ्यका हिसाबले किम्बु अत्यन्त राम्रो फल हो', उनले भनिन् । उनले नेपालमा पाइने बेरी प्रजातिमध्ये किम्बु पनि एक रहेको बताइन् । उनले किसानहरूले यसलाई पशुका लागि घाँसको रूपमा समेत प्रयोग गर्ने गरेको बताए । विशेषगरी अन्य घाँस अभाव हुने समयमा यसको महत्त्व अझ बढ्ने गरेको छ । हाल फार्मबाट कान्वा-२ जातको किम्बु बिरुवा उत्पादन गरी वितरण गर्रिंदै आएको छ । यो बिरुवा गमलादेखि खेतसम्म सजिलै रोप्न सकिने प्रमुख त्रिपाठीले बताइन् ।

हिउँदको समयमा बिरुवा कटिङ सुरु गरी रोपाइँ गरिन्छ र जेठ महिनादेखि वितरण गरिने गरिएको छ । वर्षायाममा सार्न उपयुक्त हुने भए पनि पानीको स्रोत उपलब्ध भए अन्य समयमा पनि किम्बु रोप्न सकिने उनले जानकारी दिइन् ।



## गरिमा विकास बैंक लिमिटेड
## Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालयः** काठमाण्डौं-२, लाजिम्पाट, **फोन :** ०१-४५४५४२४/२५/२६,
**वेभसाइटः** www.garimabank.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८२/१२/२५ गते**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै-दस्तुर रकम तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ । धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **१. ऋणीको नामः थापा किराना पशल**<br>फर्मको ठेगाना : वा.न.पा.-३, बाग्लुङ<br>फर्मको दर्ता नं.: ३/३४५, फर्म दर्ता मितिः २०७७/१०/२५<br>फर्मको पान नं.: ६१५०९४१८२<br>फर्म दर्ता निकाय : वागलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वागलुङ<br>**प्रोप्राईटर : नुनु माया थापा**<br>**कर्जा शीर्षक : महिला उद्यमी कर्जा**<br>**शाखा कार्यालय : बागलुङ** | **क) नाम : नुनु माया थापा**<br>बावुको नाम : बल वहादुर थापा<br>बाजेको नाम : गञ्ज सिंह थापा<br>स्थायी ठेगाना : जैमिनि न.पा.-१, वागलुङ<br>हालको ठेगाना : वागलुङ न.पा.-३, वागलुङ<br>ना.प्र.नं.: ४२८६-३६५, जारी मिति : २०५७/०४/२०<br>जारी जिल्ला : वागलुङ<br>**ख) नामः भुपेन्द्र थापा**<br>बावुको नाम : बल वहादुर थापा<br>बाजेको नाम : गञ्ज सिंह थापा<br>स्थायी ठेगाना : कुश्मीसेरा गा.वि.स.-५,वागलुङ्<br>हालको ठेगाना : जैमिनी न.पा.-१, वागलुङ्<br>ना.प्र.नं.: ५९८-३६२, जारी मिति : २०४४/११/०७<br>जारी जिल्ला : वागलुङ |
| **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय वाग्लुङमा मनकला थापाको नाममा दर्ता श्रेस्ता कायम रहेको कुस्मी गा.वि.स. वडा नं.३ स्थित कित्ता नं. ३७७, ३७८, ५२०, ५०७, ११७५, २९८, २९१, १३००, २५९, २६१ र ६५ को क्षे.फ. क्रमशः १-८-०-१, ०-८-२-०, २-१-१-२, १-७-२-३, ०-७-१-०, ०-१४-२-२, ०-११-३-३, १-७-०-१, ०-७-१-२, ०-१३-०-३ र ०-६-२-२ रोपनी भएको जग्गा सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **२. क) ऋणीको नाम : जोयस किराना पसल**<br>फर्मको ठेगाना : बागलुङ न.पा.-०२, बागलुङ<br>फर्म दर्ता नं.: कि ७२४<br>फर्म दर्ता मितिः २०७६/०१/०५<br>फर्मको पान नं. : ६१०५४३१५५<br>फर्म दर्ता निकाय : बागलुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बागलुङ<br>**प्रोप्राईटर : सुष्मा घर्ति**<br>**कर्जा शिर्षक : साना तथा मझौला आवधिक कर्जा**<br>**शाखा कार्यालय : बागलुङ**<br>**ख) ऋणीको नाम : किरण थापा**<br>बावुको नाम : चेत बहादुर थापा<br>बाजेको नाम : बल बहादुर थापा<br>स्थायी ठेगाना : कुश्मीसेरा गा.वि.स.-५, बाग्लुङ<br>हालको ठेगाना : बाग्लुङ न.पा.-२, बाग्लुङ<br>ना.प्र.नं. : १९९९८६<br>जारी मितिः २०६२/०४/०४, जारी जिल्लाः बाग्लुङ<br>**कर्जा शिर्षक : व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय : बागलुङ**<br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नामः शुष्मा घर्ति थापा**<br>पतिको नाम : किरण थापा<br>ससुराको नाम : चेत बहादुर थापा<br>स्थायी ठेगाना : जैमिनी न.पा.-१, बागलुङ<br>हालको ठेगाना : बागलुङ न.पा.-२, बागलुङ<br>ना.प्र.नं. : २०७८४२<br>जारी मितिः २०६३/०८/०१, जारी जिल्लाः बागलुङ<br>**ख) नामः किरण थापा**<br>बावुको नाम : चेत बहादुर थापा<br>बाजेको नाम : बल बहादुर थापा<br>स्थायी ठेगाना : कुश्मीसेरा गा.वि.स.-५, बागलुङ<br>हालको ठेगाना : बागलुङ न.पा.-२, बागलुङ<br>ना.प्र.नं.: १९९९८६, जारी मितिः २०६२/०४/०४<br>जारी जिल्लाः बागलुङ<br>*नोटः ऋणी जोयस किराना पसलको साना तथा मझौला आवधिक कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु शुष्मा घर्ति थापा, किरण थापा, चेत बहादुर थापा, भुपेन्द्र थापा, लाल बहादुर थापा, मनकला थापा, नुनु माया थापा, तिलक बहादुर थापा रहेको र ऋणी किरण थापाको व्यक्तिगत लघुउद्यम कर्जामा धन जमानीकर्ताहरु शुष्मा घर्ति थापा, नुनु माया थापा रहेको ।* | **ग) नामः चेत बहादुर थापा**<br>बावुको नाम : बल बहादुर थापा<br>बाजेको नाम : गञ्ग सिंह थापा<br>स्थायी ठेगाना : कुश्मीसेरा गा.वि.स.-५, बागलुङ<br>हालको ठेगाना : जैमिनी न.पा.-१, बागलुङ<br>ना.प्र.नं. : ८०४५/४५२<br>जारी मितिः २०४२/०३/०३, जारी जिल्लाः बागलुङ<br>**घ) नामः भुपेन्द्र थापा**<br>बावुको नाम : बल बहादुर थापा<br>बाजेको नाम : गञ्ग सिंह थापा<br>स्थायी ठेगाना : कुश्मीसेरा गा.वि.स.-५, बागलुङ<br>हालको ठेगाना : जैमिनी न.पा.-१, बागलुङ<br>ना.प्र.नं. : ५९८-३६२<br>जारी मितिः २०४४/११/०७, जारी जिल्लाः बागलुङ<br>**ङ) नामः लाल बहादुर थापा**<br>बावुको नाम : बल बहादुर थापा<br>बाजेको नाम : गञ्ग सिंह थापा<br>स्थायी ठेगाना : कुश्मी गा.वि.स.-५, बागलुङ<br>हालको ठेगाना : जैमिनी न.पा.-१, बागलुङ<br>ना.प्र.नं. : ५९०<br>जारी मितिः २०४४/११/०७, जारी जिल्लाः बागलुङ<br>**च) नामः मनकला थापा**<br>पतिको नाम : बल बहादुर थापा<br>ससुराको नाम : गञ्ग सिंह थापा<br>स्थायी ठेगाना : कुश्मी गा.वि.स.-५, बागलुङ<br>हालको ठेगाना : जैमिनी न.पा.-१, बागलुङ<br>ना.प्र.नं. : ६१९/४४७<br>जारी मितिः २०४४/११/०५, जारी जिल्लाः बागलुङ<br>**छ) नामः नुनु माया थापा**<br>बावुको नाम : बल बहादुर थापा<br>बाजेको नाम : गञ्ग सिंह थापा<br>स्थायी ठेगाना : कुश्मी गा.वि.स.- ५, बागलुङ<br>हालको ठेगाना : जैमिनी न.पा.- १, बागलुङ<br>ना.प्र.नं. : ४२८६-३६५<br>जारी मितिः २०५७/०४/२०, जारी जिल्लाः बागलुङ<br>**ज) नामः तिलक बहादुर थापा**<br>बावुको नाम : बल बहादुर थापा<br>बाजेको नाम : गञ्ज सिंह थापा<br>स्थायी ठेगाना : कुश्मी गा.वि.स.-५, बागलुङ<br>हालको ठेगाना : जैमिनी न.पा.-१, बागलुङ<br>ना.प्र.नं. : ६००/४५०<br>जारी मितिः २०३७/०९/२३, जारी जिल्लाः बागलुङ |
| **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय, बागलुङमा मनकला थापाको नाममा दर्ता श्रेस्ता कायम रहेको कुश्मी गा.वि.स./न.पा. स्थित वडा नं. ३ र नक्सा सिट नं. ३ को कित्ता नं. ५४७ र २१२७ क्षे.फ. २-१-०-१ र १-२-२-१ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **३. ऋणीको नामः एस. आई. एस. फर्म.**<br>फर्मको ठेगानाः निलकण्ठ नगरपालिका वडा नं.-४, धादिङ<br>फर्म दर्ता नं.: ५४२३/०७४/०७५<br>फर्म दर्ता मितिः २०७४/०८/१३<br>फर्मको पान नं. ६०७२४२१६४<br>फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग<br>**प्रोप्राईटर/धनजमानीकर्ताको नामः संगिता दाहाल कसाई**<br>पतिको नामः ईश्वर कसाई<br>ससुराको नामः कृष्णवहादुर कसाई<br>स्थायी ठेगानाः नीलकण्ठ न.पा.-४, धादिङ<br>हालको ठेगानाः नीलकण्ठ न.पा.-४, धादिङ<br>ना.प्र.नं.:२६-०१-७१-०५२२८, जारी मितिः२०७१-०७-२८<br>जारी जिल्लाः धादिङ<br>**कर्जा शीर्षकः कृषि आवधिक कर्जा/कृषि अधिविकर्ष कर्जा/पूनरसंरचना कर्जा**<br>**शाखा कार्यालयः धादिङवेसी, धादिङ** | **क) नामः ईश्वर कसाई**<br>बावुको नामः कृष्णबहादुर कसाई<br>बाजेको नामः आइतमान कसाई<br>स्थायी ठेगानाः नीलकण्ठ न.पा.-१, धादिङ<br>हालको ठेगानाः नीलकण्ठ न.पा.-४, धादिङ<br>ना.प्र.नं.:२६१/५०२४२<br>जारी मितिः २०६८/०८/०४<br>जारी जिल्लाः धादिङ<br>**ख) नामः विमाया कसाई**<br>पतिको नामः कृष्ण वहादुर कसाई<br>ससुराको नामः आईतमान कसाई<br>स्थायी ठेगानाः नीलकण्ठ न.पा.-४, धादिङ<br>हालको ठेगानाः नीलकण्ठ न.पा.-४, धादिङ<br>ना.प्र.नं.: ३६१९४<br>जारी मितिः २०५६-१२-२०<br>जारी जिल्लाः धादिङ |
| सुरक्षण धितोको विवरणः<br>१. मालपोत कार्यालय धादिङमा संगिता दाहाल कसाईको नाममा दर्ता श्रेस्ता कायम रहेको सुनौलाबजार गा.वि.स/न.पा वडा नं. १ नक्सा सीट नं. १क स्थित कित्ता नं. ७०१, ५९ र ६३ को क्षे.फ. क्रमशः १-०-०-०, १-३-२-३, १-८-१-२ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. मालपोत कार्यालय धादिङमा संगिता दाहाल कसाईको नाममा दर्ता श्रेस्ता कायम रहेको सुनौलाबजार गा.वि.स/न.पा वडा नं. ५ नक्सा सीट नं. ५क स्थित कित्ता नं. २३३ को क्षे.फ. ३-४-१-२ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>३. मालपोत कार्यालय धादिङमा ईश्वर कसाईको नाममा दर्ता श्रेस्ता कायम रहेको नीलकण्ठ गा.वि.स/ न.पा वडा नं. १ नक्सा सीट नं.१क स्थित कित्ता नं. ८८२ र ८७३ को क्षे.फ. क्रमशः ०-१-१-२ र ०-२-२-२ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **४. ऋणीको नामः भुवन वाहादुर अधिकारी**<br>बावुको नाम : शेर वाहादुर अधिकारी<br>बाजको नाम : तिल बहादुर<br>स्थायी ठेगाना : भरतपुर न.पा.-१४, चितवन<br>हालको ठेगाना : टोखा न.पा.-३, काठमाण्डौ<br>ना.प्र.नं.: ८७६<br>जारी मितिः २०५०/०९/०९, जारी जिल्लाः चितवन<br>**कर्जा शीर्षक : रियल स्टेट कर्जा**<br>**शाखा कार्यालय : लाजिम्पाट, काठमाण्डौ** | **क) नामः मधु अधिकारी**<br>पतिको नाम : भुवन बहादुर अधिकारी<br>ससुराको नाम : शेर वाहादुर अधिकारी<br>स्थायी ठेगाना : भरतपुर न.पा.-१४, चितवन<br>हालको ठेगाना : टोखा न.पा.-३, काठमाण्डौ<br>ना.प्र.नं.: १४०२३/०५६<br>जारी मिति : २०५६/०६/१०<br>जारी जिल्लाः चितवन |
| **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय चितवनमा भुवन बहादुर अधिकारीको नाममा दर्ता श्रेस्ता कायम रहेको कल्याणपुर गा.वि.स./न.पा. स्थित वडा नं. ६, नक्सा सिट नं. ६ख को कित्ता नं. ५४० क्षे.फ. ०-१०-११ १/२ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **५. ऋणीको नामः जि.सी. मोवाइल पसल**<br>फर्मको ठेगानाः माहाकाली न.पा.-२, कञ्चनपुर<br>फर्म दर्ता नं. : २३/०७४/०७५<br>फर्म दर्ता मिति : २०७४/०४/०८<br>फर्मको पान नं. : ६०६२७६९२४<br>फर्म दर्ता निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, महेन्द्रनगर, कञ्चनपुर<br>**प्रोप्राईटर : ईश्वर जि.सी. घर्ति क्षेत्री**<br>**कर्जा शिर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : महेन्द्रनगर, कञ्चनपुर** | **क) नाम : ईश्वर जि.सी. घर्ति क्षेत्री**<br>बावुको नाम : मान व. जि.सी.<br>बाजेको नाम : टेकबहादुर जि.सी. घर्ति क्षेत्री<br>स्थायी ठेगाना : चाँदनी गा.वि.स.-८, कञ्चनपुर<br>हालको ठेगानाः दोधारा चाँदनी न.पा.-२, कञ्चनपुर<br>ना.प्र.नं. : ७५१००४/५३१६<br>जारी मितिः २०६६/०४/२०, जारी जिल्लाः कञ्चनपुर<br>**ख) नाम : नुनि कुमारी थापा (जि.सी.)**<br>पतिको नाम : ईश्वर जि.सी. घर्ति क्षेत्री<br>ससुराको नाम : मान व. जि.सी.<br>स्थायी ठेगाना : चाँदनी गा.वि.स.-८, कञ्चनपुर<br>हालको ठेगानाः दोधारा चाँदनी न.पा.-२, कञ्चनपुर<br>ना.प्र.नं. : ७५१००८/१४६२३<br>जारी मितिः २०६८/०१/२२, जारी जिल्लाः कञ्चनपुर |
| **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा ईश्वर जि.सी. घर्ती क्षेत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेका चाँदनी गा.वि.स. वडा नं. ६ र नक्सा सिट नं. ०२६००१० स्थित कि.नं. ४२९ क्षे.फ. ३५५.०० व.मि. भएको जग्गा/घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **६. ऋणीको नामः केयर एण्ड क्योर फर्मास्यूटिकल्स प्रा.लि.**<br>कम्पनीको ठेगानाः काठमाण्डौं म.न.पा.-१७, काठमाडौं<br>कम्पनी दर्ता नं.: ८५५८६/०६८/०६९<br>कम्पनी दर्ता मितिः २०६८/०४/३०<br>कम्पनीको पान नं. ६००३७९६८७<br>कम्पनी दर्ता निकायः नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं<br>**अख्तियार प्राप्त व्यक्ति/धन जमानीकर्ताको नामः मनोज शर्मा न्यौपाने**<br>बावुको नामः पशुपति नाथ शर्मा न्यौपाने<br>बाजेको नामः ईन्द्रविलास न्यौपाने<br>स्थायी ठेगानाः दमौलि-६, तनहुँ<br>हालको ठेगानाः ललितपुर म.न.पा.-१४, ललितपुर<br>ना.प्र.नं.: ३५५१, जारी मितिः २०४१/१२/२२<br>जारी जिल्लाः तनहुँ<br>**कर्जा शीर्षकः व्यवसायिक आवधिक कर्जा**<br>**शाखा कार्यालयः लाजिम्पाट, काठमाण्डौं** | **ख) नामः शुभा खनाल**<br>पतिको नामः राजेन्द्र प्रसाद पौडैल<br>ससुराको नामः दिवाकर शर्मा पौडेल<br>स्थायी ठेगानाः दमौली-८, तनहुँ<br>हालको ठेगानाः काठमाण्डौं म.न.पा.-१६, काठमाण्डौं<br>ना.प्र.नं.: ४७३, जारी मितिः २०४५/०५/१९<br>जारी जिल्लाः तनहुँ<br>**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा शुभा खनालको नाममा दर्ता श्रेस्ता कायम रहेको वेनीमणीपुर गा.वि.स/न.पा वडा नं. २ को कित्ता नं. १०२३, १४१३ र १२८४ क्षे.फ. ०-१०-३-०, ०-९-३-० र ०-११-०-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **७. क) ऋणीको नामः सिजन पोल्ट्री फर्म एण्ड सप्लायर्स**<br>फर्मको ठेगानाः इटहरी उ.म.न.पा.-२४, सुनसरी<br>फर्म दर्ता नं.: ३८९८/०७१/०७२<br>फर्म दर्ता मितिः २०७२/०१/२५<br>फर्मको पान नं.: ३०४३६६००६<br>फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी<br>**प्रोप्राईटरः अर्जुन कुमार गिरी**<br>**कर्जा शीर्षकः कृषि अधिविकर्ष कर्जा/हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालयः इटहरी, सुनसरी**<br>**ख) ऋणीको नामः शिशिर भेटेरीनरी**<br>फर्मको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>फर्म दर्ता नं.: ३७७०५२२०५०१०४/१४८६<br>फर्म दर्ता मितिः २०७७/०५/२२<br>फर्मको पान नं.: ६१३५९७१७७<br>फर्म दर्ता निकायः प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधी व्यवस्था विभाग, विराटनगर<br>**प्रोप्राईटरः रुकमणि भारती**<br>**कर्जा शीर्षकः महिला उद्यमशिल कर्जा**<br>**शाखा कार्यालयः इटहरी, सुनसरी** | **क) नाम : अर्जुन कुमार गिरी**<br>बावुको नामः दामे गिरी<br>बाजेको नामः पहलमान गिरी<br>स्थायी ठेगानाः हासपोसा-६, सुनसरी<br>हालको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>ना.प्र.नं.:०६१४७७६/१७८२<br>जारी मितिः २०४६/१२/१६, जारी जिल्लाः सुनसरी<br>**ख) नाम : रुकमणि भारती**<br>पतिको नामः अर्जुन कुमार गिरी<br>ससुराको नामः दामे गिरी<br>स्थायी ठेगानाः हासपोसा-२, सुनसरी<br>हालको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>ना.प्र.नं.: ४३१४८/४५१४८<br>जारी मितिः २०५५/०२/०७, जारी जिल्लाः सुनसरी<br>**ग) नाम : दिल बहादुर भारती**<br>बाबुको नामः भवी लाल भारती<br>बाजेको नामः अनिलरुद्र भारती<br>स्थायी ठेगानाः जुवु-३, सोलुखुम्वु<br>हालको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>ना.प्र.नं.: ३६७३/१४९४, जारी मितिः २०३८/१०/२६<br>जारी जिल्लाः सोलुखुम्वु |
| ***नोटः ऋणी सिजन पोल्ट्री फर्म एण्ड सप्लायर्सको कृषि अधिविकर्ष कर्जा/हायर पर्चेज कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु अर्जुन कुमार गिरी र रुकमणि भारती रहेको तथा ऋणी शिशिर भेटेरीनरीको महिला उद्यमशिल कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु अर्जुन कुमार गिरी, रुकमणि भारती र दिल बहादुर भारती रहेको ।*** | |
| सुरक्षण धितोको विवरणः<br>१. मालपोत कार्यालय सुनसरीमा अर्जुन कुमार गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको हासपोसा गा.वि.स./न.पा. वडा नं. २ स्थीत कि. नं. ३७०४ को क्षे.फ.०-०-१२ ३/४ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. यातायात व्यवस्था कार्यालय कोशीमा गरिमा विकास बैंकका नाममा दर्ता भई ऋणी सिजन पोल्ट्री फर्म एण्ड सप्लायर्स कायम रहेको निम्न बमोजिमको सवारी साधनः<br>**सवारी दर्ता नं.: को. २ च. २३६९** — कम्पनीको नामः महिन्द्रा एण्ड महिन्द्रा<br>मोडेलः MAHINDRA BOLERO SC XL FB 2 WD PS — बनेको सालः 2018<br>च्याचिस नं.: MA1ZN2GHKJ1J75773 — इन्जिन नं.: GHJ1J12961 | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **८. ऋणीको नामः कला न्यौपाने**<br>पतिको नामः अरुण उपाध्याय<br>ससुराको नामः राधेश्याम गोतामे<br>स्थायी ठेगानाः मध्यविन्दु न.पा.-७, नवलपरासी(ब.सु.पू.)<br>हालको ठेगानाः मध्यविन्दु न.पा.-७, नवलपरासी(ब.सु.पू.)<br>ना.प्र.नं.: ४६१२४, जारी मितिः २०६२/०४/२५<br>जारी जिल्लाः नवलपरासी (बर्दघाट सुस्ता पर्वू)<br>**कर्जा शीर्षक : आवास कर्जा**<br>**शाखा कार्यालयः कावासोती, नवलपरासी** | **क) नामः सावित्री घिमिरे**<br>पतिको नामः रामभक्त गैरे<br>ससुराको नामः टुकलाल गैरे<br>स्थायी ठेगानाः भारतीपुर गा.वि.स.-५, नवलपरासी<br>हालको ठेगानाः मध्यविन्दु न.पा.-६, नवलपरासी(ब.सु.पू.)<br>ना.प्र.नं.: ३६२००९/२५०, जारी मितिः २०६८/०२/२०<br>जारी जिल्लाः नवलपरासी |
| **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय कावासोती नवलपरासी(बर्दघाट सुस्ता पूर्व)मा कला न्यौपानेको नाममा दर्ता श्रेस्ता कायम रहेको तम्सरिया गा.वि.स/न.पा वडा नं. ४ नक्सा सीट नं.४ को कित्ता नं. १४७ क्षे.फ. ०-१-१०-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **९. ऋणीको नामः दिपिका मुखिया किराना एण्ड फ्रेस हाउस**<br>फर्मको ठेगानाः कावासोती-१०, नवलपरासी<br>फर्म दर्ता नं.: ४३०६, फर्म दर्ता मितिः २०७९-१०-०४<br>फर्मको पान नं. : ६१८४५२१९८<br>फर्म दर्ता निकायः कावासोती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिवमन्दिर, कावासोती, नवलपरासी, बर्दघाट-सुस्ता पूर्व, गण्डकी प्रदेश<br>**प्रोप्राइर्टरः योगमाया मुखिया**<br>**कर्जा शीर्षकः साना तथा मझौला आवधिक कर्जा**<br>**शाखा कार्यालयः कावासोती, नवलपरासी**<br>**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा कृष्ण मुखियाको नाममा दर्ता श्रेस्ता कायम रहेको कावासोती गा.वि.स/न.पा वडा नं. ८ नक्सा सीट नं. ८क को कित्ता नं. ४ क्षे.फ. ५७५.०० वर्ग मिटर भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **क) नामः योगमाया मुखिया**<br>पतिको नामः कृष्ण मुखिया<br>ससुराको नामः एक वहादुर महतो<br>स्थायी ठेगानाः कावासोती-७, नवलपरासी<br>हालको ठेगानाः कावासोती न.पा.-१०, नवलपरासी<br>ना.प्र.नं.: ३६२०१६/१३७८<br>जारी मितिः २०६८/०२/०५<br>जारी जिल्लाः नवलपरासी<br>**ख) नामः कृष्ण मुखिया**<br>बावुकोनामः एक वहादुर महतो<br>बाजेको नामः किसुनलाल मुखिया<br>स्थायी ठेगानाः कावासोती-७, नवलपरासी<br>हालकोठेगानाः कावासोती न.पा.-१०, नवलपरासी<br>ना.प्र.नं.: ३६२०१६/५२५, जारी मितिः २०६३/१०/०७<br>जारी जिल्लाः नवलपरासी |

**शर्त बन्देजहरु :**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/०४ गते शुक्रबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजानिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन् ।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १०प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षर मा स्पष्ट साथ खुलाउनु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन ।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ । यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु.१,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# फाप्ला क्रिकेट रंगशाला निर्माणमा सहयोग गर्ने खेलकुदमन्त्रीको प्रतिबद्धता

धनगढी उपमहानगरपालिका-३ मा निर्माण भइरहेको परियोजनाको जग्गा प्राप्ति, डिपिआर, इआइएजस्ता प्राविधिक प्रक्रियाहरू गत असारमा पूरा भई राष्ट्रिय आयोजना बैंकमा समावेश भइसकेको छ



■ सौर्य समाचार

काठमाडौँ । शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले धनगढीमा निर्माणाधीन फाप्ला अन्तरराष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्रामको मंगलबार निरीक्षण गरेका छन् । त्यस अवसरमा उनले आगामी दिनमा सरकारले आयोजनालाई विशेष प्राथमिकतामा राखेर बाँकी काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री पोखरेलले भने, ‘फाप्ला आयोजनाको जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्यांकन (इआइए) जस्ता प्राविधिक प्रक्रियाहरू सम्पन्न भइसकेका छन् । यो आयोजना राष्ट्रिय आयोजना बैंकमा समावेश भइसकेकाले अब सरकारले विशेष प्राथमिकतामा राखेर बजेट र कार्यान्वयनको पाटोलाई अगाडि बढाउनेछ ।’

निरीक्षणका क्रममा उक्त क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण समितिका अध्यक्ष सुवास शाहीले परियोजना निर्माणबारे जानकारी गराएका थिए । उनले निर्माण भएपछि समग्र देशको आर्थिक विकासका लागि ‘गेम चेन्जर’ परियोजना हुने भन्दै सरकारले प्राथमिकतामा राखेर काम गर्ने विश्वास व्यक्त गरे । धनगढी उपमहानगरपालिका-३ मा निर्माण भइरहेको परियोजनाको जग्गा प्राप्ति, डिपिआर, इआइएजस्ता प्राविधिक प्रक्रियाहरू गत असार महिनामा पूरा भई राष्ट्रिय आयोजना बैंकमा समावेश भइसकेको छ ।

निरीक्षण टोलीमा प्रतिनिधिसभाका सदस्य आनन्दबहादुर चन्द र केपी खनाललगायत सहभागी थिए । धनगढी क्रिकेट एकेडेमी (डिसिए)का अध्यक्षसमेत रहेका निर्माण समितिका अध्यक्ष शाहीको नेतृत्वमा विगतमा धनगढीको फाप्ला मैदानमा अन्तरराष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माणका लागि ड्रिम फाप्ला अभियान अघि सारिएको थियो । खेलग्रामअन्तर्गत यहाँ अन्तर्राष्ट्रिय मापदण्डअनुरूप ५० हजार दर्शक क्षमताको क्रिकेट रंगशाला चरणबद्ध रूपमा निर्माण गरिने लक्ष्य छ । यस्तै, रंगशालामा फुटबल मैदान, पौडी पोखरी, ट्र्याक एन्ड फिल्ड, मल्टी स्पोर्ट्स हल, स्पोर्ट्स म्युजियमलगायत पूर्वाधारहरू समावेश गरिने छन् । आयोजनाको लागत २६ अर्ब रुपैयाँ अनुमान गरिएको छ ।

### २ त्रिकोणात्मक शृंखला नेपालमा हुँदै

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत नेपालमा आयोजना हुने २ महत्वपूर्ण त्रिकोणात्मक शृंखलाको खेल तालिका सार्वजनिक गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले मंगलबार नेपाल, ओमान र युएई सहभागी पहिलो शृंखला तथा नेपाल, अमेरिका र स्कटल्यान्ड सहभागी दोस्रो शृंखलाको विस्तृत तालिका सार्वजनिक गरेको हो । पहिलो शृंखला वैशाख १२ देखि २३ गतेसम्म सञ्चालन हुनेछ, जसमा नेपालले ओमान र युएईसँग प्रतिस्पर्धा गर्नेछ ।

त्यसपछि दोस्रो शृंखला जेठ १ देखि ११ गतेसम्म हुनेछ, जहाँ नेपालले अमेरिका र स्कटल्यान्डसँग खेल्नेछ । दुवै शृंखलाका सबै खेल कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आयोजना गरिने क्यानले जनाएको छ । लिग-२ अन्तर्गत नेपालका लागि यी शृंखला महत्वपूर्ण मानिएका छन् । हालसम्मको प्रदर्शन हेर्दा नेपाल २० खेलमा १२ अंकसहित तालिकाको सातौँ स्थानमा रहेको छ । शीर्ष स्थानमा रहेको अमेरिका भने २४ खेलबाट ३६ अंकसहित अगाडि छ ।

नेपालले घरेलु मैदानको फाइदा उठाउँदै अंक सुधार गर्ने लक्ष्य राखेको छ । यी खेलहरूले विश्वकप छनोट यात्रामा नेपालको सम्भावना मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । साथै, समर्थकहरूको उत्साहजनक उपस्थितिले टोलीलाई थप ऊर्जा दिने विश्वास गरिएको छ ।

# एरिकाले कराते वान प्रिमियर लिग खेल्ने

■ सौर्य समाचार



काठमाडौँ । करातेकी ऐतिहासिक पदक विजेता एरिका गुरुङले चीनको लेसनमा हुने डब्लुकेएफ कराते वान प्रिमियर लिगमा प्रतिस्पर्धा गर्ने भएकी छन् । त्यसका लागि एरिकासहित ३ सदस्यीय नेपाली टोली बुधबार चीन प्रस्थान गर्दै छ । १० देखि १२ अप्रिलसम्म हुने प्रतियोगितामा एरिकाले महिला ६८ केजीमाथि तौलसमूहमा नेपालको चुनौती प्रस्तुत गर्नेछिन् । गत जनवरीमा टर्कीको इस्तानुबलमा भएको प्रिमियर लिगमा एरिकाले ऐतिहासिक रजत पदक जितेकी थिइन् । प्रिमियर लिग वर्षमा ४ पटक हुन्छ ।

राष्ट्रिय कराते टोलीका प्रशिक्षक कुशल श्रेष्ठका अनुसार विश्व वरीयतामा एरिका हाल ११औँ स्थानमा छिन् । सन् २०२६ को उपलब्धिका आधारमा भने एरिका तुम धी युके एसोसिएनकी सद्भावना दूत एरिका चौथो वरीयतामा छिन् । ३ सदस्यीय टोलीमा कुशल प्रशिक्षकको जिम्मेवारीमा छन् । व्यवस्थापकमा रवि महर्जन छन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहता र नेपाल कराते महासंघका महासचिव दावा गुरुङले मंगलबार एक कार्यक्रमबीच बिदाइ गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य-सचिव मेहताले पदक जिते वापत खेलाडीले प्राप्त गर्न नसकेको नगद पुरस्कारका लागि पहल गरिरहेको बताए । ‘विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जिते वापतको खेलाडीले पाउन नसकेको नगद पुरस्कार लागि गम्भीर भएर सम्बन्धित निकायमा पहल गरिरहेको छु । खेलकुदमन्त्रीको स्वागत कार्यक्रममा पेस गरिएको तत्काल गर्नुपर्ने १८ कार्य मध्ये मैले खेलाडीको पुरस्कारलाई पहिलो नम्बरमा राखेको थिए,’ सदस्य-सचिव मेहताले भने, ‘व्यक्तिगत भेटमा पनि यही आर्थिक वर्षमा दिनुपर्छ भनेर मन्त्रीज्यूसँग कुरा गरेको छु । मन्त्रीज्यू पनि यसमा सकरात्मक हुनु हुन्छ ।’

**सुराई दोको प्रायोजन**

यसैबीच, जापानको कराते ड्रेस उत्पादन कम्पनी सुराई दोले एरिकालाई औपचारिक रूपमा कराते खेल सामग्री प्रायोजन गरेको छ । कम्पनीमार्फत यस्तो अवसर प्राप्त गर्ने उनी पहिलो नेपाली खेलाडी बनेकी छन् । गुरुङलाई ४ सेट कराते ड्रेस, १ थान ब्याग, ४ थान सिन गार्ड, ४ थान बेल्ट, ४ जोड ग्लोब्स तथा ५ थान टिसर्ट उपलब्ध गराइएको राष्ट्रिय कराते टिमका मुख्य प्रशिक्षक कुशल श्रेष्ठले जानकारी दिए । उक्त सम्झौता २ वर्षका लागि कायम रहने छ ।

मुख्य प्रशिक्षक श्रेष्ठले यस प्रकारको अन्तर्राष्ट्रिय सहयोगले खेलाडीको मनोबल उच्च बनाउने र प्रदर्शनमा सकारात्मक प्रभाव पार्ने बताए । उनले सुराई दोजस्तो विश्व चर्चित ब्रान्डले नेपाली खेलाडीलाई प्रायोजन गर्नु नेपाली कराते क्षेत्रका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताउँदै यसले नेपाली खेलाडीप्रति अन्तर्राष्ट्रिय ब्रान्डहरूको चासो बढ्ने उल्लेख गरे । प्रशिक्षक श्रेष्ठले प्रायोजनका लागि प्रायोजकसँग पहल गरेको बताइएको छ ।

# प्रीति कम्बोडियन क्लबमा आबद्ध



■ सौर्य समाचार

काठमाडौँ । नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी मिडफिल्डर प्रिती राई क्याम्बोडियाको प्रेह खान रिच स्वाय रिएङ एफसीमा आबद्ध भएकी छन् । उनले सामाजिक सञ्जालमार्फत नयाँ सिजनका लागि क्लबमा अनुबन्ध भएको जानकारी दिएकी हुन् । एपिएफ क्लबबाट खेल्दै आएकी प्रिती गत सिजन जोर्डनको इतिहाद क्लबबाट खेलेर महिला प्रो लिग र महिला कप दुवै उपाधि जित्न सफल भएकी थिइन् ।

यसअघि उनले भारतको किक स्टार्ट्स एफसीबाट इन्डियन वुमेन्स लिग पनि खेलेकी थिइन् । प्रेह खान रीच स्वाय रिएङ उनको तेस्रो विदेशी क्लब हो । सन् २०२० मा स्थापित उक्त क्लब क्याम्बोडियन महिला लिगको पहिलो संस्करणको संयुक्त विजेता टोलीसमेत हो । हाल प्रिती क्याम्बोडिया पुगिसकेकी छन् ।

# फेन्सिङ खेलाडी अनिताले सगरमाथा आरोहण गर्ने

■ सौर्य समाचार

काठमाडौँ । फेन्सिङ खेलाडी अनिता कार्कीले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने भएकी छन् । नेपाल ओलम्पियन संघका अध्यक्ष दीपक विष्ट र नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले सफलताको शुभकामना दिँदै अनितालाई सोमबार एक कार्यक्रमबीच बिदाइ गरे । अनिता आज (मंगलबार) काठमाडौँबाट लुक्ला प्रस्थान गर्नेछिन् ।

करिब एकसातामा बेसक्याम्प पुगेपछि स्वास्थ्यलगायतको स्थिति हेरेर आरोहण मिति तय हुने अनिताले बताइन् । अनिताले आरोहण क्रममा ओलम्पियन संघ, खेलाडी संघ, नेपाल फेन्सिङ संघलगायतको झण्डा लिएर जाने बताइन् । नेपालमा भएको १३औँ दक्षिण एसियालीकी रजत विजेता अनिताले यसअघि ६ हजार ३८ मिटर उचाइको छुलु फारइस्ट हिमाल आरोहण गरिसकेकी छन् ।

# बास्केटबल लिग : आर्मी फाइनलमा



■ सौर्य समाचार

काठमाडौँ । विभागीय टोली त्रिभुवन आर्मी क्लब हिमालयन जाभा बास्केटबल लिग (एचजेएनबिएल) २०२६ को फाइनलमा प्रवेश गरेको छ । आर्मीले गोल्डेनगेटमाथि रोमाञ्चक जित निकाल्दै फाइनल पुगेको हो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा मंगलबार भएको पहिलो क्वालिफायरमा आर्मीले गोल्डनगेटलाई ९०-७१ ले पराजित गर्दै फाइनल पुगेको हो । आर्मीले यस सिजन गोल्डेनगेटविरुद्ध खेलेको तीनै खेल जित्दै आफ्नो वर्चस्व कायम राख्न सफल भएको छ । यसअघि लिग चरणको दुवै खेलमा आर्मीले गोल्डेनगेटलाई हराएको थियो ।

सुरुआती क्वाटरसम्म पछि परेको आर्मीले चौथो क्वाटरमा सानदार प्रदर्शन गर्दै जित हात पारेको हो । पहिलो क्वाटरमा गोल्डेनगेटले २५-१७ को अग्रता बनाएको थियो । दोस्रो क्वाटर १३-१३ को बराबरीमा सकिएपछि गोल्डेनगेटले हाफटाइमसम्म ३८-३० को अग्रता बनायो । तेस्रो क्वाटर पनि २४-२१ को अग्रतासहित अन्तिम क्वाटरअघि गोल्डेनगेट ६२-५१ ले अघि थियो । तर आर्मीले चौथो क्वाटरमा उत्कृष्ट प्रदर्शन गर्दै २९-९ ले आफ्नो पक्षमा पार्दै ८०-७१ ले खेल जितेको हो । आर्मीका कप्तान विनोद महर्जन म्यान अफ दि म्याच घोषित भए । आर्मीले शनिबार हुने फाइनलमा स्थान पक्का गर्दा गोल्डेनगेटले भने फाइनल पुग्नका लागि अर्को अवसर पाउनेछ । अब टाइम्स र केभिसी हाउन्ड्सबीच हुने एलिमिनेटरको विजेतासँग गोल्डेनगेटले दोस्रो क्वालिफायर खेल्नेछ ।

## कला

# पार्वतीको छायांकन सुरु, २१ भदौमा प्रदर्शन गर्ने तयारी

■ सौर्य समाचार



काठमाडौँ । अभिनेत्री तथा निर्मात्री नीता ढुङ्गानाको निर्देशनमा निर्माण भइरहेको चलचित्र ‘ पार्वती’ को छायांकन सुरु भएको छ । मंगलबार कास्कीको माछापुच्छ्रे गाउँपालिकाबाट औपचारिक रूपमा छायांकन आरम्भ गरिएको निर्माण टिमले जनाएको छ । निर्माण पक्षका अनुसार चलचित्रलाई आगामी भदौ १२ गते जनैपूर्णिमा तथा रक्षाबन्धनको अवसर पारेर प्रदर्शनमा ल्याउने योजना रहेको छ । पारिवारिक तथा सामाजिक कथावस्तुमा आधारित यो चलचित्रमा नीता ढंगाना स्वयं शीर्ष भूमिकामा देखिनेछिन् ।

चलचित्रमा दीपाश्री निरौला, अशोक दर्जी, सिरु विष्ट, राधिका कँडेल, राज पंगेनी, राजेन्द्र नेपाली तथा आशा पौडेललगायत कलाकारहरूको अभिनय रहनेछ । विविध अनुभवी र नयाँ कलाकारहरूको समावेशले चलचित्रलाई अझ आकर्षक बनाउने विश्वास निर्माण टिमको छ । ‘पार्वती’को कथा तथा पटकथा शिवम अधिकारीले तयार पारेका हुन् ।

नीता ढुंगाना फिल्मस्को व्यानरमा निर्माण भइरहेको यस चलचित्रका निर्माता हरिहर अधिकारी रहेका छन् भने सम्पादनको जिम्मेवारी साहिल खानले सम्हाल्नेछन् । छायांकन सुरु भएसँगै चलचित्रप्रति दर्शकमाझ उत्सुकता बढेको छ । निर्माण टिमले निर्धारित समयमै छायांकन सम्पन्न गरी तोकिएको मितिमा प्रदर्शन गर्ने लक्ष्य राखेको जनाएको छ ।

# रुकुम पश्चिमका मुक्तककार खत्रीलाई मकवानपुरमा सम्मान

■ सौर्य समाचार

मकवानपुर । झरना साहित्यिक परिवार (झसाप)ले आफ्नो ३२५औँ साहित्यिक शृंखलाअन्तर्गत ३२ औँ मुक्तक साँझ कार्यक्रम हेटौँडा क्याम्पसमा सम्पन्न गरेको छ । कार्यक्रममा रुकुम पश्चिमका मुक्तककार कर्णबहादुर खत्रीलाई ‘शिव-सावित्री अधिकारी मुक्तक सम्मान-२०८२’ प्रदान गरिएको छ । साहित्यकार रमेशमोहन अधिकारीद्वारा आफ्ना आमाबुबाको स्मृतिमा स्थापित उक्त सम्मान खत्रीलाई १५ हजार ५५५ रुपैयाँसहित प्रदान गरिएको हो।

कार्यक्रमकै अवसरमा मकवानपुरका विभिन्न विद्यालयका कक्षा १२ का विद्यार्थीबीच मुक्तक वाचन प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडेकी छात्रा सुमिना दाहाल सर्वोत्कृष्ट घोषित भइन् । उनलाई ‘ शिव-सावित्री अधिकारी स्मृति मुक्तक नवप्रतिभा पुरस्कार’अन्तर्गत ५ हजार ५५५ रुपैयाँसहित सम्मान गरिएको थियो ।

यसैगरी मकवानपुरका एकल मुक्तक कृति प्रकाशन गरिसकेका १३ जना मुक्तककारहरूलाई कृतिगत कदरपत्र प्रदान गरिएको थियो । कार्यक्रममा सहभागी मुक्तककारहरूले आफ्ना रचना वाचन गर्दै साहित्यिक वातावरणलाई जीवन्त बनाएका थिए । झसापका सचिव नीलहरि ढुंगेलका अनुसार कार्यक्रम सहसचिव अमृता लामिछानेले सञ्चालन गरेकी थिइन् । उपाध्यक्ष कृष्ण घतानीले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने अध्यक्ष गायत्री रूपाखेतीले सभाध्यक्षता गरेकी थिइन् । कार्यक्रमका प्रमुख अतिथि मुक्तककार रमेश समर्थन रहेका थिए ।

■ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव

# अन्तर्राष्ट्रियमा राजागन्ज उत्कृष्ट, राष्ट्रियतर्फ गुन्यू चोलो

## अभिनेत्रीमा सुरक्षा र अभिनेतामा नाजिर सर्वोत्कृष्ट

■ सौर्य समाचार

काठमाडौँमा । काठमाडौँमा सम्पन्न नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को नवौँ संस्करण विभिन्न विधामा उत्कृष्ट चलचित्र तथा स्रष्टालाई सम्मान गर्दै समापन भएको छ । सोमबार सुन्धारास्थित सिभिल मलमा आयोजित समापन समारोह नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । महोत्सवमा दीपक रौनियार निर्देशित ‘राजागन्ज : पूजा सर’ ले सर्वोत्कृष्ट अन्तर्राष्ट्रिय चलचित्रको अवार्ड जित्दै ट्रफीसहित १ हजार ५०० अमेरिकी डलर पुरस्कार प्राप्त गर्‍यो ।

राष्ट्रियतर्फ समुन्द्र भट्ट निर्देशित ‘गुन्यू चोलो : द ड्रेस’ उत्कृष्ट घोषित हुँदै १ हजार अमेरिकी डलरसहित सम्मानित भयो । यसै चलचित्रबाट समुन्द्र भट्ट उत्कृष्ट निर्देशक बन्न सफल भइन् भने नाजिर हुसेनले सर्वोत्कृष्ट नायकको अवार्ड हात पारे । त्यस्तै, चलचित्र ‘कोसेढुंगा’बाट सुरक्षा पन्त सर्वोत्कृष्ट नायिका घोषित भइन् भने सोही फिल्मका बाबु श्रेष्ठले उत्कृष्ट छायांकनको अवार्ड जिते । ‘केटी हराएको सूचना’बाट दीपेन्द्र गौचनले उत्कृष्ट पटकथाकारको अवार्ड प्राप्त गरे । दक्षिण एसियाली प्रतिस्पर्धातर्फ नेपाली भाषाको भारतीय चलचित्र ‘जार’ सर्वोत्कृष्ट घोषित भयो ।

अन्तर्राष्ट्रिय डकुमेन्ट्रीतर्फ आइसल्यान्डको ‘ग्राउन्ड बिनिथ आवर फिट’ उत्कृष्ट रह्यो भने अन्तर्राष्ट्रिय सर्ट फिल्मतर्फ इरानी चलचित्र ‘सिप’ विजेता बन्यो । एआई थिममा आधारित सर्ट फिल्म ‘स्पिरिट अफ द माउन्टेन’ पनि पुरस्कृत भयो । विद्यार्थी चलचित्रतर्फ मेक्सिकोको ‘पासारिन्हो’ उत्कृष्ट घोषित भयो । राष्ट्रिय डकुमेन्ट्रीतर्फ दीपक छोदेन लामाको ‘ होम इज नट अ प्लेस’ र राष्ट्रिय सर्ट फिल्मतर्फ सुरज पौडेलको ‘रिहाना’ विजेता बने । यी दुवैलाई ५० हजार रुपैयाँसहित ट्रफी प्रदान गरियो । डन किहोते अवार्ड इरानी फिल्म ‘माई डटर्ज हेयर’ ले प्राप्त गर्‍यो भने विभिन्न विधामा स्पेसल मेन्सन अवार्ड पनि प्रदान गरियो ।



प्रमुख अतिथि हार्तम्छालीले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा जोड्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै निफ टोलीको प्रशंसा गरे । अध्यक्ष केपी पाठकले महोत्सव सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे । यही १९ चैतबाट सुरु भएको महोत्सवले नेपाली र अन्तर्राष्ट्रिय चलचित्रबीच सांस्कृतिक आदान-प्रदान र सहकार्यको अवसर प्रदान गरेको आयोजकले जनाएको छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी